सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ पुस २०८२, सोमबार (12 Jan 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २६३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

इन्टर्नसिपका नाममा विद्यार्थीमाथि ब्रिटिस कलेजको ठगी

पैसा फिर्ता नगरे कारबाही गर्ने मन्त्रालयको तयारी



कलेज सञ्चालकलाई पत्राउ गरेर कारबाही गर्न र सम्बन्धन खारेज गर्न विद्यार्थी संगठनहरूको माग

(विस्तृत पृष्ठ ३)

दक्षिण अमेरिकामा ट्रम्प रणनीति र नेपालले सिक्नुपर्ने पाठ



अग्रलेख

● बिनोज बस्न्यात

नागरिक र साझेदारसँग साझा गरिएको स्पष्ट विदेश नीतिले नेपाललाई शक्ति राष्ट्रहरूबिच रहेको निष्क्रिय राज्यबाट क्षेत्रीय-वैश्विक मामिलामा सक्रिय सहभागी बनाउँछ

(पृष्ठ ४)

जेन-जी आन्दोलन

उत्पादनतर्फ थप १३ अर्ब ८७ करोड नोक्सानी

भौतिक क्षति ८४ अर्ब ४५ करोडसहित कुल क्षति खर्बनजिक

उत्पादनमा धेरै नोक्सानी भएका प्रमुख क्षेत्र

व्यापार : ५ अर्ब १५ करोड ९३ लाख रुपैयाँ

होटेल तथा रेस्टुरेन्ट : ५ अर्ब ८ करोड ७४ लाख रुपैयाँ

अटो व्यापार : १ अर्ब ६३ करोड ५० लाख रुपैयाँ

उद्योग प्रतिष्ठान : १ अर्ब २४ करोड २ लाख रुपैयाँ

निजी : २७ करोड ५५ लाख

४३ निजी प्रतिष्ठानबाट २९९९ ले गुमाए रोजगारी

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

विशेषतिर बहुमत

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बोलाएको विशेष महाधिवेशनमा कुल प्रतिनिधिमध्ये ५६ प्रतिशतभन्दा बढीले उपस्थित भएर हस्ताक्षर गरेको दाबी, विशेष महाधिवेशनको वैधानिकता र दाबी संख्या दुवै गलत भएको संस्थापनको टिप्पणी



विशेष महाधिवेशनका लागि काठमाडौंको भृकुटीमण्डपमा देशभरबाट उपस्थित कांग्रेस महाधिवेशन प्रतिनिधि । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

प्रेम गौतम/नयाँ पत्रिका

संस्थापन पक्षको असहमतिबिच आह्वान गरिएको कांग्रेसको विशेष महाधिवेशनमा बहुमत महाधिवेशन प्रतिनिधि सहभागी भएका छन् । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बोलाएको विशेष महाधिवेशनमा कुल प्रतिनिधिमध्ये ५६ प्रतिशतभन्दा बढीले उपस्थित भएर हस्ताक्षर गरेको पक्षधरको दाबी रहे पनि स्वतन्त्र पुष्टि भएको छैन ।

आइतबार राजधानीको भृकुटीमण्डपमा उद्घाटन भएको विशेष महाधिवेशनमा सहभागी संख्या अझै

» पृष्ठ २ मा क्रमशः

● **गगन थापा**, महामन्त्री

कांग्रेसको विधानमा महाधिवेशनभन्दा ठुलो केही होइन । महाधिवेशनले चाह्यो भने नेता पनि छान्छ, नेतृत्व पनि बदल्छ र विधान पनि बदल्छ । त्यो अधिकार राख्नेको भेला हो यो । भोलि नेताहरू हलमा आउनुहुन्छ भन्ने विश्वास छ । नेताहरू आउने-नआउने उहाँहरूको मर्जी । तपाईंहरूले नै निर्णय गर्ने हो, निर्णय गर्ने तपाईंहरूको मर्जी । म बिपीको छोरा होइन, गणेशमानको छोरा पनि होइन । मेरो शरीरमा बिपीको रगत बगेको छैन, गणेशमानको रगत बगेको छैन । तर, मसँग बिपीको विचार र गणेशमानको साहस छ । राजाको छोरा राजा हुने राजतन्त्र फालेर हामीले ल्याएको गणतन्त्रमा नेपो-बेबीहरूको राज देखेर उनीहरू रिसाएका हुन् ।

● **विश्वप्रकाश शर्मा**, महामन्त्री


विशेष महाधिवेशनबाट नयाँ पार्टी बन्छ भन्ने प्रश्न पनि छ । हामी जन्मँदा कांग्रेस थियौं, मर्दा पनि कांग्रेस भएर मर्न चाहन्छौं । कांग्रेसलाई विभाजन गर्ने होइन, टुक्र्याएर होइन, सिंगो कांग्रेससहित सिंगो देशको नेतृत्व गर्ने गरी अगाडि बढ्छौं । विशेष महाधिवेशनले जे निर्णय लिनेछ, त्यही निर्णय नै कांग्रेसको आगामी दिनको बाटो हुनेछ ।

■ विशेष महाधिवेशनले नेतृत्व चयन गरे के हुन्छ ?



● **दिनेश त्रिपाठी**, कानुन व्यवसायी

कांग्रेसको विधानअनुसार बोलाइएको विशेष महाधिवेशनले नयाँ नेतृत्व चयन गरेर जान सक्छ । त्यसलाई निर्वाचन आयोगले अद्यावधिक गर्नुपर्छ । निर्वाचनको विशेष अवस्था भएकाले अन्तरिमकालीन आदेशको आधारमा विवरण अपडेट गर्न सकिन्छ । नियमित प्रक्रियामा जाँदा त समय लाग्ने नै भयो । कांग्रेसको कारणले आमनिर्वाचन सार्न मिल्दैन । बहुमत प्रतिनिधिले गरेको निर्णयअनुसार अगाडि बढ्नुपर्ने हुन्छ ।



● **योगेन्द्र अधिकारी**, वरिष्ठ अधिवक्ता

विधानको धारा १७ को उपधारा (२) ले विशेष महाधिवेशन माग गर्न सक्ने व्यवस्था गरे पनि यसका लागि कार्यविधि बनाई बाधा-अड्काउ फुकाउनुपर्छ र त्यो अधिकार केन्द्रीय कार्यसमितिलाई मात्रै छ । यो व्यवस्था विधानको धारा ७१ मा गरिएको छ । यस अवस्थामा विशेष महाधिवेशनबाट नेतृत्व चयन गर्ने कुरा विधानसम्मत देखिँदैन ।

काठमाडौं/ विशेष महाधिवेशनले नीतिसँगै नेतृत्वसमेत चयन गरे विवाद निर्वाचन आयोग हुँदै अदालतसम्म पुग्ने देखिन्छ । नेतृत्व चयन भएपछि विशेष महाधिवेशन पक्षधर विवरण अद्यावधिकका लागि निर्वाचन आयोगमा पठाउने तयारीमा छ । विधानको व्यवस्थाअनुसार विशेष महाधिवेशन आयोजना गरिएको दाबी पक्षधरको रहँदा संस्थापन पक्षले भने अवैधानिक भन्दै आएको छ ।

हाल निर्वाचन आयोगमा सभापति शेरबहादुर देउवाको हस्ताक्षरमा समानुपातिकतर्फको बन्दसूची पेस भइसकेको अवस्थामा प्रत्यक्षतर्फ कसलाई आधिकारिक मान्ने भन्ने प्रश्न उठ्ने देखिन्छ । यस्तो अवस्थामा निर्वाचन आयोगले कुनै एक पक्षलाई मान्यता दिए अर्को पक्ष अदालत जाने सम्भावना बलियो रहेको नेताहरूको भनाइ छ ।

कांग्रेस संस्थापन पक्षका एक शीर्ष नेताले विशेष महाधिवेशनमा सहभागी प्रतिनिधिको संख्याबारे भइरहेको प्रचार झुटो भएको दाबी गरेका छन् । उनका अनुसार १४-१५ सय प्रतिनिधि मात्र सहभागी भएको संस्थापन पक्षको मूल्यांकन छ । 'अहिले सार्वजनिक गरिँदै आएको संख्या निर्वाचन आयोगमा वैधानिकता हासिल गर्ने उद्देश्यले गरिएको प्रचार मात्र हो,' उनले भने, '१४औं महाधिवेशनबाट निर्वाचित

» पृष्ठ २ मा क्रमशः

■ आइएनजिओमार्फत आउने सहायता नियमन नहुँदा राष्ट्रिय सुरक्षामा जोखिम

एनजिओ, आइएनजिओमाथि पनि छानबिन गर्दै जाँचबुझ आयोग



● **विज्ञानराज शर्मा**, प्रवक्ता, जाँचबुझ आयोग

कतिपय संघसंस्थाले सरकारलाई जानकारी नै नदिई विभिन्न देशबाट रकम ल्याएर मनपरी खर्च गर्ने देखियो । यी विषयलाई राष्ट्रिय सुरक्षासँग जोडेर छानबिन गरिरहेका छौं, समाज कल्याण परिषद्का केही अधिकारीसँग बुझ्ने काम पनि भएको छ ।

नयाँ पत्रिका

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (एनजिओ, आइएनजिओ)ले परिचालन गर्ने खर्चमाथि नियमन कमजोर हुँदा त्यसले राष्ट्रिय सुरक्षामै जोखिम देखिएको भन्दै छानबिन सुरु भएको छ । जेन-जी आन्दोलनमा भएको क्षतिसम्बन्धी छानबिन गर्न गठन भएको जाँचबुझ आयोगले यससम्बन्धी छानबिन अघि बढाएको हो ।

आयोगले एनजिओ/आइएनजिओले पछिल्ला वर्ष गरेको खर्चको विवरण झिकाएर विश्लेषण गरिरहेको छ । समाज कल्याण परिषद्का अधिकारीसँग पनि आयोगले

» पृष्ठ २ मा क्रमशः

वार्षिक ५० अर्बभन्दा बढी गर्छन् खर्च

समाज कल्याण परिषद्को तथ्यांकअनुसार नेपालमा २३० आइएनजिओ र ५१ हजार ५१३ एनजिओ छन् । सबै संस्था सक्रिय छैनन् । सक्रिय संस्थाहरूले वर्षमा ५० अर्बभन्दा धेरै खर्च गर्दै आएका छन् । ०८०/८१ मा मात्रै राष्ट्रिय तथा स्थानीयस्तरका एनजिओले ३५ अर्ब २६ करोड ८८ लाख ११ हजार ५९७ रुपैयाँ र आइएनजिओले २१ अर्ब ५८ करोड १८ लाख ५३ हजार ६०६ रुपैयाँ परिचालन गर्न परिषद्बाट स्वीकृति लिएका थिए । यसबाहेक पनि कतिपय संस्थाले परिषद् बाट स्वीकृति नै नलिई विदेशी सहयोग परिचालन गर्दै आएका छन् । यस विषयमा आयोगले सरकारलाई राष्ट्रिय सुरक्षासँग विश्लेषण गरेर सुझाव दिन लागेको हो ।

गठनको चार वर्षमै छिन्नभिन्न बन्यो नागरिक उन्मुक्ति

गठनको एक वर्षमै प्रतिनिधिसभामा तीन, तीनवटा प्रदेश सभामा ११ र स्थानीय तहमा चार प्रमुखसहित ९९ जनप्रतिनिधि निर्वाचित हुँदै क्षेत्रीय शक्तिका रूपमा उदाएको नागरिक उन्मुक्ति दोस्रो चुनावको सम्मुख आइपुग्दा तितरबितर बनेको छ, रेशम र रञ्जिता नै फरकफरक दलमा पुगेका छन्







● **रामेश्वर चौधरी**
नाउपाका प्रदेश सांसद

हामी अहिले अन्योलमा छौं । पार्टी समायोजन कसरी हुन्छ, नयाँमा जाँदा हाम्रो हैसियत के हुन्छ हेर्छौं । केन्द्रीय समितिको पनि निर्णय नआएकाले अहिले केही भन्न सक्ने अवस्था छैन ।

धनगढीमा **तेजराज भट्ट**

थारू समुदाय उत्थान, विशेष गरी ०७२ मा भएको टीकापुर घटनालाई मुद्दा बनाएर उदाएको नागरिक उन्मुक्ति पार्टी गठनको चार वर्षमै छिन्नभिन्न भएको छ । गठनको एक वर्षपछि ४ मंसिर ०७९ मा भएको चुनावमा यो दलबाट प्रतिनिधिसभामा तीन, तीनवटा प्रदेश सभामा ११ र स्थानीय तहमा चार प्रमुखसहित ९९ जनप्रतिनिधि निर्वाचित भएका थिए । तर, आगामी २१ फागुनको चुनावको सम्मुख आइपुग्दा विघटित अवस्थामा छ ।

टीकापुरमा घटनामा दोषी ठहर भएका रेशम चौधरीले आफू डिल्लीबजार कारागारमै रहेका वेला पत्नी रञ्जिता श्रेष्ठलाई अध्यक्ष बनाएर १९ पुस ०७८ मा दल खोलेका थिए । भाग लिएको पहिलो चुनावमै नागरिक उन्मुक्ति क्षेत्रीय शक्तिका रूपमा उदायो । यही शक्तिका बलमा पार्टी सरकारमा मात्रै पुगेन, सरकारको सिफारिसमा राष्ट्रपतिबाट १५ जेठ ०७९ मा रेशमले आममाफी पाएर कैदमुक्तसमेत भए ।

तर, श्रीमान्-श्रीमतीबिचको शक्ति संघर्षका कारण नागरिक उन्मुक्तिका संस्थापकहरू नै फरक-फरक कित्तामा पुगेका छन् । अध्यक्ष

» पृष्ठ २ मा क्रमशः

छातामुनि उपेन्द्र र महन्थ

पार्टीको नाम जसपा नेपाल, चुनाव चिह्न छाता

महन्थ संरक्षक, उपेन्द्र अध्यक्ष

४३ सदस्यीय केन्द्रीय समिति गठन



उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र महन्थ ठाकुर नेतृत्वको लोसपा नेपालबिच पार्टी एकता गर्ने १२ बुँदे सम्झौता भएको छ । सहमतिअनुसार ठाकुर संरक्षक र यादव अध्यक्ष रहने गरी ४३ सदस्यीय केन्द्रीय समन्वय समिति गठन भएको छ ।

दुई पार्टीबिच १३ पुसमै पार्टी एकताको सहमति भएको थियो । त्यसलगत्तै उनीहरूले पार्टीको तर्फबाट समानुपातिकतर्फका उम्मेदवारहरूको सूची निर्वाचन आयोगमा पेस गरेका थिए ।

एकीकृत पार्टीको नाम जसपा नेपाल रहनेछ । पार्टी एकता पूरा नभएसम्म केन्द्रीय समन्वय समितिले पार्टी सञ्चालन गर्ने सहमतिपत्रमा उल्लेख छ । पार्टी एकता पूरा नभएसम्म दुवै पार्टीका अन्य संगठन तथा विभागहरू आ-आफ्नो जिम्मेवारीअनुसार समन्वय समितिको मातहतमा रहेर काम गर्ने सहमतिपत्रमा उल्लेख छ ।

स्वास्थ्य बिमामा सधैं सास्ती

बिमाका कतिपय औषधि अस्पतालको फार्मेसीमा नपाएपछि बिरामी निजीमा जान बाध्य

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारको स्वास्थ्य बिमा कार्यक्रममा समेटिएको औषधि वीर अस्पतालको फार्मेसीमा नपाएपछि एक साताअघि दैलेखका १२ वर्षीय बालक अकबर खानले आमाको उपचारका लागि बाहिरको फार्मेसीबाट औषधि किने । अस्पतालले बिमाको औषधि नराखेको र आफूसँग औषधि किन्न पैसा नभएको पीडा बिसाएपछि उनलाई अभियन्ताहरूले आर्थिक सहयोग गरेका थिए । खानले सहयोगको पैसाबाट आमाका लागि बाहिर फार्मेसीमा औषधि किनेका थिए । बिमाको औषधि महँगो भएको र अस्पतालको फार्मेसीमै नपाएको दुःखसमेत सुनाएका थिए । जुन भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको थियो ।

हाल खानकी आमाको उपचार वीरमै जारी रहेको अस्पतालले जनाएको छ । सामाजिक सञ्जालमा चर्को आलोचना भएपछि अस्पतालले बिमा तथा विपन्न नागरिक उपचार कोषबाट निःशुल्क उपचार गरिरहेको छ । अस्पतालका निर्देशक डा. दिलीप शर्माले सबै प्रकारका औषधि अस्पतालमा नभएको स्विकार्दै बिमाबापतको सबै औषधि किन्न कठिन हुने बताए ।

'हामीलाई स्वास्थ्य बिमा बोर्डले ३० करोड भुक्तानी गरेको छैन, कसरी औषधि किन्नु ? कतिपय उपचारमा प्रयोग हुने औषधि स्वतः महँगो पर्छ । तर, बिमाको भुक्तानी भएको छैन । बिमा भनेर सबै सजिलो हुँदैन, सक्ने सेवा दिने हो, हामीकहाँ स्वास्थ्य जनशक्तिले कसरी काम गरिरहेका छन्, त्यो पनि त हेर्नुपऱ्यो,' उनले भने ।

स्वास्थ्य बिमा कार्यक्रम कति भद्रगोल, अव्यवस्थित र दयनीय छ भन्ने बुझ्न त्रिवि शिक्षण अस्पतालमा दाइको उपचारका लागि

» पृष्ठ २ मा क्रमशः



● अस्पतालको फार्मेसीमा बिमाअन्तर्गतका अधिकांश औषधि पाइँदैन, भएका औषधि पाउन पनि घण्टौं लाइन

● सर्भर बिग्रिरहने समस्या र पर्याप्त कर्मचारी नहुँदा सेवामा ढिलासुस्ती

बिमा रकम भुक्तानीमा टिचिङ अस्पताल र बिमा बोर्डबिच विवाद

बिमामार्फत बिरामीको उपचार गरेबापत पाउनुपर्ने रकम बिमा बोर्डले नदिएको भन्दै त्रिवि शिक्षण अस्पताल (टिचिङ)ले १ माघदेखि बिमा सेवा नै बन्द गर्ने चेतावनी दिएको छ । तर, बोर्ड भने अस्पतालले पठाएको दाबीमा कैफियत देखिएकाले भुक्तानीमा समस्या भएको दाबी गर्छ । यी दुई पक्षको विवादको मारमा बिरामी नै परेका छन् ।

टिचिङ प्रशासनले मासिक साढे चार करोडदेखि पाँच करोडसम्म बिमामा खर्च हुने दाबी गरेको छ । तर, बोर्डले घटाएर साढे दुई करोड मात्रै भुक्तानी गर्ने गरेको अस्पतालका निर्देशक डा. सुवास आचार्य बताउँछन् । 'हामी अहिले महिनाको दुई करोड ५० लाख घाटामा छौं । बोर्डबाट ५० करोड लिन बाँकी छ,' उनले भने, 'हामीले पठाएको दाबीमा बोर्डले आधा मात्रै रुजु गर्छ, अन्य भुक्तानी गर्दैनौं भन्छ । यस्तो अवस्थामा कसरी सेवा दिने । अब १ माघदेखि बन्द गर्छौं ।'

बोर्ड भने सरकारले पर्याप्त बजेट निकासा नगर्दा पनि भुक्तानीमा समस्या हुने गरेको बताउँछ । 'हामीले बिमाको भुक्तानी आफैं गर्न सक्दैनौं, सरकारले बजेट निकासा गरेपछि मात्रै भुक्तानी हुने हो । तर, सरकारबाट भुक्तानी भएको छैन,' बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेले भने, 'भुक्तानी नगर्दा हामीले पनि उनीहरूलाई नैतिक रूपमा कडी-कडाउ गर्न सकिरहेका छैनौं । बिमामा आएका बिरामीका प्रश्नहरू थुप्रै छन्, ती प्रश्न अस्पतालसँग सम्बन्धित नै छन् ।'

एनजिओ...

पृष्ठ १ बाट क्रमशः

यसबारे सोधपुछ गरेको छ। राष्ट्रिय सुरक्षासँग जोडेर विभिन्न संस्थामार्फत हुने खर्चको विश्लेषण भइरहेको आयोगका प्रवक्ता विज्ञानराज शर्मा बताउँछन्। 'कतिपय संघसंस्थाले सरकारलाई जानकारी नै नदिई विभिन्न देशबाट रकम ल्याएर मनपरी खर्च गर्ने देखियो,' उनी भन्छन्, 'यी विषयलाई राष्ट्रिय सुरक्षासँग जोडेर छानबिन गरिरहेका छौँ, समाज कल्याण परिषद्का केही अधिकारीसँग बुझ्ने काम पनि भएको छ।'

जेन-जी आन्दोलन भड्काउन कतिपय संस्थाले सहयोग गरेको आरोप लागेपछि आयोगले यो विषयमा पनि छानबिन थालेको हो। कुनै संस्थाविशेषभन्दा नीतिगत रूपमा मात्र यससम्बन्धी हेर्न लागिएको आयोगका एक अधिकारी बताउँछन्।

नेपालमा गैरसरकारी संस्थाको अपारदर्शी खर्चमाथि लामो समयदेखि प्रश्न उठ्दै आएको छ। धर्म प्रचारदेखि सामाजिक सद्भाव भड्काउनसमेत कतिपय संघ-संस्थाले लगानी गरेको देखिएको भन्दै विगतमा पनि राष्ट्रिय अनुसन्धान विभागलगायत सुरक्षा निकायले नियमन बलियो बनाउन सिफारिस गर्दै आएका छन्। नियमनकारी निकाय समाज कल्याण परिषद्को कमजोरीले विदेशबाट सहयोग ल्याउने संघसंस्थाले जथाभावी खर्च गर्दै आएको आरोप लाग्दै आएको छ। कतिपय संस्थाले विदेशमा आतंकवादको आरोप लागेका संस्थामार्फत समेत सहयोग लिने गरेको सुरक्षा निकायहरूको रिपोर्ट छ।

सुरक्षाविद् नारायण अधिकारी नेपालमा तीव्र रूपमा बढेको एनजिओ/आइएनजिओका गतिविधि केवल विकाससँग सीमित नरही, राष्ट्रिय सुरक्षा, भू-राजनीति र सामाजिक स्थायित्वसँग गाँसिएको संवेदनशील विषय भएको टिप्पणी गर्छन्। 'उपलब्ध तथ्यांक र अध्ययनहरूले देखाएअनुसार विदेशी फन्डिङ र एजेन्डाले संवेदनशील भौगोलिक क्षेत्र, पहिचान, धर्म र शरणार्थीसम्बन्धी क्षेत्रमा अनियन्त्रित पहुँचमार्फत नीति-निर्माण, सामाजिक एकता र सुरक्षा संयन्त्र कमजोर पार्ने प्रकारको भाष्य निर्माण गरिरहेको देखिन्छ,' उनी भन्छन्, 'यिनै कमजोरीसँग जोडिएको अपर्याप्त नियमन, पारदर्शिताको अभाव र कमजोर सम्पत्ति शुद्धीकरण तथा आतंकवादको वित्तीय नियन्त्रण कार्यान्वयनले केही संस्थामार्फत अवैध वित्तीय प्रवाह र सम्भावित आतंक वित्त पोषणको चिन्ता उत्पन्न भएको देखिन्छ।'

पार्टीसम्बद्ध वा नेतामुखी संस्थाले नागरिक समाजलाई स्वतन्त्र निगरानीकर्ताभन्दा राजनीतिक उपसमूहमा रूपान्तरण गर्दै लग्दा सामाजिक ध्रुवीकरण र राज्यभन्दा बाह्य संरचनाप्रतिको भरोसा बढ्ने दीर्घकालीन खतरनाक प्रवृत्ति बढ्न सक्ने उनको विश्लेषण छ। 'यस्तो परिवेशमा एनजिओ/आइएनजिओको नियमन, उच्च पारदर्शिता, सुरक्षा-भेटिङ र विदेशनीति समन्वयलाई राष्ट्रिय सुरक्षा नीतिको अनिवार्य अंग बनाउँदै, वैध नागरिक समाजको स्थान जोगाइराख्ने सन्तुलित, जोखिम-आधारित नीतिगत सुधार अत्यावश्यक बनेको छ,' अधिकारीले भने।

एनजिओ-आइएनजिओलाई गृह मन्त्रालयमातहत ल्याएर नियमनलाई कसिलो बनाउने गृहकार्य विगतमा पनि भएको थियो। छाता कानुन बनाउन गत वर्ष गृह मन्त्रालयले सहसचिव रामचन्द्र तिवारीको संयोजकत्वमा समिति बनाए पनि कानुनको मस्यौदा अघि बढ्न सकेन। हाल समाज कल्याण ऐन, २०४९, संस्था दर्ता ऐन, २०३४ र राष्ट्रिय निर्देशन ऐन, २०१८ अन्तर्गत एनजिओ/आइएनजिओ सञ्चालन हुँदै आएका छन्। यी ऐनअनुसार गृह मन्त्रालयलाई नियमनको अधिकार सीमित छ। कानुन संशोधनमा पनि गृह मन्त्रालयले एनजिओको दबाब झेल्दै आएको छ।

विशेषतिर...

पृष्ठ १ बाट क्रमशः

बढ्ने दाबी आयोजक पक्षको छ। संस्थापन पक्षले भने विशेष महाधिवेशन वैधानिकता र दाबी गरिएको संख्या दुवै गलत भएको टिप्पणी गरेको छ। यस्तै दाबी कायम रहे कांग्रेस वैधताको विवाद निर्वाचन आयोग हुँदै सर्वोच्च अदालतसम्म पुग्ने सम्भावना छ।

कांग्रेसका कुल चार हजार ७४३ महाधिवेशन प्रतिनिधिमध्ये दुई हजार ६६२ जनाले हस्ताक्षर गरिसकेको विशेष महाधिवेशन सचिवालयका सदस्य युवराज पाण्डेयले बताए। उनका अनुसार कोशी प्रदेशबाट ४२५, मधेशबाट ४४६, बागमतीबाट ४३२, गण्डकीबाट २९६, लुम्बिनीबाट ३९८, कर्णालीबाट १३४, सुदूरपश्चिमबाट १५८, उपत्यकाबाट १७८ तथा भ्रातृ, शुभेच्छुक र जनसम्पर्कतर्फबाट १९५ प्रतिनिधि सहभागी भएका छन्। सोमबार बिहान ८ बजेदेखि पुनः दर्ता प्रक्रिया सुरु हुने र प्रदेश तथा भ्रातृ-शुभेच्छुक संगठनअनुसार छुट्टाछुट्टै दर्ता स्थल राखिएको पाण्डेयले बताए।

यसअघि गत २९ असोजमा ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गरेका थिए। कांग्रेस विधानको धारा १७ (२) अनुसार ४० प्रतिशत प्रतिनिधिले माग गरेमा तीन महिनाभित्र विशेष महाधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ। तर, संस्थापन पक्षले प्रक्रिया अघि नबढाएपछि महामन्त्रीद्वय थापा र शर्माको अगुवाइमा दुईदिने विशेष महाधिवेशन आह्वान गरिएको हो। आइतबार उद्घाटन सत्र सम्पन्न भएको छ भने सोमबार बन्दसत्र हुने कार्यक्रम छ।

उद्घाटन सत्रमा यसअघि संस्थापन पक्षमा रहेका केही नेताहरूको समेत सहभागिता रहेको छ। पदाधिकारीतर्फ महामन्त्रीद्वय थापा र शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुर सहभागी छन्। तर, सभापति देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का, उपसभापति धनराज गुरुङ, सहमहामन्त्रीहरू उमाकान्त चौधरी, महालक्ष्मी उपाध्याय 'डिना', भीष्मराज आङ्दम्बे, महेन्द्र यादव, किशोरसिंह राठौर, बद्री पाण्डे, जीवन परियार र कोषाध्यक्ष उमेश श्रेष्ठ भने विशेष महाधिवेशनमा गएनन्।विशेष महाधिवेशनमा पूर्वउपसभापति गोपालमान श्रेष्ठ, पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसी, पूर्वमहामन्त्री तथा पूर्वसभामुख तारानाथ रानाभाट पनि सहभागी भएका छन्। यस्तै, केन्द्रीय सदस्यहरू प्रदीप पौडेल, चन्द्र भण्डारी, विनोद चौधरी, भरत शाह, बहादुरसिंह लामा, प्रतिमा गौतम, प्रकाश स्नेही, उदयशमशेर राणा, अजयबाबु सिवाकोटी, ध्रुव वाग्ले, अर्जुन जोशी, डा. डिला संग्रौला, पुष्पा भुसाल, महेश आचार्य, तारामान गुरुङ, मधु आचार्य, मुक्ता यादव, आङगेलु शेर्पा, अमृत अर्याल, गोपाल दहित, मोहन आचार्य, महेन्द्र राय, चीनकाजी श्रेष्ठ, कर्णबहादुर बुढा, जानकी सिंह, अब्दुल सतार, नानु बाँस्तोला, योगेन्द्र चौधरीलगायत नेता विशेष महाधिवेशनमा सहभागी भएका छन्।

कसले के भने ?

कांग्रेस महामन्त्री गगन थापाले महाधिवेशनभन्दा ठुलो केही नभएको भन्दै महाधिवेशनले चाहे नीति र नेता बदल्ने संकेत गरेका छन्। महाधिवेशन उद्घाटन सत्रमा प्रमुख वक्ताका रूपमा सम्बोधन गरेका थापाले भने, 'कांग्रेसको विधानमा महाधिवेशनभन्दा ठुलो केही होइन। महाधिवेशनले चाह्यो भने नेता पनि छान्छ, नेतृत्व पनि बदल्छ र विधान पनि बदल्छ। त्यो अधिकार राख्नेको भेला हो यो।' उनले सोमबार बन्दसत्रमा सभापति, कार्यवाहक सभापतिलगायतका नेताहरू पनि उपस्थित हुने विश्वास राखे।

'भोलि नेताहरू हलमा आउनुहुन्छ भन्ने विश्वास छ। नेताहरू आउने-नआउने उहाँहरूको मर्जी। तपाईंहरूले नै निर्णय गर्ने हो, निर्णय गर्ने तपाईंहरूको मर्जी,' थापाले भने। थापाले नीति र नेतृत्व परिवर्तनको विषय उठाउँदा उद्घाटनस्थल तालीले गुन्जिएको थियो।

कांग्रेसलाई ठिक ठाउँमा उभ्याउनका लागि आफूहरू लागेको उनले जिकिर गरे। कांग्रेस ठिक ठाउँमा रहँदा मात्रै देशप्रतिको जिम्मेवारी पूरा गर्न सकिने उनले बताए। थापाले आफ्नो शरीरमा बिपी कोइराला र गणेशमान सिंहको रगत नबगे पनि उनीहरूको विचार र साहस रहेको बताए। 'म बिपीको छोरा होइन, गणेशमानको छोरा पनि होइन। मेरो शरीरमा बिपीको रगत बगेको छैन, गणेशमानको रगत बगेको छैन। तर, मसँग बिपीको विचार र गणेशमानको साहस छ,' कांग्रेसमा संस्थापनतिर देखिएका नेतापुत्रलाई लक्षित गर्दै उनले भने।

राजाको छोरा राजा हुने व्यवस्था फाले पनि नेताको छोरा नेता हुने स्थितिले जनता रिसाएको पनि बताए। 'राजाको छोरा राजा हुने राजतन्त्र फालेर हामीले ल्याएको गणतन्त्रमा नेपो-बेबीहरूको राज देखेर उनीहरू रिसाएका हुन्। र, आमनागरिकको त्यो रिस जेन-जी आन्दोलनका क्रममा सडकमा पोखिएको हो,' थापाले भने, 'जनता हामीसँग व्यक्तिगत रूपमा रिसाएका होइनन्, यहाँको भ्रष्टाचार र कुशासन देखेर रिसाएका हुन्।'

उद्घाटन सत्रमा अर्का महामन्त्री विश्वप्रकाश शर्माले विशेष महाधिवेशनले गर्ने निर्णय नै कांग्रेसको आगामी बाटो हुने दाबी गरे। उनले कांग्रेस विभाजन गर्ने नभई सिंगो कांग्रेससहित देशको नेतृत्व गर्ने गरी अगाडि बढ्ने बताए। 'विशेष महाधिवेशनबाट नयाँ पार्टी बन्छ भन्ने प्रश्न पनि छ। हामी जन्मिँदा कांग्रेस थियौँ, मर्दा पनि कांग्रेस भएर मर्न चाहन्छौँ। कांग्रेसलाई विभाजन गर्ने होइन, टुक्र्याएर होइन, सिंगो कांग्रेससहित सिंगो देशको नेतृत्व गर्ने गरी अगाडि बढ्छौँ,' महामन्त्री शर्माले भने, 'विशेष महाधिवेशनले जे निर्णय लिनेछ, त्यही निर्णय नै कांग्रेसको आगामी दिनको बाटो हुनेछ।'

नेता प्रदीप पौडेलले विधानलाई केन्द्रीय समितिले नभई विधानले पार्टीका सबै संरचनालाई निर्देशित गर्ने बताए। नेतृत्व रक्षाका निम्ति कांग्रेसको भविष्य समाप्त पार्ने कि कांग्रेसको रक्षाका निम्ति नेतृत्व फेर्ने भन्ने विषय मुख्य भएको उनले बताए। 'विशेष महाधिवेशन विधानले निर्देशित गरेको विषय हो। विधानलाई केन्द्रीय समितिले निर्देशित गर्न सक्दैन। कांग्रेसका सबै संरचनालाई विधानले निर्देशित गर्न सक्छ। नेतृत्व रक्षाका निम्ति कांग्रेसको भविष्य समाप्त पार्ने कि कांग्रेसको रक्षाका निम्ति नेतृत्व फेर्ने ?' उनले भने, 'कांग्रेस सच्चिएर आयो भन्ने सन्देश महाधिवेशनले दिनुपर्छ।'

संस्थापन पक्षकी केन्द्रीय सदस्य पुष्पा भुसालले निर्वाचनअघि नै महाधिवेशन गर्न संस्थापन पक्षलाई आग्रह गर्दा पनि नमानेपछि निराश भएर फर्किनुपरेको बताइन्। विशेष महाधिवेशन सफल पार्न आफूसहित ३० जना संस्थापन पक्षका नेता सहभागी भएको उनले बताइन्। केन्द्रीय सदस्य विनोद चौधरीले कांग्रेसलाई नयाँ ऊर्जा, नयाँ दिशा र नयाँ नेतृत्वका साथ अगाडि बढाउन आग्रह गरे। 'दुवै महामन्त्रीलाई बधाई दिन चाहन्छु, तपाईंहरू अगाडि बढ्नुस्, अधुरो ठाउँमा नछाड्नुस्। कांग्रेसलाई नयाँ ऊर्जा, नयाँ दिशा र नयाँ नेतृत्व दिनुस्।'

पूर्वउपसभापति गोपालमान श्रेष्ठले इतिहासको ब्याज मात्रै खाएर अब भविष्य नचल्ने बताए। शैली बदलेर युवालाई अगाडि सार्नुपर्ने उनले बताए। नेता डा. शेखर कोइरालानिकट नेता तथा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्कीले विशेष महाधिवेशनमा नआउनेलाई पनि कांग्रेसले समेटेर अगाडि बढ्ने बताए। नेता कोइरालाको सन्देश लिएर आफू विशेष महाधिवेशनमा सहभागी भएको उनको दाबी छ।

स्वास्थ्य बिमामा...

पृष्ठ १ बाट क्रमशः

आएका प्युठानका महेश्वर थापाको समस्या पनि काफी छ। उनी दाइलाई अस्पतालले डिस्चार्ज गरेपछि औषधि किन्न अस्पतालको फार्मेसीमा लाइन लागिरहेका थिए। चार सयको औषधि किन्न उनलाई दुई घण्टासम्म लाइन बस्नुपर्‍यो।

'बिमाबाट औषधि किन्नुपर्‍यो भनेर आएको, तर दुई घण्टादेखि लाइनमा छु,' उनले भने, 'बिमामा उपचार गर्न आउनेलाई कर्मचारीले समेत राम्रो व्यवहार गर्दैनन्, तुच्छ ठान्छन्। आफ्नै पैसा खर्च भएजस्तो व्यवहार कर्मचारीको हुन्छ।'

वीरमा भेटिएका अर्का सेवाग्राही सप्तरीका मुकेश खानको गुनासो पनि समान छ। 'बुवाको ढाडमा समस्या भएर उपचार गराउन आएको हुँ, बिमा सेवाका लागि लामो लाइन बस्नुपरेको छ,' उनले भने। वीरका निर्देशक डा. शर्मा छुट्टै कर्मचारी राखेर छरितो सेवा दिन सकिने अवस्था नै नरहेको बताउँछन्।

बिमामा आबद्ध बिरामीलाई बिमा सेवा लिन कठिन हुनुको एक मुख्य कारण हो, यसको सर्भर डाउन हुनु। बाहिर बिरामी लाइनमा हुन्छन्, भित्र सर्भर डाउन भएर काम ढिला भइरहेको हुन्छ। यसले पनि बिमा कार्यक्रमप्रति निराशा बढ्दो छ। तर, पछिल्लो समय मर्मत गरेर सर्भरको समस्या सल्ट्याइएको बिमा बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्ले बताउँछन्।

उपचारका लागि पुगेका बिरामी बिमा सेवा लिँदा थप बिरामी पर्छन्। घन्टौँसम्म लाइन लाग्नुपर्ने, सर्भर बिग्रने समस्या, महँगो र बिमामा समेटिएका सबै औषधि नपाइने, बिमा सेवा लिँदा अनेकौँ कागजात चाहिनेलगायत झन्झटका कारण बिरामी आजित हुने गरेका छन्। हालसम्म ७५० स्थानीय तहमा पुगेको यो कार्यक्रम ५१० बिमा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले दिँदै आइरहेका छन्। तर पनि यस सेवामा बिरामीले गुनासै-गुनासा गर्न थालेका छन्।

बिमा बोर्डका अध्यक्ष डा. रघुराज काफ्ले स्वास्थ्य बिमा कार्यक्रमको दायित्व बोर्डको मात्र नरहेको बताउँदै अन्य निकायले पनि दायित्वबोध गर्नुपर्ने बताउँछन्। 'बिमा गर्नेको संख्या हरेक वर्ष बढिरहेको छ, तर सरकारबाट भुक्तानी समयमै हुन सकेको छैन, बिमाको सेवालाई प्रभावकारी बनाउने दायित्व बोर्डको मात्रै होइन,' उनले भने, 'बिमासँग जोडिएका सबै निकायहरूले आ-आफ्नो दायित्व पूरा गरे भने बिमा व्यवस्थित बन्न सक्छ, अन्यथा समस्या कायमै रहन्छन्।' उनका अनुसार बिमा बोर्डको सेवालाई सहज पार्न एक हजार जनशक्ति चाहिन्छ। तर, हाल ३१५ मात्रै छ। त्यसमध्ये अधिकांश कर्मचारी बिमाको दाबी भुक्तानीको रुजुमै खटिन्छन्।

स्वास्थ्य बिमाअन्तर्गत १२ सय ८४ औषधि राखिएको छ। तर, त्यसमध्ये ७५० प्रकारका औषधि मात्रै स्वास्थ्य संस्थामा पाइन्छ। अन्य औषधि नपाउँदा बिरामीहरू निजीमै धाउनुपर्छ। औषधि खरिद गर्ने जिम्मा अस्पतालकै रहेको बिमा बोर्ड बताउँछ। तर, अस्पतालहरू बोर्डले समयमै भुक्तानी नगरेकाले बजेट अभावमा बिमाले तोकेका सबै औषधि राख्न नसकेको बताउँछन्।

त्रिवि शिक्षण अस्पतालका निर्देशक डा. सुवास आचार्य बिमाको भनेर छुट्टै औषधि नराखिएको बताउँछन्। 'हामीले बिमाको भनेर छुट्टै औषधि राखेका छैनौँ, यहाँ लगभग सबै प्रकारको औषधि पाइन्छ,' उनले भने, 'तर त्यसरी बिमाकै लिस्टअनुसारको औषधि भनेर राखेका छैनौँ।'

गठनको चार...

पृष्ठ १ बाट क्रमशः

रञ्जिताले नागरिक उन्मुक्तिलाई नेपाली कम्युनिस्ट पार्टीसँग एकीकरण गर्ने सहमति गरिसकेकी छिन्। औपचारिक एकीकरण हुन भने बाँकी छ। रेशमले कबिर सोबको नेतृत्वमा गत २६ कात्तिकमा नागरिक उन्मुक्ति नेपाल नामक अर्को दल दर्ता गराइसकेका छन्। वरिष्ठ उपाध्यक्ष दामोदर पण्डित, प्रदेश सांसद लक्ष्मणकिशोर चौधरी तथा ठाकुरसिंह थारू, कोमल ज्ञवालीलगायत नेताहरू २१ पुसमा रास्वपातिर लागेका छन्।

रेशम र रञ्जिता नै एक नदीका दुई किनार हुँदा नेताहरू फरकफरक बाटोमा लागेका छन्। तर, तल्लो तहका नेता/कार्यकर्ता र समर्थक भने अन्योलमा छन्। कतिपय जनप्रतिनिधिसमेत पर्ख र हेरको अवस्थामा छन्।

थारू लेखक संघका अध्यक्ष कृष्णराज सर्वहारी रेशम र रञ्जिताको व्यक्तिगत महत्त्वाकांक्षाले नागरिक उन्मुक्ति पार्टी छिन्नभिन्न बनेको बताउँछन्। 'रेशम चौधरी जेलमा हुँदासम्म नागरिक उन्मुक्ति पार्टी ठिकठाक चलिरहेको थियो। तर, जेलबाट छुटेपछि उनमा शक्तिको महत्त्वकांक्षा पलायो। श्रीमतीलाई अध्यक्ष बनेको देखिसक्नुभएन। मन्त्री रहेकी श्रीमतीलाई पावरफूल देख्नु भो। आफैँ अध्यक्ष बनेर शक्तिको अभ्यास गर्न खोज्नुभयो, त्यहीँबाट विवादको बीजारोपण भयो,' उनी भन्छन्, 'रञ्जिताले पनि पार्टी जोगाउन कम्प्रमाइज गर्न खोज्नुभएन। पार्टी जोगाउन पद त्याग गर्नुपरे पनि गर्छु भन्ने देखिएन। न मिलाएर लैजान नै सक्नुभयो।'

नागरिक उन्मुक्तिबाट निर्वाचित कैलालीका चार पालिका प्रमुखमध्ये टीकापुर नगरपालिकाका मेयर रामलाल डगौरा खुलेरै पार्टी एकताको पक्षमा देखिएका छन्। ५३ सदस्यीय सुदूरपश्चिम प्रदेश सभामा सात सांसद रहेको नागरिक उन्मुक्ति चौथो ठुलो हो। कानुनी रूपमा पार्टी त्याग गर्न नमिल्ने भए पनि केही सांसद रेशमको नयाँ दल नागरिक उन्मुक्ति पार्टी नेपाल नजिक देखिएका छन्। प्रदेश सांसद लक्ष्मणकिशोर काठमाडौँमा रास्वपाको पार्टी प्रवेश कार्यक्रमको मञ्चमै थिए। यद्यपि, कानुनी झमेला हुन सक्ने भएकाले पछि उनले पछि रास्वपा प्रवेश नगरेको दाबी गरेका छन्।

प्रदेश सांसद रामेश्वर चौधरी आफूहरू अहिले माउविनाको चल्लाजस्तै भएको बताउँछन्। 'हामी अहिले अन्योलमा छौँ। पार्टी समायोजन कसरी हुन्छ, नयाँमा जाँदा हाम्रो हैसियत के हुन्छ हेर्छौँ,' उनले भने, 'केन्द्रीय समितिको पनि निर्णय नआएकाले अहिले केही भन्न सक्ने अवस्था छैन।'

पार्टी गठनमा २१ जना केन्द्रीय सदस्य थिए। उनीहरूमध्येकै दुई नेता आलोक चौधरी र आसिन चौधरी रेशमको पार्टीमा लागेका छन्। 'पार्टीका नेताहरू तीनतिर लागे। तल्ला तहका नेता/कार्यकर्ता र समर्थकमा अलमल हुनु स्वाभाविक हो,' नागरिक उन्मुक्ति कैलालीका एक नेताले भने, 'पार्टीले उठाएको थारूलगायत समुदायको मुद्दा छोड्यो। श्रीमान्-श्रीमतीबिचकै झगडाले पार्टी छिन्नभिन्न अवस्थामा पुग्यो।' उनका अनुसार दुईजनाको विवादले केही नेता/कार्यकर्ता पहिले नै निष्क्रिय बनेका थिए। ०७४ को निर्वाचनमा क्षेत्र नम्बर १ बाट रेशम फरार अवस्थामै निर्वाचित भएका थिए। तर, पछि अदालतमा आत्मसमर्पण गरेपछि कारागार चलान भएका उनी सदनमा जान पाएनन्।

रेशम जेलमुक्त भएसँगै ०८० पुसमा पार्टीको अधिवेशन गराएर आफू अध्यक्ष बनेपछि दुईजनाबिच विवादको सुरुवात भएको थियो। यद्यपि, रेशम नेतृत्वको कार्यसमितिलाई निर्वाचन आयोगले मान्यता दिएन। रेशमले हालै गठन गरेको नागरिक उन्मुक्ति पार्टी नेपालका अध्यक्ष कबिर सोब विगतमा नागरिक उन्मुक्ति पार्टीमा जोडिएका नेता/कार्यकर्ता र समर्थक अहिले आफूहरूसँग जोडिन थालेको दाबी गर्छन्।

नाउपा नेपालले विगतमा नाउपा गठन हुँदा उठाएको थारूलगायत पिछडिएको समुदायको मुद्दा लिएर संगठन विस्तार गरिरहेको उनले बताए। नाउपा नेपाल, राष्ट्रिय मुक्ति पार्टी र जसपाले एउटै चुनाव चिह्न लिएर आगामी निर्वाचनमा जाने तयारीमा छन्।

नेता रामलाल डगौरा भने नेकपासँगको एकताले नेता/कार्यकर्ता उत्साहित रहेको दाबी गर्छन्। जनाधार नभएका एक/दुई नेता रास्वपातिर जाँदैमा पार्टीलाई कुनै असर नपर्ने उनको भनाइ छ। 'रेशमप्रति सहानुभूति होला, तर हाम्रा नेता/कार्यकर्ता हामीसँगै छन्। अरूतिर गएका छैनन्,' डगौराले भने, 'निर्वाचित सबै जनप्रतिनिधि हामीसँगै हुनुहुन्छ। पार्टीले एकताको संस्थागत निर्णय गरिसकेपछि कानुनी र नैतिक रूपमा पनि जनप्रतिनिधि अन्य पार्टीमा जान मिल्दैन।'

विशेष महाधिवेशनले...

पृष्ठ १ बाट क्रमशः

नेतृत्वलाई विधि र विधानविपरीत कसैले हटाउन सक्दैन। विशेष महाधिवेशनको प्रक्रिया नै गलत भएकाले कांग्रेसको वैधानिकता १४औँ महाधिवेशनबाट चयन भएको नेतृत्वमै रहन्छ।'

कांग्रेस विभाजित हुँदा विशेष महाधिवेशन पक्षले रुख चिह्नमा चुनाव लड्न नपाउन सक्छ। महामन्त्रीद्वयले विधानको धारा १७(२) मा टेकेर विशेष महाधिवेशन बोलाएका छन्। बहुमतले नेतृत्व चयन गर्न सक्ने विशेष महाधिवेशन पक्षधरको दाबी छ। यद्यपि, विशेष महाधिवेशनले नेतृत्व चयन गर्छ कि गर्दैन भन्ने विषय अहिलेसम्म प्रस्ट छैन।

महाधिवेशन प्रतिनिधिको पहलमा आयोजना भएको विशेष महाधिवेशन भएकाले एजेन्डा र कार्यविधि बन्दसत्रले नै तय गर्ने जनाइएको छ। नीति र नेतृत्व दुवै चयन गर्ने गरी एजेन्डा अघि बढाइने नेताहरूले बताएका छन्। उद्घाटन सत्रलाई सम्बोधन गर्दै अगुवा नेता गुरुराज घिमिरेले पहिलो जिम्मेवारी नेतृत्व परिवर्तन रहेको बताए। महामन्त्री गगनकुमार थापाले विशेष महाधिवेशनले नीति र नेता दुवै परिवर्तन गर्ने दाबी गरे। 'विशेष महाधिवेशन विशेष हुन्छ। यसले नीति र नेता दुवै परिवर्तन गर्छ,' थापाले भनेका छन्।

उद्घाटन सत्रअघि राजधानीका विभिन्न स्थानबाट निकालिएको र्‍यालीमा सहभागीहरूले 'विशेष महाधिवेशन के भन्छ, गगन-विश्व ले भन्छ' भन्ने नारा लगाएका थिए। यसले पनि विशेष महाधिवेशनतर्फ बहुमत प्रतिनिधि उभिएको सन्देश दिएको नेताहरूको भनाइ छ।

कांग्रेसको विधानको धारा १७(२) मा केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यले कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा त्यसको तीन महिनाभित्रमा विशेष महाधिवेशन बोलाउनुपर्नेछ भन्ने उल्लेख छ। तर, संस्थापन पक्षले महाधिवेशन बोलाउन माग गर्दा नियमित वा विशेष महाधिवेशन भनिएकाले नियमित महाधिवेशनको निर्णय भएको दाबी गरेको छ।

विधानअनुसार बोलाइएको विशेष महाधिवेशनको ५१ प्रतिशत प्रतिनिधिले नीतिसँगै नेतृत्व पनि चयन गर्न सक्ने कानुन व्यवसायी दिनेश त्रिपाठी बताउँछन्। विशेष महाधिवेशनले नेतृत्व चयन गरेमा त्यसले मान्यता पाउने उनी बताउँछन्। 'कांग्रेसको विधानअनुसार बोलाइएको विशेष महाधिवेशनले नयाँ नेतृत्व चयन गरेर जान सक्छ। त्यसलाई निर्वाचन आयोगले अद्यावधिक गर्नुपर्छ। निर्वाचनको विशेष अवस्था भएकाले अन्तरिमकालीन आदेशको आधारमा विवरण अपडेट गर्न सकिन्छ,' उनी भन्छन्, 'नियमित प्रक्रियामा जाँदा त समय लाग्ने नै भयो। कांग्रेसको कारणले आमनिर्वाचन सार्न मिल्दैन। बहुमत प्रतिनिधिले गरेको निर्णयअनुसार अगाडि बढ्नुपर्ने हुन्छ।'

अर्का कानुन व्यवसायी योगेन्द्र अधिकारीले सभापतिको पद रिक्त नभएकाले विशेष महाधिवेशनले नेतृत्व परिवर्तन गर्न नसक्ने तर्क गरेका छन्। उनका अनुसार विशेष महाधिवेशनका आवेदकहरूले मागपत्रमा नेतृत्व परिवर्तन तथा केन्द्रीय कार्यसमितिको निर्वाचनको माग गरे पनि ती माग पूरा हुन सम्बन्धित पदहरू पहिला रिक्त हुनुपर्ने व्यवस्था विधानमै छ। 'विधानको धारा २६ को उपधारा (२) मा केन्द्रीय कार्यसमितिले सभापतिको राजीनामा स्वीकृत गरेमा उपसभापतिले कार्यवाहक सभापतिको रूपमा कार्यभार सम्हाल्ने र ६ महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन बोलाई सभापतिको निर्वाचन गर्ने व्यवस्था छ,' उनले भने, 'तर, अहिले सभापतिले कार्यवाहक तोकेको भए पनि राजीनामा दिएको अवस्था छैन। अर्थात् उहाँले चाहे कार्यवाहक फिर्ता लिएर आफैँ कार्यभार सम्हाल्न सक्नुहुन्छ।' विधानअनुसार कुनै पनि पदको निर्वाचन गर्न त्यही पद रिक्त भएको हुनुपर्ने उनको भनाइ छ। तर, हाल निर्वाचन गरिनुपर्ने माग गरिएको सभापति तथा केन्द्रीय कार्यसमितिका कुनै पनि पद रिक्त छैनन्। 'यस अवस्थामा विशेष महाधिवेशनबाट नेतृत्व चयन गर्ने कुरा विधानसम्मत देखिँदैन,' अधिकारीको भनाइ छ। अधिकारीले विधानको धारा १७ को उपधारा (२) ले विशेष महाधिवेशन माग गर्न सक्ने व्यवस्था गरे पनि विशेष महाधिवेशन कसरी सञ्चालन गर्ने, त्यसको कार्यकाल कति हुने भन्नेबारे स्पष्ट व्यवस्था नरहेको बताए। 'यसका लागि कार्यविधि बनाई बाधा-अड्काउ फुकाउनुपर्छ र त्यो अधिकार केन्द्रीय कार्यसमितिलाई मात्रै छ,' उनले भने, 'यो व्यवस्था विधानको धारा ७१ मा गरिएको छ।'

केन्द्रीय कार्यसमितिको म्याद मंसिरमै सकिएर कार्यकाल थपिएको र नियमित महाधिवेशनको कार्यतालिका आइसकेको अवस्थामा विशेष महाधिवेशनबाट नेतृत्व चयन भए त्यसले मान्यता पाउने विषयमा गम्भीर शंका रहेको अधिकारीले बताए। यस्तो अवस्थामा विवाद निर्वाचन आयोग हुँदै अदालतसम्म पुग्ने सम्भावना रहेको उनको निष्कर्ष छ।

ऐनको व्यवस्था के छ ?

विशेष महाधिवेशनले नेतृत्व हेरफेर गरे राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ अनुसार निर्वाचन आयोगलाई जानकारी दिनुपर्नेछ। उक्त दफाको उपदफा १ अनुसार दलले आफ्नो नाम, विधान, नियम, छाप, झन्डा वा चिह्नमा भएको परिवर्तन वा संशोधन, पदाधिकारीको हेरफेर र आयोगले तोकेबमोजिमका अन्य विषयको जानकारी ३० दिनभित्र आयोगलाई दिनुपर्नेछ।

उपदफा (२) अनुसार उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि आयोगले तत् सम्बन्धमा आवश्यक अध्ययन र जाँचबुझ गर्दा त्यस्तो काम-कारबाही संविधान, यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम र दलको विधानबमोजिम भए-गरेको पाइएमा नाम, विधान, नियम, छाप, झन्डा वा चिह्नको हकमा त्यसको अभिलेख राख्नुपर्नेछ र पदाधिकारी हेरफेर भएको भए तोकिएबमोजिम अद्यावधिक गरी राख्नुपर्नेछ भन्ने उल्लेख छ। उपदफा ३ अनुसार उपदफा (१) बमोजिम दिइएको जानकारी पदाधिकारीको हेरफेरसँग सम्बन्धित भए आयोगले दल दर्ता किताबमा सम्बन्धित दलको विवरणमा सोहीबमोजिम हेरफेर गरी अद्यावधिक गर्नुपर्नेछ।

राजनीतिक दलसम्बन्धी ऐनको परिच्छेद ९ को दफा ४३ मा विवादको निरूपण गर्ने व्यवस्था छ। दुई वा दुईभन्दा बढी दलबिच वा एउटै दलमा दुई वा दुईभन्दा बढी पक्षहरूबिच विवाद उत्पन्न भएमा त्यस्तो विवादको निरूपण आयोगबाट हुने उल्लेख छ। दलको नाम, दलको छाप, विधान, झन्डा वा चिह्न र दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकताको विषय विवाद निरूपण आयोगबाट टुंगो लगाउनुपर्छ।

दफा ४४ मा विवाद निरूपणसम्बन्धी कार्यविधिको व्यवस्था छ। जसको उपधारा (१) मा भनिएको छ, दफा ४३ बमोजिम दलको नाम, छाप, झन्डा वा चिह्नसम्बन्धी विवाद भए त्यस्तो नाम, छाप, विधान, झन्डा वा चिह्न दाबी गर्ने दलले र दलको पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकतासम्बन्धी विवाद भए त्यस्तो पदाधिकारी, पक्षले दलको केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता दाबी गर्ने समितिको ४० प्रतिशत सदस्यको हस्ताक्षरसहित विवाद प्रारम्भ भएको ३० दिनभित्र आयोगसमक्ष आधार तथा प्रमाणसहित दाबी पेस गर्नुपर्नेछ।

उपदफा २ मा भनिएको छ- आयोगले उपदफा (१) बमोजिमको दाबीका सम्बन्धमा लिखित जवाफ पेस गर्नका लागि त्यस्तो दाबी तथा प्रमाणको प्रतिलिपि संलग्न गरी अर्को पक्षलाई १५ दिनको सूचना दिनुपर्नेछ।

उपदफा ३ अनुसार उपदफा (२) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो अवधिभित्र सम्बन्धित पक्षले आफ्नो लिखित जवाफ र त्यसलाई पुष्टि गर्ने आधार तथा प्रमाण पेस गर्नुपर्नेछ। तर, त्यस्तो अवधिभित्र लिखित जवाफ पेस गर्न नसकेमा सम्बन्धित पक्षको अनुरोधमा लिखित जवाफ पेस गर्न आयोगले १० दिन म्याद थप गर्न सक्नेछ।

उपदफा ४ मा उपदफा (३) बमोजिमको अवधिभित्र लिखित जवाफ पेस भएपछि र लिखित जवाफ पेस नभएकोमा लिखित जवाफ पेस गर्नुपर्ने अवधि समाप्त भएपछि आयोगले विवादका सम्बन्धित पक्षहरूलाई आपसी सहमतिबमोजिम विवाद निरूपण गर्ने प्रयोजनका लागि आयोगमा उपस्थित हुन अवधि तोकी सूचना दिनेछ।

उपदफा ५ मा उपदफा (४) बमोजिमको अवधिभित्र विवादका पक्षहरू उपस्थित भई विवाद निरूपण गर्न सहमत भएमा आयोगले पक्षहरूबिच कायम भएको सहमतिबमोजिम विवाद निरूपण गर्नेछ।

उपदफा ६ अनुसार उपदफा (५) बमोजिम सहमति कायम हुन नसकेमा आयोगले उपदफा (१) र (३) बमोजिमको दाबी, लिखित जवाफ र प्रमाणसहितको आधारमा कुनै एक पक्षलाई मान्यता दिन सकिने रहेछ भने सोहीबमोजिम र त्यसरी मान्यता दिन सकिने रहेनछ भने उपदफा (१) बमोजिम आयोगमा दाबी पेस गर्नुअघि त्यस्तो दलका तर्फबाट आयोगमा पेस भएको केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरूमध्ये जुन पक्षसँग त्यस्तो समितिका पदाधिकारी र सदस्यको बहुमत रहेको छ त्यस्तो पक्षलाई विवाद उत्पन्न हुनुअघिको दलको हैसियतमा मान्यता दिई अर्को पक्षलाई छुट्टै राजनीतिक दलको रूपमा मान्यता दिई दर्ता गर्न सक्नेछ।

उपदफा ७ अनुसार उपदफा (६) बमोजिम निर्णय गर्दा कुनै पक्षको बहुमत नदेखिएमा आयोगले विवादका पक्षबाट पेस भएका प्रमाण, सम्बन्धित दलको विधान र अन्य सम्बद्ध कुराबमोजिम निर्णय गर्नुपर्नेछ। दफा ४५ मा सुनुवाइको व्यवस्था छ। उपदफा १ अनुसार दफा ४४ को उपदफा (६) वा (७) बमोजिम विवाद निरूपण गर्दा आयोगले विवादका पक्षहरूको सुनुवाइ गर्नुपर्नेछ। उपदफा २ अनुसार उपदफा (१) को प्रयोजनका लागि आयोगमा तत्काल कायम रहेको प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त रहेको इजलास हुनेछ। तर, काबुबाहिरको परिस्थिति परी कुनै निर्वाचन आयुक्त उपस्थित हुन नसकेको कारणले मात्र सुनुवाइ गर्ने काममा बाधा परेको मानिनेछैन। उपदफा ३ अनुसार उपदफा (१) बमोजिम सुनुवाइमा विवादका पक्षले आफ्नो कानुन व्यवसायी मुकरर गरी उपदफा (२) बमोजिमको इजलाससमक्ष बहस पैरवी गराउन सक्नेछन्। उपदफा ४ अनुसार सुनुवाइ गर्दा आयोगले विवादका पक्षलाई सुनुवाइ हुने दिनभन्दा कम्तीमा सात दिनअगावै सूचना दिनुपर्नेछ। त्यसरी सूचना दिइएकोमा सम्बन्धित पक्षको प्रतिनिधि सुनुवाइको बखत उपस्थित हुन सक्नेछ। तर, त्यस्तो प्रतिनिधि उपस्थित नभएको कारणबाट मात्र सुनुवाइ गर्नमा बाधा पर्नेछैन। उपदफा ५ अनुसार यस परिच्छेदबमोजिम विवादको सुनुवाइ गर्दा यस दफाको व्यवस्थाका अतिरिक्त आयोगले अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्नेछ। उपदफा ६ मा यस दफाबमोजिमको सुनुवाइसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने उल्लेख छ।

दफा ४६ मा निर्णय गर्नुपर्ने विषय छ। जुन दफाको उपदफा १ अनुसार आयोगले सुनुवाइ गरी निर्णय गर्दा दफा ४४ बमोजिम लिखित जवाफ पेस भएकोमा लिखित जवाफ पेस भएको मितिबाट र जवाफ पेस नभएकोमा पेस गर्ने अवधि नाघेको मितिबाट ४५ दिनभित्र निर्णय गर्नुपर्नेछ। उपदफा २ अनुसार उपदफा (१) बमोजिम आयोगले गरेको निर्णय अन्तिम हुनेछ। आयोगको निर्णयमा चित्त नबुझे अदालत जाने बाटो खुला हुनेछ।

उक्त दफामा दलले आफ्नो नाम, विधान, नियम, छाप, झन्डा वा चिह्नमा भएको परिवर्तन वा संशोधन, पदाधिकारी हेरफेर र आयोगले तोकेबमोजिमका अन्य विषयको जानकारी ३० दिनभित्र आयोगलाई दिनुपर्ने भनिएको छ। त्यसरी आएको जानकारी तथा काम-कारबाहीबारे आयोगले आवश्यक अध्ययन र जाँचबुझ गरेर संविधान, ऐन, नियम तथा दलको विधानबमोजिम पाइए सम्बन्धित दलको विवरणमा आयोगले अद्यावधिक गर्छ।

चुनावको मुखमा पार्टीको आन्तरिक विवाद चर्किएको अवस्थामा एक पक्षबाट विवरण अद्यावधिक गर्न आयोगलाई समेत कठिन हुने सम्भावना छ। विशेष महाधिवेशन पक्षधरले दिएको विवरण गलत भन्दै अर्को पक्ष आयोगमा पुगेमा दलको मान्यतासम्बन्धी विवादको निरूपण गर्नुपर्नेछ। आयोगको निर्णय चित्त नबुझेमा दलको वैधानिकतासम्बन्धी विवाद अदालतसम्म पुग्नेछ। यो अवस्थामा दलको वैधानिकताको विषयले आगामी २१ फागुनको निर्वाचनसमेत प्रभावित हुने सम्भावना रहन्छ।

Khanikhola Rural Municipality
Office of the Rural Municipal Executive
Salmechakal, Kavrepalanchok
Bagmati Province, Nepal

Invitation for Sealed Quotation

Date of Publication: 2082/09/28 (2026/01/12)

1. Khanikhola Rural Municipality invites Sealed Quotation from registered suppliers for the procurement of Medicine and Surgical Items.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO egp system www.bolpatra.gov.np/egp and bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document as mentioned in table below in the following bank.
   Name of the Bank : Nepal SBI Bank Ltd.
   Name of Office : Khanikhola Rural Municipality
   GA 1.1 ANTARIK RAJASWA KHATA no . : 43195241207004
3. Electronic bids must be submitted to the office of Khanikhola Rural Municipality through PPMO website www.bolpatra.gov.np./egpon or before 12:00 noon on 2082/10/13 (2026/01/27). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2082/10/13 (2026/01/27)at the office of Khanikhola Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as mentioned below which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit the bid amount in Bank:
   Name of the Bank : Nepal SBI Bank Ltd.
   Name of Office : Khanikhola Rural Municipality
   KHANIKHOLA GAUPALIKA GA-3 DHARAUTI KHATA no : 43125240600003
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

SQ No.	Name of Project	Total Estimated Amount Rs.	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)
KRM-G-01-2082/2083	PROCUREMENT OF MEDICINE AND SURGICAL ITEMS	11,87,895 /- (Without PS and Contingency)	30,000 /-	1,000 /-

Chief Administrative Officer

इन्टर्नसिपका नाममा विद्यार्थीमाथि ब्रिटिस कलेजको ठगी

पैसा फिर्ता नगरे कारबाही गर्ने शिक्षा मन्त्रालयको तयारी

कलेज सञ्चालकलाई पत्राउ गरेर कारबाही गर्न र सम्बन्धन खारेज गर्न विद्यार्थी संगठनहरूको माग

शिवहरि घिमिरे/नयाँ पत्रिका

विद्यार्थीलाई इन्टर्नसिपका नाममा विदेश पठाएर ठगी गरेको भन्दै शिक्षा मन्त्रालयले दी ब्रिटिस कलेजलाई कारबाहीको तयारी गरेको छ। शिक्षामन्त्री महावीर पुनले छानबिन गर्दा कलेजकै लापरबाही र कमजोरी भेटिएको बताए। कलेजले विद्यार्थीसँग पैसा असुल्न विभिन्न लोभलालच देखाएको र सम्झौता गरेभन्दा फरक ढंगले दुबईमा इन्टर्नसिपमा पठाएको उनको भनाइ छ।

मन्त्री पुनका अनुसार कलेजले विद्यार्थीलाई विदेश पठाएर अलपत्र पारेको स्विकारिसकेको छ। 'छानबिन गर्दा कलेजको नै कमजोरी देखियो, अब विद्यार्थीको पैसा फिर्ता गर्नुहोस् तथा अन्य कमजोरी सल्टाउन भनेर निर्देशन दिइसकेका छौं,' उनले भने, 'छानबिनमा कलेजकै दोष भेटाएपछि उनीहरू तर्सिएका हुन्। अहिले उनीहरूले विद्यार्थी फकाउन थालेका छन्। कलेजले विद्यार्थीलाई इन्टर्नसिप र विदेशको सपना देखाएर भर्ना गरेको र शुल्क लिएको रहेछ। विद्यार्थीलाई भुक्याएर मार्केटिङ गरेको पाइयो। यदि उसले आफूले गरेको गल्ती महसुस गरेन भने थप एक्सन लिन्छौं।'

ठगिएका विद्यार्थी एक महिनाअघिदेखि नै शिक्षा मन्त्रालय धाउन थालेको मन्त्री पुनले बताए। पहिलो चरणमा मन्त्रालयले विद्यार्थीसँग विवरण संकलन गरेको थियो। दोस्रो चरणमा २३ पुसमा विद्यार्थी र कलेज प्रशासनलाई सँगै राखेर छलफल गरेको थियो। साथै, मन्त्रालयले कलेज र विद्यार्थीसँग त्यससँग सम्बन्धित कागजात माग गरेर छानबिनसमेत गरेको थियो। शुक्रबार छानबिन सकिएपछि शिक्षामन्त्री पुनले विद्यार्थी र कलेज प्रशासनलाई सँगै राखेर दुई पक्ष मिल्न र विद्यार्थीलाई न्याय हुने गरी सम्झौता गर्न कलेज प्रशासनलाई निर्देशन दिएका थिए।

ब्रिटिस कलेजले गत २३ भदौमा होटेल म्यानेजमेन्टका १९ विद्यार्थीलाई दुबई पठाएर अलपत्र पारेको थियो। विद्यार्थीलाई प्रयोगात्मक सिकाइका लागि भन्दै पैसा असुलेर दुबईमा अलपत्र पारेको भन्दै अभिभावकहरूले १५ पुसमा कलेजको गेट तोडफोडसमेत गरेका थिए। कलेजले एउटा काम भनेर दुबई पुऱ्याएको र त्यहाँ पुगेपछि भनेजस्तो काम नभएपछि १० विद्यार्थी १५ मंसिरमा नेपाल फर्किएका थिए। उनीहरूले कलेजले इन्टर्नसिपको नाममा तनाव दिएको भन्दै शिक्षा मन्त्रालयमा निवेदन दिएका दिए।

कलेजको कमजोरी देखिएपछि विद्यार्थीको पैसा फिर्ता गर्नेलगायतको निर्देशन शिक्षा मन्त्रालयले दिएको छ। अन्य नौजना भने आफैंले अन्यत्र काम खोजेर उतै छन्। नेपाल फर्किएर आउन थप खर्च लाग्ने भएकाले उनीहरू गएको पैसा र टिकट शुल्क उठाउन काममा लागेका हुन्। कलेजले दुबई लैजान प्रतिविद्यार्थी सात लाख रुपैयाँ लिएको थियो। कलेजले इन्टर्नसिप सकिएपछि त्यहींबाट बेलायत जान पाइने भनेर विद्यार्थीलाई प्रलोभनसमेत देखाएको थियो। ब्रिटिस कलेज विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपालमा सञ्चालित कलेज हो। यसबारे कुरा गर्न खोज्दा कलेज प्रशासन सम्पर्कमै आएन।



● शिक्षामन्त्री **महावीर पुन** भन्छन्-

कलेजले आफूले गरेको गल्ती महसुस गरेन भने एक्सन लिन्छौं



छानबिन गर्दा कलेजको नै कमजोरी देखियो, अब विद्यार्थीको पैसा फिर्ता गर्नुहोस् तथा अन्य कमजोरी सल्टाउन भनेर निर्देशन दिइसकेका छौं। छानबिनमा कलेजकै दोष भेटाएपछि उनीहरू तर्सिएका हुन्। अहिले उनीहरूले विद्यार्थी फकाउन थालेका छन्। कलेजले विद्यार्थीलाई इन्टर्नसिप र विदेशको सपना देखाएर भर्ना गरेको र शुल्क लिएको रहेछ। विद्यार्थीलाई भुक्याएर मार्केटिङ गरेको पाइयो। यदि उसले आफूले गरेको गल्ती महसुस गरेन भने थप एक्सन लिन्छौं।

दुबईको पाँचतारे होटेलमा इन्टर्न गराउने सम्झौता

विद्यार्थीलाई भर्ना गर्ने क्रममै कलेजले दुबईको पाँचतारे होटेलमा इन्टर्न गराउने भनेर सम्झौता गरेको थियो। सोहीअनुसार भदौमा उनीहरूलाई दुबई पठाएको थियो। तर, दुबई पुग्दा कलेजले भनेजस्तो थिएन। विद्यार्थीलाई भनिएजस्तो होटेल थिएन। त्यहाँ गएर उनीहरूलाई उल्टै खोजेर काम गर्नुपर्ने भयो। कलेजले नाम दिएको होटेलसँग कुनै पनि सम्झौता गरेको थिएन। जबकि विद्यार्थीलाई त्यहाँको पाँचतारे होटेल भनेर मार्केटिङ गरेको थियो। भनेअनुसारको काम नभएको, तल्लो स्तरको काममा लगाएको, श्रमिक परिचयपत्र बनाएर आफैं काम खोज भनेर उल्टै कलेजले धम्क्याएपछि दुबई पुगेका विद्यार्थी आफ्नै पैसा नेपाल फर्किएका थिए। कतिपय हवाई भाडा नभएकाहरू उतै काम खोजेर बसेका छन्। 'भर्ना गर्ने वेलामा कलेजले हामीलाई यहाँ इन्टर्नसिपमा पठाउँछौं भनेर सम्झौता गरेको थियो, होला त नि भन्ने भयो। सैद्धान्तिक कुरा पछेर सकिँदै थियो, अब इन्टर्नसिपमा जानुपर्ने थियो, कलेजले हामीलाई दुबई पठाउने तयारी गऱ्यो, त्यहाँको फाइभ स्टार होटेलको नाम र फोटो पनि देखायो, तर हामीलाई जे भनेको थियो, त्यहाँ पुग्दा उल्टो भयो,' एक पीडित विद्यार्थीले सुनाए, 'हामीले त्यहाँ पुगेर सोध्दा सम्झौता भएकै छैन भनेर होटेलले भन्यो। त्यसपछि हामीले भौंतारियौं, केहीले घरबाट पैसा मागेर टिकट काटेर फर्किनुभयो, केही अझै उतै काम खोजेर बस्नुभएको छ, त्यस्तो भुक्याउने कलेज बन्द हुनुपर्छ भन्ने हाम्रो माग हो।'

विद्यार्थीद्वारा कलेजको सम्बन्धन खारेज गर्न माग

कलेजले ठगी गरेको, उल्टै धम्क्याएको, दुबईमा लगेर अलपत्र पारेको भन्दै विद्यार्थीले कलेजको सम्बन्धन खारेज गर्न माग गरेका छन्। उनीहरूले यसअघि पनि कलेजले यसैगरी भुक्याउने गरेको, बढी शुल्क असुल्ने गरेकोलगायत विवरण शिक्षा मन्त्रालयलाई दिएका छन्। 'कलेज प्रशासनले हाम्रो समस्या समाधानमा कुनै चासो दिएन, शिक्षा मन्त्रालयसँग तीन-चारपटक बैठक बस्यौं, तर कलेज सञ्चालकले जे गर्छौं गर भनेर धम्क्याइरहेका छन्,' एक पीडित विद्यार्थीले भने, 'त्यसकारण अब कलेजको सम्बन्धन खारेज गर्नुपर्छ भन्ने हाम्रो माग हो, किनभने कलेजले हामीलाई दुर्व्यवहारसमेत गरेको छ, कलेजको गेटबाट भित्र छिर्न दिएको छैन, कर्मचारीहरू धम्क्याउँछन्, हामीले कलेजको बदमासीको अन्त्य होस् भन्ने चाहेका छौं, उसले हामीसँग लिएको सबै रकम फिर्ता गर्नुपर्छ।'

इन्टर्नसिपको प्रलोभन देखाएर दुबईमा लगेर विद्यार्थीलाई अलपत्र पारेको भन्दै १२ वटा विद्यार्थी संगठनले ब्रिटिस कलेजको सम्बन्धन खारेज हुनुपर्ने माग राखेका छन्। आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै विद्यार्थी संगठनहरूले कलेजले अवैध कार्यक्रम चलाएको, विद्यार्थीसँग चर्को शुल्क असुल गरेको, फरक कोर्स पढाएको भन्दै कलेज सञ्चालन अनुमति रद्द गर्न माग गरेका हुन्। कलेजको ज्यादतीविरुद्ध उत्रिनेमा अनेरास्ववियु, अखिल (समाजवादी), अखिल (क्रान्तिकारी), समाजवादी विद्यार्थी युनियन, अखिल (छैटौं), अखिल नेपाल विद्यार्थी फेडेरेसन, जनपक्षीय विद्यार्थी युनियन नेपाल, अखिल पाँचौंलगायत छन्। उनीहरूले कलेजले विद्यार्थीलाई टर्चरसमेत दिने गरेकाले शिक्षा मन्त्रालयको ध्यानाकर्षणसमेत गराएका छन्।

नेपालीभाषी गायक प्रशान्त तामाङको निधन



नयाँ पत्रिका

गायक तथा अभिनेता प्रशान्त तामाङको निधन भएको छ। आइतबार बिहान भारतको नयाँदिल्लीस्थित निवासमा हृदयाघातका कारण उनको निधन भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। नेपाली चलचित्रकर्मी राजेश घतानीले तामाङको निधन भएको जानकारी दिए।

४३ वर्षीय प्रशान्त भारतीय सोनी टिभीले सञ्चालन गर्दै आएको गायन रियालिटी शो इन्डियन आइडलमा सन् २००७ मा विजेता बनेका थिए। ४ जनवरी १९८३ मा भारतको दार्जिलिङमा जन्मिएका प्रशान्त भारतीय प्रहरीअन्तर्गत कोलकातामा जागिरे थिए। उनले जागिरे जीवनमा रहँदै इन्डियन आइडलमा भाग लिएर विजेता बनेका थिए।

उनले केही नेपाली चलचित्रमा अभिनयसमेत गरेका छन्। सन् २०१० मा रिलिज भएको नारायण रायमाझी निर्देशित 'गोर्खा पल्टन' प्रशान्तको पहिलो चलचित्र थियो, जुन व्यावसायिक रुपमा सफल भएको थियो। यसपछि उनले 'अंगालो यो माया', 'परदेशी' जस्ता चलचित्रमा अभिनय गरे। उनी पछिल्लोपटक चलचित्र 'पहिचान' मा देखिएका थिए।

बुबाको निधनपछि उनले परिवारको आर्थिक जिम्मेवारी बोक्न कोलकाता पुलिसमा जवान पदमा जागिरसमेत खाएका थिए। तर, लामो समयसम्म बिदामा बसेको कारण देखाउँदै ०७१ मा भारतीय प्रहरीले उनलाई सेवाबाट बर्खास्त गरेको थियो। त्यसपछि गायन र अभिनयमा सक्रिय रहेका उनले एक सयभन्दा बढी गीतमा आवाज दिएका छन्। 'मन साइँली', 'जाउँला रेलैमा सरर', 'सिरिमा सिरी बतासै चल्यो', 'अरे क्यानम्', 'रातो रानी', 'असारे महिनामा' जस्ता थुप्रै गीत गाएका उनी पछिल्लो समय गायनभन्दा अभिनयमा सक्रिय थिए। चर्चित भारतीय सिरिज 'पाताल लोक २' मा उनले स्नाइपरको भूमिकामा गरेका थिए।

प्रशान्तले बलिउड फिल्ममा समेत अभिनय गरेका छन्। उनले गत महिना मात्र बलिउड अभिनेता सलमान खानसँग फिल्म 'ब्याटल अफ गलवान'मा काम गरेका थिए। यो फिल्म आगामी १७ अप्रिलमा रिलिज हुँदैछ। आफ्नो पहिलो बलिउड फिल्म हेर्न नपाउँदै उनी अस्ताएका छन्। उनको निधनले नेपाली चलचित्र क्षेत्र स्तब्ध बनेको छ। कोरोनाकालमा उनले आमा गुमाएका थिए। त्यसपछि प्रशान्तले बहिनीलाई सवारी दुर्घटनामा गुमाएका थिए।

वेदकोटका स्थानीयले ६० वर्षपछि पाए लालपुर्जा

कञ्चनपुर/ कञ्चनपुरको वेदकोट नगरपालिका- ८ का स्थानीयले ६० वर्षपछि जग्गाधनी पुर्जा पाएका छन्। दुई वर्षअघि ७० र अहिले ६१ स्थानीयले आफ्नो जग्गाको लालपुर्जा पाएको वेदकोट नगरपालिका- ८ कार्यालयले जनाएको छ। जमिन उपभोग गरेको वर्षौंपछि वेदकोट- ८ का १३१ स्थानीयले जमिनको स्वामित्व पाएका हुन्। वेदकोट नगरपालिका- ६ का ३१ स्थानीयले पनि लालपुर्जा पाएका छन्। ०२२ यता पहाडसहित अन्यत्र जिल्लाबाट साबिक सुडा पञ्चायत, गाविस हुँदै हाल वेदकोट नगरपालिका- ८ मा धेरै मानिस बसाइँ सरी आएका थिए। वेदकोट नगरपालिका- ८ का वडाध्यक्ष महेशराज जोशीले लामो समयको प्रतीक्षापछि १३१ स्थानीयलाई लालपुर्जा वितरण गरिएको बताए। वडाबाट २१३ किसानलाई लालपुर्जा वितरणका लागि सिफारिस गरे पनि जिल्ला भूमि आयोगले पहिलो चरणमा ७० र अहिले ६१ किसानलाई मात्रै लालपुर्जा वितरण गरेको उनले बताए।

स्थानीयलाई खुकुरी देखाएर आतंकित बनाउने वडाध्यक्षलाई उन्मुक्ति

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता **हरिबहादुर बस्नेत** भन्छन्-

हामीले वडाध्यक्षलाई खुकुरीसहित घटनास्थलबाट रंगेहात नियन्त्रणमा लिएका हौं। नियन्त्रणमा लिएपछि स्वास्थ्य परीक्षणलगायत भयो। २४ घण्टा नियन्त्रणमा राख्यौं। नियन्त्रणमा लिएको २४ घण्टाभन्दा बढी समय राख्ने अधिकार छैन, कसैबाट जाहेरी नआएपछि आफन्तको जिम्मा लगाएर छाडेको हो।

कास्कीमा **रोहितराज पराजुली**

स्थानीयलाई खुकुरी देखाएर आतंक सिर्जना गर्ने पोखरा महानगरपालिका- ३३ का वडाध्यक्ष रामचन्द्र अधिकारीलाई प्रहरीले उन्मुक्ति दिएको छ। गत शुक्रबार पोखरा- ३३ स्थित झाँक्री खोलामा ल्यान्डफिल साइट निर्माणका विषयमा भएको विवादमा वडाध्यक्ष अधिकारीले खुकुरी देखाएका थिए। प्रहरीले तत्कालै घटनास्थलबाट खुकुरीसहित उनलाई रंगेहात पक्राउ गरेको थियो। प्रहरीले कसैको उजुरी नआएको भन्दै वडाध्यक्षलाई त्यसै छाडेको हो।

ल्यान्डफिल साइट निर्माणको विपक्षमा रहेका स्थानीयले शुक्रबार नाराबाजीसँगै वडा कार्यालयको मूलगेट र वडाध्यक्षको कार्यकक्षमा ताला लगाएका थिए। स्थानीयले तालाबन्दी गरेपछि गाडीमा आएका वडाध्यक्ष अधिकारी र स्थानीयबिच विवाद भएको थियो। विवादकै बिचमा वडाध्यक्षले आफूले लगाएको ज्याकेटको चेन खोली खुकुरी निकालेका थिए। 'बिहान कुरा गरेर गएको होइन, अनि किन तालाबन्दी र नाराबाजी गरेको, को हो यहाँ ताला लगाउने, नराबाजी गर्ने देखाइदिउँ' भन्दै खुकुरी निकालेर स्थानीयलाई प्रहार गर्न लाग्दा सँगै रहेको प्रहरीले तत्कालै समातेका कारण कुनै अप्रिय घटना भएन। वडाध्यक्षले खुकुरी प्रदर्शन गरेपछि आफूहरूको सुरक्षा हुनुपर्ने भन्दै स्थानीय शुक्रबार नै जिल्ला प्रशासन कार्यालय पुगेका थिए।



रामचन्द्र अधिकारी

'हामीले वडाध्यक्षलाई खुकुरीसहित घटनास्थलबाट रंगेहात नियन्त्रणमा लिएका हौं। नियन्त्रणमा लिएपछि स्वास्थ्य परीक्षणलगायत भयो। २४ घण्टा नियन्त्रणमा राख्यौं। नियन्त्रणमा लिएको २४ घण्टाभन्दा बढी समय राख्ने अधिकार छैन, कसैबाट जाहेरी नआएपछि आफन्तको जिम्मा लगाएर छाडेको हो,' जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता हरिबहादुर बस्नेतले भने।

खुकुरी प्रदर्शन गर्ने वडाध्यक्षलाई प्रहरीले त्यसै छाडेपछि स्थानीय झन् त्रसित बनेका छन्। ल्यान्डफिल साइट निर्माणसँगै जग्गा खरिद बिक्रीमा बिचौलिया प्रवेश गरेकाले समस्या आएको हो। यसअघि पोखरा- १४, बाच्छे बुदुवामा ल्यान्डफिल साइट रहेकोमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि बन्द भएको थियो। सञ्चालनमा रहेको ल्यान्डफिल साइट बन्द भएपछि पोखराको फोहोर अस्थाही रूपमा ६ महिनाको समय तोकेर पोखरा-३२ स्थित लामेआहालमा लगेर फाल्न सुरु गरिएको थियो। ६ महिनाका लागि भनिएकोमा करिब साढे तीन वर्ष हुन लाग्दासमेत स्थायी साइट तयार हुन सकेको छैन। फोहोरसमेत लामेआहालमा फाल्ने गरिएको छ।

जंगली हात्ती आक्रमणबाट पीडित परिवारलाई नगदसहित खाद्यान्न

लहान/ सिराहाको लहान नगरपालिका- १६ आरिदमार गाउँमा नौ दिनअघि जंगली हात्तीको आक्रमणबाट पीडित १० परिवारलाई नगरपालिकाले तत्कालीन राहतस्वरूप नगदसहित खाद्यान्न उपलब्ध गराएको छ। नगर प्रमुख महेशप्रसाद चौधरीले आइतबार आरिदमार गाउँका १० जना पीडित परिवारलाई राहतस्वरूप प्रतिपरिवार ५० किलो चामल, हात्तीले तोडफोड गरेको घर मर्मतका लागि नगद १० हजार रुपैयाँ हस्तान्तरण गरे।

'चुरो क्षेत्रको बस्तीमा जंगली हात्तीको समूहले गरेको क्षतिको तुलनामा राहत सामग्री न्यून हो,' उनले भने, 'तर, दुःखको समयमा स्थानीय सरकार पनि आफ्नो नागरिकसँगै छ भन्ने अनुभूति दिलाउन सहयोग उपलब्ध गराइएको हो।'

पीडितलाई खाद्यान्नसहित नगद वितरणसँगै उनले हात्तीको आक्रमण हुँदा ११ दिनेको सुत्केरी रहेकी स्थानीय निरुता थापामगरसहित स्थानीय १५ जना वृद्धवृद्धालाई न्यानो सिरक उपलब्ध गराए। त्यसलगत्तै नगर प्रमुख चौधरीले लहान- १६ को विकट मानिने बरदमार, भसुवा खुलाले गाउँका ४५ जना वृद्धवृद्धा, असहायलाई एक-एक थान फाइबरको न्यानो सिरक वितरण गरे।

हात्तीको समूहले १८ र १९ पुसको राति स्थानीय १० घर तोडफोडसहित घरमा राखिएको अन्नपात, बारीको फलफूल, केरा, तरकारीसमेत खाइदिएर क्षति पुऱ्याएको वेलामा नगरले दिएको सहयोगले थोरै भए पनि राहत भएको पीडित जालबहादुर थापामगरले बताए। उनका अनुसार लगातार दुई रातसम्म हात्तीको समूहले वितण्डा मच्चाउन थालेपछि ११ दिने सुत्केरीसहित गाउँलेहरूले बस्तीनजिकैको आरिदमार जंगलमा आश्रय लिएर ज्यान जोगाएका थिए।

लहान- १६ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरका अनुसार हात्तीको समूहले स्थानीय जालबहादुरसहित भूपाल नाम्जाली मगर, भक्तबहादुर मम्राङ्गी, रमित बलम्पाकी, सहबहादुर बलम्पाकी, सन्तोष गौतम, हरि थापामगर, दुर्गबहादुर थापा, रामबहादुर थापा र लालबहादुर थापामगरको घर तोडफोड गरी अन्नपात खानुका साथै करेसाबारीमा लगाएको तरकारी बाली नष्ट गरेको थियो।

विशेष महाधिवेशन प्रतिनिधिको चाहना : एकीकृत पार्टीमा नयाँ नेतृत्व

बहुमत प्रतिनिधिले नेतृत्व फेरेकै कारण पार्टीमा देखिने कानुनी जटिलता र उम्मेदवार छनोटको आधिकारिता विवादले पार्टी, निर्वाचन, लोकतन्त्र र संविधानमै असर पुऱ्याउला कि भन्ने चिन्ता, अन्तिममा भए पनि सभापति शेरबहादुर देउवाले सहमतिका लागि अग्रसरता देखाउने अपेक्षा

शुरोजंग पाण्डे/नयाँ पत्रिका

नवलपुर- २ का जीवलाल जीवन पाठक उमेरले उत्तरार्द्धमा छन्। कांग्रेस पुनर्जागरणका लागि नीतिसँगै नेतृत्वमा नयाँ अनुहार खोजिरहेका ७१ वर्षीय पाठक युवा जोस र आशा बोकेर विशेष महाधिवेशनमा सामेल छन्। तर, ०५९ मै फुटको नमिठो झट्का अनुभव व्यहोरिसकेका पाठक विशेष महाधिवेशनको अन्तिम घडीमा भए पनि नेतृत्वले पार्टी बचाउन सुझबुझ देखाउने आशामा छन्।

'नेतृत्वले हेलचेक्र्याइँ गरेकै कारण विधानतः माग गरिएको हस्ताक्षरलाई प्रक्रियागत रूपमा टुंगोमा लैजानकै लागि विशेष महाधिवेशन बाध्यतावश गर्नुपरेको हो। त्यसैले विधानको बाटो हिँड्दा पार्टी फुट्दैन, झन् बलियो हुन्छ,' महाधिवेशन प्रतिनिधि पाठकले नयाँ पत्रिकासँग भने, 'तर नेतृत्व परिवर्तन गर्ने कि नगर्ने हलले नै तय गर्ने भएकाले अन्तिममा सहमतिको वातावरण बनेर पार्टी फुटबाट जोगिन पनि सक्छ।'

पाठकजस्तै, महोत्तरी-२ का महाधिवेशन प्रतिनिधि सुशीलकुमार यादव पनि नेतृत्व फेरियोस्, तर पार्टी नफुटोस् भन्ने अपेक्षासहित महाधिवेशनमा सामेल छन्। पाठक र यादवजस्तै महाधिवेशनमा सामेल बहुसंख्यक प्रतिनिधि नेतृत्व फेर्ने चट्टानी अडानमा दृढ देखिन्छन्। तर, उनीहरू बहुमत प्रतिनिधिले नेतृत्व फेरेकै कारण पार्टीमा देखिने कानुनी जटिलता र उम्मेदवार छनोटको आधिकारिता विवादले पार्टी, निर्वाचन, लोकतन्त्र र संविधानमै असर पुऱ्याउला कि भन्ने चिन्तामा छन्। उनीहरू अन्तिममा भए पनि सभापति शेरबहादुर देउवाले सहमतिका लागि अग्रसरता देखाउने आशामा छन्।



विशेष महाधिवेशन स्थलमा नाम दर्ता गर्दै महाधिवेशन प्रतिनिधि। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

पाठकले विगतमा गिरिजाप्रसाद कोइरालाले विशेष महाधिवेशन गर्दा गणेशमानले किसुनजीलाई महाधिवेशनस्थल पठाएर सहमति निर्माण गरेको र सुवर्णशमशेर सभापति भएका वेलामा २०१२ सालमा पनि गिरिजाप्रसाद कोइरालासहित बसेरै सहमति निर्माण गरेकाले पार्टी फुटबाट जोगिएको दृष्टान्तसमेत प्रस्तुत गरे। 'नेतृत्व चयन हुन पनि सक्छ, नहुन पनि सक्छ किनभने सोमबार कार्यवाहक सभापतिलाई पठाएर सभापति शेरबहादुर देउवाले सहमति निर्माण गर्न पनि सक्नुहुन्छ। यसरी जाँदा पार्टी फुट्दै फुट्दैन,' पाठकले पार्टी एकताको आशा राख्दै भने।

ओखलढुंगाबाट प्रतिनिधित्व गर्दै महाधिवेशनमा सहभागी चक्र कार्कीले भने बहुमत प्रतिनिधिले विधानअनुसार नीति र नेतृत्वको सवालमा गर्ने निर्णयका कारण पार्टी फुट्छ भन्नु नै गलत भएको जिकिर गरे। 'विशेष महाधिवेशनमा प्रतिनिधिहरूको बहुमत पुगिसकेको छ। अब बहुसंख्यक प्रतिनिधिले नै कार्यविधि बनाएर विधान कार्यान्वयन गर्दै नीति र नेतृत्वबारे निर्णय लिएकै कारण पार्टी फुट्छ भन्नु गलत छ,' कार्कीले भने, 'बहुमत महाधिवेशन प्रतिनिधिले जेन-जी आन्दोलनसँगैको परिवर्तनसमेत आत्मसात गरेर नयाँ नेतृत्व चुनेर कांग्रेसलाई नयाँ ढंगले पुनर्जागृत गर्दै अगाडि बढाउनेछन्।'

उनले समयको पदचाप बुझ्ने नयाँ नेतृत्वसहितको कांग्रेसले मात्रै मुलुकलाई नयाँ दिशा दिन सक्ने बताए।

महोत्तरी २ का यादवले हस्ताक्षर गर्ने प्रतिनिधिहरूको चाहना नै पार्टीमा नयाँ नेतृत्व ल्याउने भएका कारण पार्टीमा नयाँ सभापति चुनेर मात्रै फर्किने योजना रहेको बताए। 'अब आउने नयाँ नेतृत्वले मात्रै कांग्रेसभित्रको सबै बेथिति अन्त्य गरेर पार्टीलाई पुनर्जागृत गर्छ,' उनले नयाँ पत्रिकासँग भने।

महोत्तरीकै क्षेत्र नम्बर ४ बाट प्रतिनिधित्व गरिरहेका ललनकुमार सिन्हाले विशेष महाधिवेशनबाट नयाँ नेतृत्व फेरिँदैमा चुनाव प्रभावित नहुने दाबी गरे। 'चुनाव गराउने काम सरकारको हो, हाम्रो काम चुनावी तयारी हो, त्यो हामी गर्छौं। तर, विधानसम्मत ढंगले भएका कामका कारण चुनाव प्रभावित हुन्छ भन्नु हास्यास्पद हुन्छ, किनभने लोकतन्त्र भनेकै बहुमतको निर्णय र त्यसअनुसारको प्रक्रियालाई आत्मसात गर्नु हो।'

झापा-१ का प्रतिनिधि अशोककुमार पोखरेलले विधानसम्मत आह्वान गरिएको विशेष महाधिवेशनको हल नै सर्वोच्च थलो भएकाले बहुमत प्रतिनिधिले परिवर्तन गर्ने नेतृत्व नै वैध हुने बताए। 'संसारभरि कानुन र विधानहरूकै आधारमा प्रक्रियालाई पछ्याएर बहुमतबाटै नेतृत्व परिवर्तन गरिन्छ, त्यसैले विशेष महाधिवेशनले वैधानिक बाटोलाई निरन्तरता दिने भएकाले कांग्रेसले पुरानो नेतृत्वले गरेका निर्णय जसरी वैध हुन्छन्, त्यसैगरी अब आउने नयाँ नेतृत्वले प्रक्रियासम्मत ढंगले गर्ने काम पनि वैध नै हुनेछ,' उनले भने।

नेपाल बार एसोसिएसनका पूर्वकेन्द्रीय उपाध्यक्षसमेत रहेका उनले नेतृत्वको वैधताका विषयमा अदालतमा मुद्दा परेकै अवस्थामा पनि उसले कानुनअनुसार नै फैसला गर्ने भएकाले बहुमतको आधारमा चुनिने नयाँ नेतृत्व र उसले गर्ने काम नै वैध हुने दाबीसमेत गरे। झापा १ बाट सामेल अर्का प्रतिनिधि प्रेम सम्बाहाम्फेले महाधिवेशनले पार्टी संगठनलाई संस्थागत, ऊर्जाशील र जनमुखी बनाउने बताए। 'जनमुखी पार्टी भएपछि कार्यकर्ताहरूमा पनि आत्मविश्वास बढ्छ र आगामी दिनमा पार्टीले उचाइमा पुग्ने गरी उपलब्धिहरू पनि हासिल गर्छ,' सम्बाहाम्फेले नयाँ नेतृत्वले पार्टीलाई पुनर्जागृत गर्ने विश्वास राख्दै भने।

तीनपटक क्षेत्रीय सभापतिको नेतृत्व सम्हालिसकेका कास्की २ का निर्मलप्रसाद कर्माचार्यले विशेष महाधिवेशनबाट पार्टी फुट्छ भन्ने भ्रम फिँजाएर पार्टीलाई पुरानै निरंकुश तरिकाबाट चलाउन खोजिएको आरोप लगाए। 'हामी त सबैको भावना बुझ्ने अरूभन्दा लोकतान्त्रिक शक्ति हौं। तर, अहिले विशेष महाधिवेशनका कारण पार्टी फुट्छ भन्ने भ्रम फिँजाएर पुरानो नेतृत्वले निरंकुश ढंगले पार्टी चलाउन खोजिरहेको छ,' उनले जिकिर गरे, 'त्यसैले समयअनुसार जसले नीति र विचारलाई आत्मसात गर्छ, उही नेता हुन्छ भन्ने नियम सबैले बुझ्नु जरुरी छ।' जेन-जी आन्दोलनको जगमा विशेष महाधिवेशन भइरहेकाले राजा, कम्युनिस्ट र विदेशी शक्ति कसैले पनि कांग्रेसलाई कमजोर बनाउन नसक्ने उनको भनाइ छ।

परिवर्तित परिस्थितिमा परिवर्तनलाई आत्मसात गर्नुको सट्टा विधानसम्मत माग गरिएको विशेष महाधिवेशनको मागलाई लत्याइएकै कारण नेतृत्व फेर्नुपर्ने अवस्था आएको महाधिवेशनमा सामेल अधिकांश प्रतिनिधिको बुझाइ छ। नीति र नेतृत्व फेरेर पार्टीलाई पुनर्जागृत गर्ने अठोट बोकेर विशेष महाधिवेशनमा सामेल प्रतिनिधिहरूले साँझ पौने ८ बजेसम्म अँध्यारोकै बिचमा पनि महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाको मन्तव्य सुनेका थिए।

दक्षिण अमेरिकामा ट्रम्प रणनीति र नेपालले सिक्नुपर्ने पाठ

नागरिक र साझेदारसँग साझा गरिएको स्पष्ट विदेश नीतिले नेपाललाई शक्ति राष्ट्रहरूबिच रहेको निष्क्रिय राज्यबाट क्षेत्रीय-वैश्विक मामिलामा सक्रिय सहभागी बनाउँछ



● बिनोज बस्न्यात

अग्रलेख

सन् २०२५ भर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो 'नयाँ युद्ध सुरु नगरेको' रेकर्डलाई बारम्बार नोवेल शान्ति पुरस्कारको आधारका रूपमा प्रस्तुत गरे। तर ३ जनवरी २०२६ को बिहानै त्यो धारणा एकाएक बदलियो। अमेरिकी विशेष बलले भेनेजुएलाको राजधानी काराकास प्रवेश गरेर छोटो, तर तीव्र अपरेसनमार्फत न्यूनतम प्रतिरोधमै राष्ट्रपति निकोलस मदुरोलाई पक्रेर अमेरिका पुऱ्यायो। यस घटनाले भेनेजुएलाभित्र गहिरो संस्थागत पक्षघात र दीर्घकालीन गुप्तचर प्रवेशलाई उजागर गऱ्यो। वायु-प्रतिरक्षा प्रणालीको असफलता, अवरोधको अभाव र काराकासबाट छिटो उद्धारले यो राज्य खुला युद्धमा पराजित नभई पहिल्यै सञ्चालनात्मक रूपमा कमजोर भइसकेको संकेत दियो।

राष्ट्रपति ट्रम्पको यो हस्तक्षेप कोलम्बियातर्फ सैन्य धम्की, क्युबाली शासन पतनको चेतावनी, इरानमा हस्तक्षेपको संकेत, मेक्सिको सरकारमाथि दबाब र ग्रिनल्यान्डलाई विलय गर्ने पुनः आह्वानसँगै आयो। अन्तर्राष्ट्रिय राजनीतिमा शक्ति प्रायः गोपनीयतासँग भ्रमित गरिन्छ। विशेषगरी, साना राज्यहरू जीवित रहन शान्त चालबाजी, अस्पष्ट प्रतिबद्धता र सावधानीपूर्वक तटस्थतामै भरपर्ने विश्वास गर्छन्। तर, आधुनिक भूराजनीतिले उल्टो देखाउँदै छ- स्पष्टता, खुलापन र रणनीतिक अभिव्यक्ति आफैँ शक्ति हुन्।

यो मोड सन् २०२५ को अमेरिकी 'राष्ट्रिय सुरक्षा रणनीति (एनएसएस-२५)'सँग मेल खान्छ। यसले 'अमेरिका फर्स्ट' यथार्थवादतर्फ ठुलो परिवर्तनको संकेत गर्छ। राष्ट्रिय सार्वभौमसत्ता, आर्थिक सुरक्षा र सीमित विश्वव्यापी हस्तक्षेपलाई प्राथमिकता, पश्चिमी अर्धगोलार्द्ध र इन्डो-प्यासिफिकमा ध्यान, सहयोगीबाट बढी बोझ बाँडफाँडको माग र प्रत्यक्ष राष्ट्रिय हितमा मात्र संलग्नता।

सन् १८२३ को 'मुनरो सिद्धान्त'बाट व्युत्पन्न भनिएको 'डनरो सिद्धान्त'को अभ्यास गर्दै ट्रम्पले नयाँ वर्षको सुरुवात संसाधन-समृद्ध भेनेजुएलामा हस्तक्षेपको दृष्टिसहित गरे। क्यारिबियन सागरको नियन्त्रणका लागि अझ महत्त्वपूर्ण हुन सक्ने क्युबाली प्रश्न त्यसपछि आउन सक्छ। चार नीति परिवर्तन स्पष्ट देखिन्छन्। पहिलो, लोकतन्त्र र मानव अधिकारलाई विदेश नीतिको आधार बनाउँदै कूटनीति, सहायता र प्रतिबन्धमार्फत स्वतन्त्र निर्वाचन, विधिको शासन र नागरिक स्वतन्त्रताको समर्थन। यद्यपि, अन्य राष्ट्रिय हितसँग सन्तुलन गर्दा चयनात्मक कार्यान्वयनबारे बहस रहन्छ। दोस्रो, प्रविधि नियन्त्रण। तेस्रो, 'शक्तिमार्फत शान्ति।' चौथो, नयाँ क्षेत्रीय पदानुक्रम। पश्चिमी अर्धगोलार्द्धमा अमेरिका विशेषगरी भेनेजुएलाजस्ता ऊर्जा समृद्ध राज्यमा दीर्घकालीन रणनीतिमा लागेको छ। तेल, लोकतन्त्र, सार्वभौमसत्ता र चीन-रुससँगको राजनीतिक-सैन्य निकटताका कारण वासिङटन-काराकासबिचको तनावले भौगोलिक रूपमा टाढा, संसाधन-गरिब तर रणनीतिक रूपमा संवेदनशील देश नेपालका लागि अप्रत्याशित, तर उपयोगी पाठ दिन्छ।

नेपालसँग विशाल हाइड्रोकार्बन भण्डार वा प्रमुख समुद्री मार्ग छैनन्। तर, उदीयमान चीन, उकालो लागिरहेको भारत र अमेरिकाजस्ता स्थापित महाशक्तिबिच रहेकाले यो स्थान अत्यन्त संवेदनशील छ। प्रश्न अब नेपाल महाशक्ति राजनीतिबाट टाढा रहन सक्छ कि सक्दैन भन्ने होइन, बरु कसरी संलग्न हुने भन्ने हो। दक्षिण अमेरिकामा अमेरिकी रणनीति र भेनेजुएलाको सार्वजनिक प्रतिरोधले देखाउँछ कि खुला कूटनीति र सार्वजनिक संवाद नेपालका सबैभन्दा कम प्रयोग भएका रणनीतिक सम्पत्ति हुन सक्छन्।

दक्षिण अमेरिकामा अमेरिकी रणनीति : एक शताब्दीभन्दा बढी समयदेखि अमेरिकाले दक्षिण अमेरिकालाई मुख्य रणनीतिक हितको क्षेत्र मानेको छ। सन् १८२३ मा तत्कालीन राष्ट्रपति जेम्स मुनरोले घोषणा गरेको 'मुनरो डक्ट्रिन(सिद्धान्त)'ले युरोपेली शक्तिलाई अमेरिकामा नयाँ उपनिवेश वा हस्तक्षेप नगर्न चेतावनी दियो र बदलास्वरूप अमेरिका युरोपेली द्वन्द्वबाट टाढा रहने वाचा गऱ्यो। यसले अर्धगोलार्द्धमा अमेरिकी प्रभावको आधार बनायो। पछि रुजवेल्ट कोरोलरी(उपसिद्धान्त)जस्ता थपसँगै हस्तक्षेपलाई औचित्य दियो। शीतयुद्धकालीन हस्तक्षेपदेखि आजका प्रतिबन्ध र कूटनीतिसम्म विधि बदलिए पनि आधारभूत तर्क उस्तै छ- ऊर्जा पहुँच सुरक्षित गर्नु, बजार स्थिरता सुनिश्चित गर्नु र बाह्य-क्षेत्रीय शत्रुतापूर्ण प्रभाव रोक्नु।

अमेरिकी प्रभावको निरन्तरताभन्दा पनि यसको पारदर्शिता उल्लेखनीय छ। नीतिगत बहस त्यहाँको संसद्(कंग्रेस)मा खुला हुन्छ। प्रतिबन्ध सार्वजनिक रूपमा घोषणा र औचित्यसहित विश्व मिडियामा बहस हुन्छ। थिंक ट्यांक, शैक्षिक संस्था र पूर्वअधिकारीले रियल-टाइम(वास्तविक समय)मै आलोचना र सुधार गर्छन्। यो खुलापनले सहयोगीलाई ढाडस दिन्छ, विरोधीलाई संकेत पठाउँछ र विश्वबजारको अनिश्चितता घटाउँछ। विवादास्पद हुँदा पनि अमेरिकी कदम रहस्यमय हुँदैनन्। विरोधीले नीति अस्वीकार गर्न सक्छन्, तर प्रायः गलत बुझ्दैनन्। सूचनाको वैश्वीकरणको युगमा यस्तो स्पष्टता 'फोर्स मल्टिप्लायर' बनेको छ। रणनीतिक अस्पष्टता प्रायः तात्कालिक रणनीतिमा मात्र राखिन्छ, दीर्घकालीन रणनीति सार्वजनिक रूपमा व्यक्त, रक्षा र सामान्यीकृत गरिन्छ।

भेनेजुएलाको तेल, सार्वभौमसत्ता र टकरावपूर्ण पारदर्शिता : भेनेजुएला अमेरिकी क्षेत्रीय प्रभुत्वको सबैभन्दा स्पष्ट प्रतिपक्ष हो। विश्वभर प्रमाणित तेल भण्डार अर्थात् करिब ३०३ अर्ब ब्यारेलमा पाँचको एक भाग स्रोतसहित काराकासले ऊर्जालाई आर्थिक सम्पत्तिमात्र नभई सार्वभौमसत्ता र राजनीतिक स्वतन्त्रताको प्रतीक मानेको छ। सन् २००० को सुरुवातदेखि भेनेजुएलाली नेताहरूले संसाधन राष्ट्रवाद अपनाए तेल उत्पादनमा राज्य नियन्त्रण बढाउँदै, अमेरिकी कम्पनीको भूमिका सीमित गर्दै, र वासिङटनका प्रतिद्वन्द्वी ठानिएका राज्यहरूसँग राजनीतिक गठजोड गर्दै। यी कदम गोप्य थिएनन्, विदेशी शोषणविरुद्ध प्रतिरोधका रूपमा स्वदेश-विदेशमा सार्वजनिक गरिए।

एक दशकभन्दा बढी समयदेखि सत्ता सम्हाल्दै आएका ६३ वर्षीय निकोलस मदुरोले राजनीतिक प्रणाली र सुरक्षा बलमाथि नियन्त्रण कडा बनाउँदै विपक्षीहरूलाई निरन्तर कमजोर पार्दै आएका थिए। सन् २०१३ को चुनावमा साँघुरो जितपछि मदुरो ह्युगो चाभेजका उत्तराधिकारीका रूपमा सत्तामा आएका थिए। त्यसयता उनी सत्तामाथिको पकड बलियो बनाउन सेना, अदालत र निर्वाचन निकायभित्रका बफादारमाथि भर परे। यसले अर्थतन्त्र धराशायी हुँदा र जनसमर्थन घट्दासमेत उनको पकड कायम रह्यो।

मदुरोले विपक्ष र विशेषगरी अमेरिकालगायत विदेशी सरकारलाई राज्यका शत्रुका रूपमा चित्रित गरिरहे। देशभित्र भने उनले आफ्नो कठोर दमनको औचित्य ठहराइरहे, पटक-पटक उठेका आन्दोलनमा भएका दमनमा सयौँको ज्यान गयो। संसद्मा विपक्षीहरूको नियन्त्रण बढेपछि सन् २०१७ मा उनले आफूप्रति निष्ठावान् संविधानसभा गठन गरेर संसद्लाई बाइपास गरेका थिए। प्रमुख प्रतिद्वन्द्वीलाई जेल वा निर्वासनमा पठाए र २०१८ तथा २०२४ का निर्वाचन व्यापक रूपमा अन्यायपूर्ण-अस्पष्ट भन्दै आलोचित भए। दमन, संस्थागत नियन्त्रण र विवादित जितमार्फत उनी दशकभन्दा बढी टिके।

यसैबिच, भेनेजुयलाको चीनसँग आर्थिक-राजनीतिक सहकार्य भने गहिरिँदै गएको थियो जुन २०२३ मा रणनीतिक साझेदारीमा विकास भएको थियो। रुससँग हतियार खरिद, संयुक्त वक्तव्य र औपचारिक सम्झौतामार्फत २०२५ सम्ममा सैन्य-रणनीतिक सहकार्य बढ्यो।

अमेरिकी प्रतिक्रिया–आर्थिक प्रतिबन्ध, कूटनीतिक अलगाव र मुखर आलोचना–उत्तिकै सार्वजनिक थियो। छाया कूटनीतिभन्दा दुवै पक्षले भाषण, प्रेस विज्ञप्ति र अन्तर्राष्ट्रिय मञ्चमार्फत खुलेआम संकेत दिए। नतिजा लामो टकराव, भेनेजुएलामा आर्थिक पीडा र वासिङटनका लागि सीमित नीतिगत सफलता। तर, रणनीतिक पाठ स्पष्ट छ- कुनै पनि पक्ष मौनमा भर परेनन्। द्वन्द्वमै पनि वैधता र दबाब सार्वजनिक लक्ष्य-व्याख्यामार्फत खोजियो। साना राज्यका लागि यसले देखाउँछ- दृश्यता भनेको असुरक्षा होइन। बरु अपारदर्शिताले गलत गणना, बाह्य दबाब र आन्तरिक भ्रम निम्त्याउन सक्छ।

> सार्वजनिक दस्तावेज, संरचित संवाद र सगरमाथा घोषणाजस्ता प्रतीकात्मक पहलमार्फत नेपालले बाह्य दबाब घटाउन, आन्तरिक समन्वय बढाउन र महाशक्ति राष्ट्रहरूसँग आफ्नै सर्तमा संलग्न हुन सक्छ

नेपालको परम्परागत कूटनीतिः शान्त, प्रतिक्रियात्मक र सीमित : नेपालको विदेश नीति संस्कृतिले ऐतिहासिक रूपमा विवेकशीलतामा जोड दिएको छ। चीन र भारतबिच अवस्थित काठमाडौंले स्पष्टताभन्दा सन्तुलन, स्पष्ट घोषणाभन्दा लचकतालाई प्राथमिकता दिँदै आयो। कम वैश्विक संलग्नता र ढिलो सूचनाप्रवाहको समयमा यो उपयुक्त थियो। तर, आज तत्काल सञ्चार, प्रतिस्पर्धी विकास वित्त र तीव्र रणनीतिक प्रतिस्पर्धाको वातावरणमा मौनता तटस्थ रहँदैन। आज नेपाल छिमेकीसँगै अमेरिका, युरोपेली संघ, जापानजस्ता मध्य शक्ति र बहुपक्षीय संस्थासँग पनि संलग्न छ। प्रत्येकले लगानी, अपेक्षा र रणनीतिक अनुमान ल्याउँछ। स्पष्ट राष्ट्रिय ढाँचाविना नेपाल रणनीतिककर्ता होइन, परियोजनास्थल बन्ने जोखिममा पर्छ। सार्वजनिक रूपमा व्यक्त कूटनीतिक प्राथमिकता नहुनुले तीन कमजोरी जन्माउँछ : (१) बाह्य शक्तिले कथानक भरेर नेपाललाई आफ्नै हितअनुसार परिभाषित गर्छन्, (२) घरेलु सरोकारवालालाई दीर्घकालीन लक्ष्य अस्पष्ट रहन्छ, (३) सरकार फेरिँदा नीति अस्थिरता बढ्छ।

रणनीतिक अनुशासनका रूपमा खुला कूटनीति : अमेरिका-भेनेजुएला सम्बन्ध र पश्चिमी अर्धगोलार्द्धमा अमेरिकी प्रभुत्वको आग्रहले देखाउँछ- आज कूटनीति बन्द ढोकामात्र होइन, सार्वजनिक मञ्चमा प्रस्तुत गरिन्छ। वक्तव्य, श्वेतपत्र, रणनीतिक सिद्धान्त र मञ्चहरूले अपेक्षा बनाउँछन् र व्यवहार सीमित गर्छन्। नेपालका लागि खुलापन असंलग्नता वा स्वायत्तता त्याग्नु होइन, ती सिद्धान्तलाई स्पष्ट र निरन्तर कागजमा उतार्नु हो।

खुला कूटनीतिका फाइदा : (१) साना राज्यलाई चाहिने पूर्वानुमेयता बढ्छ, (२) 'रेड लाइन' बुझिएकाले वार्ताशक्ति बलियो हुन्छ, (३) घरेलु सहमति बढ्छ, अस्थिरता घट्छ। सबैभन्दा महत्त्वपूर्ण प्रतिक्रियात्मकबाट सक्रिय एजेन्डा निर्धारणतर्फ सार्छ।

सगरमाथा घोषणा : नेपालको रणनीतिक भूमिकाको पुनर्परिभाषा : नेपालसँग अद्वितीय 'सफ्ट पावर' छ-प्रतीकात्मक भूगोल। हिमालय र विशेषगरी सगरमाथा विश्वव्यापी सहनशीलता, सन्तुलन र साझा मानव आकांक्षाका प्रतीक हुन्। यसलाई प्रयोग गर्दै नवीन कूटनीतिक पहल गर्न सकिन्छ : 'सगरमाथा (एभरेस्ट) घोषणा।'


महाशक्तिहरूले नेपालसँग अलग-अलग र प्रतिस्पर्धी ढंगले संलग्न हुनुको सट्टा, काठमाडौंले चीन, भारत र अमेरिकालाई समेट्ने संरचित संवाद बोलाउन सक्छ। उद्देश्य महाशक्तिबिच त्रिपक्षीय सौदा होइन, नेपालको प्राथमिकता नेपालकै शब्दमा सार्वजनिक रूपमा व्यक्त गर्नु हो। यस घोषणाले नेपालको पाँचवर्षीय विदेशनीति दृष्टि सार्वजनिक गर्न सक्छ, पूर्वाधार, सुरक्षा सहकार्य, जलवायुअनुकूलन र आर्थिक विकासमा अडान स्पष्ट गर्न सक्छ, र बाह्य साझेदारी तथा लगानीका सिद्धान्त निर्धारण गर्न सक्छ। प्रक्रिया स्वयं परिणामजत्तिकै महत्त्वपूर्ण हुनेछ। संवादको आयोजना र मध्यस्थताबाट नेपालले रणनीतिक परिपक्वता र स्वायत्तता संकेत गर्नेछ। प्रतिस्पर्धी परियोजनाको स्थल होइन, आफ्नै हितमा आधारित रणनीतिक समन्वयको मञ्च बन्छ।

बफर राज्यबाट एजेन्डा सेटरतर्फ : इतिहासमा नेपाललाई परिधीय वा 'बफर' राज्य भनियो। तर, आज बफर अस्थिर हुन्छन्। विकल्प भनेको एजेन्डा सेटर तटस्थता अर्थात् सार्वजनिक रूपमा परिभाषित, दस्तावेजीकृत र रक्षा गरिएको तटस्थता हो।

दक्षिण अमेरिकाबाट सिकाइ : टकराव वाञ्छनीय होइन, तर स्पष्टता अपरिहार्य छ। भेनेजुएलाले टकराव रोज्यो भने अमेरिकाले दृश्यतामार्फत प्रभाव। नेपालले तेस्रो बाटो रोज्न सक्छ : विरोधविना खुलापन। सार्वजनिक दस्तावेज, संरचित संवाद र सगरमाथा घोषणाजस्ता प्रतीकात्मक पहलमार्फत नेपाल बाह्य दबाब घटाउन, आन्तरिक समन्वय बढाउन र महाशक्तिसँग आफ्नै सर्तमा संलग्न हुन सक्छ।

निष्कर्ष : स्पष्ट आवाजको शक्ति : सूचना कूटनीतिभन्दा छिटो बग्ने युगमा मौनता ढाल होइन। दक्षिण अमेरिकामा अमेरिकी संलग्नता र भेनेजुएलाको तेल राजनीतिले देखाउँछ- शक्ति असमान भए पनि सार्वजनिक रणनीतिले नतिजा निर्धारण गर्छ। नेपालका लागि चुनौती ठुला राज्यको नक्कल गर्नु होइन, खुलापनको अनुशासन अपनाउनु हो। नागरिक र साझेदारसँग साझा गरिएको स्पष्ट विदेश नीतिले नेपाललाई शक्तिहरूबिचको निष्क्रिय राज्यबाट क्षेत्रीय-वैश्विक मामिलामा सक्रिय सहभागी बनाउँछ। हिमालयले सधैँ सन्तुलनको प्रतीक दिएको छ। अब नेपालको कूटनीतिले पनि त्यो प्रतीक प्रतिबिम्बित गर्ने समय आएको छ- मौन सहनशीलता मात्र होइन, आत्मविश्वासी र सार्वजनिक राष्ट्रिय उद्देश्यको घोषणासहित।

(रणनीतिक मामिला विश्लेषक बस्न्यात नेपाली सेनाका अवकाशप्राप्त उपरथी हुन्)



---

३ प्रश्न

राष्ट्रिय तथ्यांक कार्यालयका प्रवक्ता **ढुण्डीराज लामिछाने**लाई



राष्ट्रिय तथ्यांक कार्यालयले पहिलोपटक तयार पारेको 'नेसनल ट्रान्सफर एकाउन्ट'सम्बन्धी प्रतिवेदनले देशको खर्च अवस्थाको समग्र अवस्था कस्तो देखाउँछ ?

२७ वर्षदेखि ४६ वर्षबिचको उमेर समूहको मात्र खर्चभन्दा आम्दानी बढी छ। यो उमेर समूह मात्र बचत गर्न सक्षम देखिन्छ। समग्र जनसंख्यामा २६ वर्ष उमेरसम्म आर्थिक निर्भरता उच्च देखिन्छ। ४७ वर्षपछि फेरि पनि आम्दानीभन्दा खर्च बढी देखिन्छ। २७ वर्षदेखि ४६ वर्षसम्मको सानो उमेर समूहको काँधमा बालबालिका र बयोवृद्ध दुवैको खर्चको बोझ छ। अहिलेको प्रतिवेदनअनुसार नेपालमा सरकारले शिक्षामा लगानी बढाउनुपर्ने पनि देखाएको छ। स्वास्थ्यमा अहिले व्यक्तिको भन्दा सरकारको लगानी बढी छ। तर, शिक्षामा भने व्यक्तिले राज्यले भन्दा धेरै लगानी गरिरहेको छ। यसले गर्दा व्यक्तिको आयको ठुलो हिस्सा शिक्षामा खर्च भइरहेको छ।

आम्दानी बचत गर्न सक्ने उमेर समूह अन्य देशको तुलनामा निकै सानो देखियो ? यसलाई बढाउन के गर्नुपर्छ ?

आम्दानी बढाउन मुख्यतः युवा जनशक्तिको सीप वृद्धिमा जोड दिनुपर्छ। त्यस्तै, नेपालमा अनौपचारिक क्षेत्रको बाहुल्य छ, जुन क्षेत्रमा ज्याला कम छ। त्यस्तै लिंगका आधारमा पनि ज्यालामा विभेद छ। यी विभेदलाई सम्बोधन गर्ने नीति ल्याउनुपर्छ। देशमा उत्पादनशील रोजगारीको अभाव छ। नेपाल अझै जनसांख्यिक लाभमै रहेको अवस्थामा उत्पादकत्व बढाउनु र थप उमेर समूहको आय बढाउन ध्यान केन्द्रित गर्नुपर्छ। हामीलाई अब २५ वर्ष मात्रै जनसांख्यिक लाभको अवसर छ। जनसंख्यामा बुढ्यौली समूहको हिस्सा बढ्न थालेपछि स्वास्थ्य खर्च बढ्छ। सामाजिक सुरक्षाको खर्च बढ्दा विकास खर्च घट्न थाल्छ।

आम्दानीभन्दा खर्च बढी भइरहेको भए, त्यो अतिरिक्त खर्चको परिपूर्ति कसरी भइरहेको छ ?

यसमा मुख्यतः थोरै उमेर समूहको आयले भरथेग गरिरहेको छ। पछिल्लो समय विदेशबाट आउने रेमिट्यान्स निकै बढेको छ। हरेक परिवारमा विदेश नगएका सदस्य भेटिँदैनन्। विदेशबाट आएको रकम शिक्षा, स्वास्थ्यदेखि लत्ताकपडा, विलासीका सामानसम्ममा खर्च भइरहेको छ।

प्रेरक प्रसंग

चलाख सुझाव

जापानको एउटा निकै चर्चित साबुन कम्पनी आफ्नो गुणस्तर र विश्वस्तरीय 'प्रोसेसिङ'का लागि परिचित थियो। उसको व्यापार पनि राम्रो चलिरहेको थियो। तर, अचानक कम्पनीसामु एउटा अनौठो समस्या आइलाग्यो। कम्पनीका एक ग्राहकले आफूले साबुनको कार्टुन खरिद गरेर लाँदा भित्र एउटा प्याकेट रित्तो भएको गुनासो गरे। कम्पनीका तर्फबाट गुनासोको छानबिन गर्दा गल्ती कम्पनीबाटै भएको पत्ता लाग्यो। प्याकेजिङ लाइनबाट डेलिभरी विभागमा पठाउँदै गर्दा एउटा प्याकेट खाली नै गएको थाहा भयो।

घटनाले कम्पनीको निकै बदनामी गऱ्यो। व्यापारमै धक्का लाग्यो। आफ्नो गल्तीका लागि कम्पनीका अधिकारीहरू चिन्तित हुँदै तुरुन्तै एक उच्चस्तरीय बैठक बोलाइयो। त्रुटि कसरी भयो र भविष्यमा यस्तो त्रुटि दोहोरिन नदिने विषयमा गहन छलफल भयो। लामो छलफलपछि प्याकेजिङ लाइनको अन्त्यमा एउटा ठुलो र शक्तिशाली एक्सरे मेसिन जडान गर्ने र त्यसको नियमन एक ठुलो मनिटरमार्फत कर्मचारीहरूले गर्ने निर्णय भयो।



एक्सरे मेसिन जडानका लागि ठाउँ बनाउन सुरु भएपछि कम्पनीका तल्ला तहका कर्मचारी र मजदुरहरूले पनि यसबारे थाहा पाए। त्यसैक्रममा एकजना सामान्य कर्मचारीले नयाँ तरिका सुझाए, जसले गर्दा कम्पनीले महँगो मूल्यको एक्सरे मेसिन लगाउनु पनि परेन र अनुगमनका लागि ठुलो मनिटर र कर्मचारीको व्यवस्था पनि गर्नुपरेन। ती कर्मचारीको सुझाव अनुसार प्याकेजिङ लाइनमा एउटा शक्तिशाली पंखा जडान गरियो। अब साबुनको हरेक प्याकेटले पंखाको हावाको अगाडिबाट जाँदा खाली प्याकेट आएमा त्यसलाई हावाले उडाएर टाढा फ्याँकिदिन्थ्यो। अनि, खाली प्याकेट कार्टुनमा पर्नबाट जोगिन्थ्यो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राजनीतिक एकता र अस्थिरताको चक्र

भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि फाल्गुन २१ का लागि चुनाव घोषणा भएपश्चात् नेपालको राजनीतिमा 'वैकल्पिक शक्ति'को चर्चा चरम अवस्थामा छ। परम्परागत दलहरूले दशकौँदेखि सत्ता टिकाउनका लागि मात्र गर्दै आएको गठबन्धनलाई नयाँ शक्तिहरूले मिलेर तोड्नेछन् भन्ने आशा जनतामा थियो। तर, पछिल्ला घटनाक्रमले आशा गरिएका नयाँ राजनीतिज्ञको राजनीतिक संस्कृति आशालाग्दो देखिएको छैन।

केही समयअघि नेपाली वैकल्पिक राजनीतिका तीन स्तम्भ भनिएका पात्रहरू रवि लामिछाने, कुलमान घिसिङ र बालेनबिच चुनावी एकता घोषणा भएको थियो। यसले राजनीतिमा फरक अभ्यास सुरु गर्ने धेरैमा आशा जगाएको थियो। तर, त्यो आशा लामो समय टिक्न सकेन। केही दिन नबित्दै त्रिपक्षीय एकताबाट एउटा पक्ष बाहिरिएको समाचार आयो। पद, भूमिका र निर्णय प्रक्रिया आदि विषय सहमति बन्न नसकेको चर्चा छ। यसले गठबन्धन राजनीतिमा विचार र नीतिभन्दा शक्ति सन्तुलन नै प्रधान हुने परम्परा अझै बलियो रहेको देखायो। पुराना दलहरूले जस्तै नयाँदलहरू पनि गठबन्धनलाई परिवर्तनको साधन होइन, सत्तामा पुग्ने भऱ्याङका रूपमा हेर्न थालेको कुरा आमजनतालाई भान भएको छ। जनविश्वास कमाएको व्यक्ति नै पद र शक्तिको खेलमा लागेको देखियो।

● **प्रत्युशकुमार झा**, वीरगन्ज, पर्सा

कागेश्वरी मनोहरामा धुवाँ आतंक

कागेश्वरी मनोहरा नगरपालिकाका दुई वडा (वडा २ र ३) अहिले धुलोधुँवाबाट आक्रान्त छन्। वडा नम्बर २ का आलापोट र फुयाँलगाउँको चोक धुलो र फोहोरको दुर्गन्धले बस्नलायक छैन। त्यसभन्दा सय मिटर पूर्वमा कागेश्वरी पुस्तकालय छ, यसको दक्षिणपट्टि महनकवि देवकोटा, आख्यानकार रमेश विकल र व्यंग्य शिरोमणि भैरव अर्यालको लहरै सालिक छन्। छेवैमा कुमारी बैंक पनि छ। सालिक जाने बाटोमै महिनौँदेखि थुप्रिएको फोहोर र धुलोले कविहरूलाई नै गिज्याइरहेको छ।

● **ज्यो. रत्ननिधि रेग्मी 'शुक्राचार्य'**
महाकवि देवकोटा आश्रम, काठमाडौं

देउवाको प्रतिरोध

विदेश महाधिवेशनको निम्ता दिन गएका नेतालाई देउवाले दुर्व्यवहार गरेछन्। तर, खासमा उनी आएका भए कांग्रेसको यो ऐतिहासिक भेलाकै दुर्नाम हुन्छ भन्ने पनि सोचौँ। खासमा विशेष महाधिवेशन गर्नुपर्ने बाध्यताको प्रमुख कारक पात्र नै देउवा र उनको झुन्ड हो। उनी एक भ्रष्ट पात्र हुन भन्ने कुरा जेन-जी आन्दोलनमा उनको महलभित्र जलेका नोटको थुप्रोले नै प्रमाणित गरिसक्यो। लाज लुकाउन ती भिडियो एआईले बनाएको भनिरहेका छन्। कांग्रेसको अहिलेको ऐतिहासिक अभियान शेरबहादुर र उनको समूहलाई समेटेर होइन, प्रतिरोध गरेर मात्र सफल हुन्छ।

● **सुदर्शनकुमार खतिवडा**
काठमाडौं, नेपाल

अलबिदा प्रशान्त

गायक तथा अभिनेता प्रशान्त तामाङको निधनको खबरले साह्रै दुःखी बनायो। ४२ वर्षको अल्पायुमै उनको हृदयाघातका कारण निधन हुनु नेपाली भाषीहरूका लागि निकै पीडाको कुरा हो। इन्डियन आइडलका विजेता हुँदा प्रशान्तले नेपाली भाषीहरूको सम्मान भारतभर फैलाएका थिए। त्यतिबेला उनको जितका लागि समग्र नेपाली भाषीहरूले देखाएको सक्रियता तथा सद्भाव अझै सम्झना हुन्छ। उसो त परिचित व्यक्तिको निधन आफैँमा दुःखदायी हुन्छ। तर नेपालीहरूको मनमस्तिष्कमा बसेको एक होनहार कलाकारको मृत्युले निकै दुःखी बनाएको छ।

● **कमला भण्डारी**, विराटनगर

ट्रम्पको भेनेजुयाली कदमको मूल निसाना क्युबा

क्युबाली क्रान्तिपछि सम्भवतः पहिलोपटक हवाना विश्वमा मित्रविहीन एकदम एक्लो उभिएको छ



देश / विदेश

● जोसे गेब्रियल पाल्मा

भेनेजुएलामा अहिले जे भइरहेको छ, त्यो खासमा त्यस देशको आन्तरिक समस्या वा वैश्विक भूराजनीतिमा यसको भूमिकासँग खासै जोडिएको छैन। किनकि, भेनेजुएलाको तेल उत्पादन अहिले खासै धेरै छैन। केही वर्षदेखि यो देश ल्याटिन अमेरिकाभर एक्लिएकाले यसको प्रभाव छिमेकी देशमा खासै देखिँदैन। निकोलस मदुरो नेतृत्वको भेनेजुएलाली सरकार निरन्तर पतनोन्मुख थियो। मदुरोका सहयोगी देशहरू रुस र चीनले समेत भेनेजुएलालाई महत्त्व दिन छाडेको धेरै भएको थियो। र, भेनेजुएलाको अर्को सहयोगी देश इरान पछिल्लो समय आफैँ घरेलु समस्याले घेरिएकाले ऊ बाहिर ध्यान दिन सक्ने अवस्थामा छैन।

निश्चित रूपमा, अमेरिकी तेल कम्पनीहरू भेनेजुएलाको विशाल तेल भण्डारको भावी उपभोगप्रति चासो दिइरहेका छन्। तर, त्यतिले मात्र अहिले त्यस देशमाथि अमेरिकाले चालेको कदमको औचित्य पुष्टि गर्दैन। त्यसमाथि ट्रम्प र उनको 'मेक अमेरिका ग्रेट अगेन(मागा)' नीतिले विदेशमा भन्दा अमेरिकाकै घरेलु मुद्दामा जोड दिनुपर्ने भन्छ। ट्रम्प आफैँले भेनेजुएलाका घटनाक्रमलाई 'लोकतन्त्र'का लागि हो भन्ने ढोंग नगरेका यो लोकतन्त्रका लागि भन्नुपर्दैन। उसै पनि टम्प लोकतन्त्रलाई लिएर उत्साहित हुने नेता होइनन्। आखिर उनी संसारका कतिपय तानाशाहीहरूसँग उठबस गर्न पाउँदा खुसी नै देखिन्छन्। देशभित्र उनका नीति तथा कारबाहीले पनि उनले 'लोकतन्त्र'लाई उच्चस्थान दिएको उदारण प्रस्तुत गर्दैन।

भेनेजुएला प्रकरणबारे टिप्पणी गर्दा प्रायः ट्रम्पले लागु पदार्थको तस्करी र 'नार्को-आतंकवाद'को सन्दर्भ उठाउने गर्छन्। तर, फेरि उही समयमा उनले होन्डुरसका पूर्वराष्ट्रपति हुवाँ ओर्लान्डो हर्नान्डेजलाई माफी दिएको कुराले पनि उनको ती सन्दर्भ इमानदार नरहेको बताउँछ। हर्नान्डेज तिनै नेता हुन् जोमाथि अमेरिकामा ४०० टनभन्दा बढी परिमाणको कोकिन ढुवानीमा प्रत्यक्ष संलग्न भएको दोषी ठहराइएका नेता हुन्। अमेरिकामा यसै वर्ष नोभेम्बरमा तल्लो सदन मध्यावधि चुनाव हुँदै छ। सो चुनाव अझै टाढै लागे पनि ट्रम्पको पार्टीले सो सभामा बहुमत गुमाउन सक्ने जोखिम छ। यस परिप्रेक्ष्यमा वर्षको सुरुमै चालिएको कदम त्यो विपत् रोक्ने दिशाको पहिलो रणनीति पनि हुन सक्छ।

भेनेजुएलामा चालिएको कदम खासमा चेसको त्यो कदमजस्तो हो, जसको मुख्य उद्देश्य क्युबालाई 'चेकमेट' दिनु हो। अर्थात्, क्युबाको पहिले नै नाजुक अर्थतन्त्रलाई धराशायी बनाउने। क्युबाको अर्थतन्त्रलाई टिकाउन भेनेजुएलाको तेल निकै महत्त्वपूर्ण रहँदै आएको छ। भेनेजुएलाले क्युबालाई अत्यन्त सस्तोमा तेल मात्र बेच्दैन कतिपय अवस्थामा क्युबाली चिकित्सक र सैन्य सहयोगको बदलामा ठुलो परिणाममा तेल निःशुल्क दिने गरेको छ। ह्युगो चाभेजको शासनकालमा सुरु भएको यो अभ्यासलाई पछि मदुरोले निरन्तरता दिएका थिए। मियामीमा जन्मिएका क्युबाली मूलका अमेरिकी नेता मार्को रुबियोको विदेशमन्त्री चयनपछि सबै कुरा बदलियो। क्युबालाई 'मुक्त गर्ने' जीवनभरको राजनीतिक उद्देश्यलाई अहिले उनी विदेश मन्त्रालयमार्फत साकार बनाउन लागिरहेका छन्। यस्तोमा भेनेजुएलाको सत्ता परिवर्तन ट्रम्पको मूल उद्देश्य होइन, जुन उनका लागि एक सानो अस्थायी सफलता मात्र हुनेछ। क्युबाली सत्ता परिवर्तनमाथि उनको निसाना छ। यो सफलता उनका लागि तत्कालीन राजनीतिक लाभभन्दा माथि हुनेछ।



यसबाहेक, क्युबामा शासन परिवर्तन भयो भने नोभेम्बरको मध्यावधि चुनावमा ट्रम्पले हार टार्न सक्छन्। यसले रुबियोलाई पनि सन् २०२८ को राष्ट्रपतीय चुनावमा बलियो रिपब्लिकन उम्मेदवार बनाउन सघाउनेछ। रिपब्लिकन उम्मेदवारमध्ये हालसम्म ट्रम्पका उपराष्ट्रपति जेडी भान्स अग्रणी स्थानमा छन्। सबैलाई थाहा भएकै कुरा हो, क्युबाको आर्थिक अवस्था अत्यन्तै नाजुक छ, जुन दिनप्रतिदिन बिग्रँदै गइरहेको छ। ६० प्रतिशत जनसंख्या बिजुलीविना बाँच्न बाध्य छन्। क्युबाको वैदेशिक मुद्राको सञ्चितीको एक प्रमुख स्रोत पर्यटन नराम्ररी प्रभावित बनेका छ। भेनेजुएलाको सस्तो तेल रोकियो (जुन अमेरिकी हस्तक्षेपअघि नै बिस्तारै घट्दै गइरहेको थियो) र पर्यटनबाट हुने आम्दानीमा समेत उल्लेख्य गिरावट भयो भने क्युबाको आर्थिक अवस्था एकदम नाजुक हुनेछ। क्युबाली क्रान्तिपछिको ६५ वर्षको इतिहासमा सम्भवतः पहिलोपटक क्युबा एक्लो उभिएको छ। चीन र रुसजस्ता शक्तिशाली सहयोगी न त क्युबाको प्रतिरक्षामा अगाडि बढ्न सक्षम देखिन्छन् न इच्छुक नै। नयाँ विश्व व्यवस्थामा रुस र चीन आफूलाई आफ्नो 'प्रभाव क्षेत्रमा' खेल्न दिइए ट्रम्प र रुबियोलाई तिनको प्रभाव क्षेत्रमा खेल्न दिन तयार देखिन्छन्।

(जोसे गेब्रियल पाल्मा चिलीको स्यान्टियागो विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक हुन्।)

द वायरबाट

बहुध्रुवीय विश्वका लागि तयार छैन पश्चिम

शक्ति र प्रभाव धेरै देश वा समूहमा बाँडिएको विश्वव्यापी प्रणालीसहितको बहुध्रुवीय विश्वलाई स्विकार्न अझै तयार छैनन् पश्चिमा देश



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले केहीअघि राष्ट्रिय सुरक्षा रणनीति सार्वजनिक गऱ्यो । त्यसलाई संयुक्त राज्य अमेरिका र पश्चिमका लागि एक महत्त्वपूर्ण क्षणका रूपमा हेरिएको छ । अमेरिकाले आफ्नो विश्वव्यापी भूमिकालाई देशको औद्योगिक पुनरुत्थान, लचिलो आपूर्ति शृंखला र रणनीतिक प्रतिस्पर्धाजस्ता सीमित प्राथमिकतावरिपरि केन्द्रित गरेको छ । ट्रम्पको सरकारले जारी गरेको राष्ट्रिय सुरक्षा रणनीतिले आफ्ना परम्परागत सहयोगीले आफ्नो सुरक्षाको भार थप बढाउनुपर्ने संकेत पनि दिन्छ ।

उता अहिले नै युरोपेली संघले औद्योगिक नीतिसम्बन्धी प्रस्तावमा छलफल सुरु गरेको छ । नीतिले रणनीतिक रूपमा महत्त्वपूर्ण उत्पादनमा प्रयोग हुने सामाग्रीमा ७० प्रतिशतसम्म युरोपेली संघकै सामग्री समावेश हुनुपर्ने भनेको छ । यस नियमले संघको बाह्य उत्पादनमाथिको बढ्दो परनिर्भरता, जोखिम र गुम्दै गएको नियन्त्रणप्रतिको चिन्तालाई व्यक्त गर्छ । युरोप र संयुक्त अधिराज्यलाई यतिले मात्रै पुग्दैन, थप आधारभूत पुनर्विचार आवश्यक देखिन्छ ।

पश्चिमी रणनीतिक प्रभुत्वको युग अन्त्य भइसक्यो । कुनै समय तटस्थ व्यावसायिक सम्पत्ति मानिने आपूर्ति शृंखलालाई अहिले शक्ति अभ्यासको साधन मानिन्छ । प्रविधि, व्यापार र लगानीसम्बन्धी निर्णय राष्ट्रिय सुरक्षा, सामाजिक स्थिरता र जीवनयापनको लागतका प्रश्नसँग बलियोसँग गासिएको छ । यसका बाबजुद पश्चिमी नीति कहिले नैतिक शिक्षा कहिले प्रतिरक्षात्मक हस्तक्षेपबिच झुलिरहेको देखिन्छ । जबकि, उसले दिगो रणनीति बनाउन लाग्नुपर्ने थियो ।

शीतयुद्धको अन्त्यपछि पश्चिमी आर्थिक प्रभुत्वलाई हेरेर बिस्तारै सबै देश यसले अँगिकार गरेको उदारवादी मोडलमा एकाकार हुने भविष्यवाणी गरियो । तर, केही दशकमै यो भविष्यवाणी गलत साबित भएको छ । आज विश्वले सामना गरिरहेको यथार्थ क्षणिक अवरोध मात्र होइन, यो एक संरचनात्मक रुपान्तरण हो । अर्थात्, विश्व एकध्रुवीय प्रणालीबाट थप खण्डित, प्रतिस्पर्धात्मक र बहुध्रुवीय व्यवस्थातर्फ परिवर्तन हुँदै छ । यस वातावरणमा पश्चिमले सामना गरेको मुख्य प्रश्न हराउँदै गएको एकलध्रुवीय व्यवस्थालाई कसरी पुनर्स्थापित गर्ने होइन, बरु भविष्यको बहुध्रुवीय विश्वमा जिम्मेवारीपूर्वक समायोजना हुने भन्ने हो ।

यो चुनौतीलाई ब्रिक्स समूहको (ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका) उदयले राम्ररी चित्रण गर्छ । समूहमा पछिल्लो समय इजिप्ट,



● गेमा चेङ्'अर देङ



● जिम ओ'निल

संयुक्त अरब इमिरेट्स (युएई), इथियोपिया, इन्डोनेसिया र इरान थपिएका छन् । विगतमा जी-७ विरुद्धको प्रतीकात्मक प्रतिरोधी समूह भनेर खारेज गरिएको यो समूहले गहिरो भौतिक वास्तविकतालाई प्रतिबिम्बित गर्छ । यसका सदस्यले विश्व जनसंख्या, आर्थिक उत्पादन, निर्माण र प्राकृतिक स्रोतको बढ्दो हिस्सा ओगट्छन् ।

ब्रिक्सका दुई ठुला सदस्य चीन र भारत अब अन्तर्राष्ट्रिय प्रणालीमा परिधीय देश रहेनन् । तिनीहरू परिवर्तनशील विश्व अर्थतन्त्रको केन्द्रमा आइपुगेका छन् । विकसित आपूर्ति शृंखला, प्रविधि सञ्जालको प्रणाली र ऊर्जाका स्रोतले यी देशलाई यो हैसियतमा ल्याइपुऱ्याएको छ । दुर्लभ-खनिजको प्रशोधनमा चीनको भन्डै एकल प्रभुत्व र नवीकरणीय ऊर्जासम्बन्धी सामग्रीको निर्माणमा अग्रणी भूमिकाले बहिष्कारमा आधारित पश्चिमी रणनीतिको सीमामाथि प्रकाश पार्छ । अहिलेसम्म, चीनको वृद्धिप्रति पश्चिमी प्रतिक्रिया धेरै हदसम्म प्रतिक्रियात्मक छन् । उनीहरूले चीनसँगको संयुक्त उद्यमलाई छुट्याउन 'डी-रिक्स' भन्ने सिद्धान्त नै अघि सारेका छन् । यो कदम आवेगको प्रतिक्रिया हो भनेर बुझ्न सकिन्छ । तर, जोखिम व्यवस्थापन आफैंमा कुनै रणनीति होइन । कुनै पनि प्रभावकारी नीतिको निर्माणको पहिलो चरण इमानदार पुनर्मूल्यांकन हो । यसका लागि बेलायत, युरोपेली संघ र अमेरिकाले अमूर्त बहस त्यागेर नीति निर्माणलाई आकार दिने वास्तविक लेनदेनको सामना गर्न तयार हुनुपर्छ । परनिर्भरता र सुरक्षासम्बन्धी चिन्तालाई महँगी कम गर्ने, जोखिमरहित दिगोपना, र घरेलु सामाजिक एकतासम्बन्धी चिन्ताले सन्तुलित बनाइनुपर्छ ।

युरोपेली कम्पनीले प्रायः यी दुई पक्षबिचको तनावलाई व्यावहारिक रूपमा पहिल्याउने गर्छन् । यसैले उसले प्रविधि जहाँ सबैभन्दा प्रतिस्पर्धी हुन्छ, त्यहीं 'आउट-सोर्सिङ' गर्छ । उदाहरणका लागि प्रतिस्पर्धी रहनका लागि जर्मनीको सरकारी स्वामित्वमा रहेको रेल अपरेटर ड्युच वाहनले आफ्नो नयाँ विद्युतीय-वाहन निर्माणको सानो हिस्सा (लगभग पाँच प्रतिशत) चिनियाँ कम्पनी बिवाइडीबाट प्राप्त गरेको छ । यो निर्णयसमेत ट्रेड युनियनबाट आलोचित भयो ।

पश्चिमी देशलाई अनुशासित प्राथमिकता चाहिएको छ, सैद्धान्तिक शुद्धता होइन । विधिको शासन, राष्ट्रिय सार्वभौमिकता र मानव अधिकारजस्ता मुख्य सिद्धान्तले अझै पनि कुनै देशसँग गरिने संलग्नताको सीमा तय गर्नुपर्छ । तर, ती सिद्धान्त नै रणनीतिको विकल्प भने हुन सक्दैन । फरक राजनीतिक प्रणाली अभ्यास गरिरहेका देशसँग पनि कैयौं मुद्दामा सहकार्य गर्नुपर्ने हुन्छ । जस्तो, जलवायु परिवर्तन रोक्नेसम्बन्धी कदम, प्रविधि मापदण्ड तय गर्ने विषयदेखि वित्त र विश्वव्यापी विकास त्यस्तै क्षेत्र हुन् । कुनै बहानाले सहकार्य टारियो भने पश्चिमले खेल्न सक्ने ठाउँ साँघुरो हुँदै जानेछ ।

> विश्व प्रभुत्ववादी अन्तर्राष्ट्रिय प्रणालीबाट प्रतिस्पर्धात्मक र बहुध्रुवीय व्यवस्थातर्फ अघि बढिरहेको छ । यस्तो स्थितिमा पश्चिमले पुरानो व्यवस्थालाई पुनर्जीवित गर्नेभन्दा नयाँ व्यवस्थामा कसरी विश्वसनीय र जिम्मेवारीपूर्वक भएर काम गर्ने भन्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ ।

आगामी दिन न त नियन्त्रणले काम गर्ने गर्छ, न विभाजनले । बरु स्पष्ट परिभाषित चासोले निर्देशित संलग्नता हुनुपर्छ । सुरक्षा चिन्ता सम्बोधन गर्ने रणनीति आवश्यक हुन्छ, तर त्यसै नाममा उदीयमान देशसँग सम्पर्क विच्छेदन गर्नुको कुनै औचित्य छैन । बहुध्रुवीय प्रणालीमा कुनै देशको प्रभाव प्रतिबन्धमार्फत होइन, बरु सहभागी भएर एजेन्डा-निर्माण गरेर र स्वार्थ मिलाएर अघि बढ्न सक्ने क्षमतामार्फत पनि गरिन्छ ।

बहुपक्षीयताले आकार लिँदै जाँदा पश्चिमले उदीयमान नयाँ शक्तिको राजनीतिक अर्थतन्त्र र रणनीतिक उद्देश्य बुझ्न ध्यान केन्द्रित गर्नुपर्छ । यो डर-निर्देशित कथ्यभन्दा बाहिर जानु र थप विश्लेषणात्मक क्षमता र नीति-सान्दर्भिक विशेषज्ञता निर्माण गर्नु आवश्यक छ । यदि पश्चिमी सरकारले प्रत्येक नयाँ झट्का आएपछि टुक्रा-टुक्रा प्रतिक्रिया दिन थाले भने उनीहरूले भावी परिणाम र विश्वव्यापी प्रवृत्तिलाई आकार दिने क्षमता गुमाउनेछन् ।

बहुध्रुवीय युगले मानसिकतामा परिवर्तनको माग गर्दछ । पश्चिमका सामु अब शक्ति बाँडफाँड गर्ने कि नगर्ने भन्ने विकल्प छैन, ऊसँग त अब त्यो साझेदारी कसरी गर्ने भन्ने विकल्प मात्र छ । यसबाहेकको प्रतिक्रियात्मक कदमले देशभित्र लागत बढाउँछ भने विदेशमा निरन्तर प्रभाव घटाउँछ ।

गेमा देङ किंग्स कलेज लन्डनकी विद्यावारिधि अनुसन्धानकर्ता हुन् भने जिम बेलायतका पूर्ववित्तमन्त्री तथा गोल्डम्यान स्याक्स एसेट म्यानेजमेन्टका पूर्वअध्यक्ष हुन् ।

प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् २०१० : हाइटीमा विनाशकारी भूकम्प । सात म्याग्निच्युडको सो भूकम्पका कारण राजधानी पोर्टअउ प्रिन्स ध्वस्त भएको थियो । भूकम्पका कारण दुई लाखजनाको मृत्यु हुनुका साथै १० लाख मानिस विस्थापित भएका थिए ।

सन् १८७९ : बेलायत र हाल दक्षिण अफ्रिकामा पर्ने जुलल्यान्डबिच युद्ध सुरु । ब्रिटिस फौजले छिमेकी रिपब्लिक अफ नाटलबाट आक्रमण सुरु गरेको थियो ।

सन् १९०८ : पेरिसको इफेल टावरबाट पहिलोपटक लामो दूरीको रेडियो सन्देश प्रसारण भएको थियो । वैज्ञानिक लिडी फरेस्टले गरेको सो प्रसारणलाई ५० भन्दा बढी स्रोताले सुनेका थिए ।

सन् १९३८ : अस्ट्रियाले स्पेनमा गठित फ्रान्सको सरकारलाई स्वीकृति प्रदान गऱ्यो ।

सन् १९६४ : विद्युतीय कारोबार गर्ने प्रसिद्ध कम्पनी अमेजनडटकमका मालिक, अमेरिकी उद्यमी तथा विश्वकै धनाढ्य जेफ बेजोसको जन्मदिन ।

सन् १९७३ : यासिर अराफात प्यालेस्टिनी लिबेरेसन अर्गनाइजेसन (पिएलओ)मा पुनः निर्वाचित भए ।

सन् १९८२ : अमेरिकाले ताइवानलाई युद्धक विमान बेचेपछि चीनले विरोध जनायो ।

घाइते प्रदर्शनकारीले भरिए इरानका अस्पताल

लन्डन / इरानका केही अस्पतालहरू घाइते प्रदर्शनकारीले भरिएका विवरण सार्वजनिक भएका छन् । देशव्यापी विरोध प्रदर्शन जारी रहँदा र इरानी अधिकारीहरूले प्रदर्शनकारीहरूलाई संयम रहन चेतावनी दिइरहेका वेला दुई अस्पतालका एक डाक्टर र चिकित्सकले अस्पताल घाइतेले भरिएको बताएका हुन् । एक चिकित्सकले तेहरानको आँखा अस्पताल संकटको मोडमा गएको बताएका छन् भने अर्को अस्पतालका एक चिकित्सकले बिरामीहरूको भिडलाई सम्हाल्न पर्याप्त शल्यचिकित्सकहरू नभएको गुनासो गरेका छन् ।

शुक्रबार, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान 'ठुलो समस्या' मा रहेको भन्दै 'तपाईंले गोलीबारी सुरु नगर्नु राम्रो हुन्छ किनभने हामी पनि गोलीबारी सुरु गर्नेछौं,' भनेर चेतावनी दिएका थिए । इरानले संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई लेखेको पत्रमा अमेरिकालाई विरोध प्रदर्शनलाई 'हिंसात्मक कार्य र व्यापक तोडफोड'मा परिणत गरेको आरोप लगाएको छ । यसैबिच, अन्तर्राष्ट्रिय नेताहरूले शान्तिपूर्ण विरोध प्रदर्शनको अधिकारको रक्षा गर्न आह्वान गरेका छन् । शनिबार पनि दर्जनौं स्थानमा सरकारविरोधी प्रदर्शन भएका छन्, जसमा दुई मानव अधिकार समूहले कम्तीमा १०० प्रदर्शनकारी मारिएको रिपोर्ट गरेका छन् । बिबिसी र धेरैजसो अन्य अन्तर्राष्ट्रिय समाचार संस्थाहरूलाई इरानभित्र रिपोर्ट गर्न प्रतिबन्ध लगाइएको छ । बिहीबार साँझदेखि देशमा पूर्णरूपमा इन्टरनेटमा रोक लगाइएको छ, जसका कारण थप क्षतिको विवरण लिन कठिनाइ भएको बताइएको छ ।

शुक्रबार राति स्टारलिंक स्याटेलाइट इन्टरनेटमार्फत बिबिसीलाई सम्पर्क गर्ने इरानका एक डाक्टरले तेहरानको मुख्य आँखा विशेषज्ञ केन्द्र फराबी अस्पताल संकटको अवस्थामा पुगेको र आपतकालीन सेवा पूर्ण रूपमा बन्द भएको बताए । गैरआवश्यक भर्ना र शल्यक्रियाहरू निलम्बित गरिएको र आपतकालीन अवस्थाको सामना गर्न कर्मचारीलाई बोलाइएको उनले बताए । - *बिबिसी*

मध्यपूर्वमा उपेक्षित बन्दै जलवायु परिवर्तनको मुद्दा

मध्यपूर्वका धेरै देश द्वन्द्वमा फसेसँगै यस क्षेत्रले तीव्र राजनीतिक र आर्थिक उथलपुथलको अनुभव गरिरहेको छ । यी द्वन्द्व बढ्दो जलवायु संकटको पृष्ठभूमिमा भइरहेका छन् । कार्नेगी एन्डोमेन्ट फर इन्टरनेसनल पिसको विश्वव्यापी थिंकट् यांकले निष्कर्ष निकालेको छ कि मध्यपूर्वी देशहरू 'मानवसिर्जित जलवायु परिवर्तनको तीव्र प्रभावका लागि विश्वको सबैभन्दा बढी जोखिममा रहेका राज्यहरूमध्ये एक हुन्, जसमा बढ्दो गर्मीको लहर, घट्दो वर्षा, विस्तारित खडेरी, तीव्र आँधी, बाढी, र बढ्दो समुद्री सतह' समावेश छ ।

जलवायु सम्बन्धित जानकारी प्राप्त गर्ने, प्रशोधन गर्ने र कार्यान्वयन गर्ने समाजको क्षमता प्रभावकारी जलवायु परिवर्तन प्रतिक्रियाको मुटुमा छ । जलवायुका क्षेत्रमा मिडियाले महत्त्वपूर्ण भूमिका खेल्छ । यो जलवायु परिवर्तन र समुदायको सुरक्षामा यसको सम्बन्धको सार्वजनिक बुझाइलाई अगाडि बढाउने महत्त्वपूर्ण माध्यम हो । तैपनि, विगत दुई दशक वा सोभन्दा बढी समयदेखि मध्यपूर्वमा जलवायु परिवर्तनबारे मिडिया कभरेज विश्वमा सबैभन्दा कम रहेको छ । युनिभर्सिटी अफ कोलोराडो बोल्डरको मिडिया एन्ड क्लाइमेट चेन्ज अब्जरभेटरीका अनुसार मध्यपूर्वका प्रत्येक मिडिया संस्थाले एक महिनामा जलवायु परिवर्तनबारेमा औसतमा लगभग एउटा लेख उत्पादन गरे जबकि सोही अवधिमा ती विषयमा उत्तर अमेरिकी मिडियामा ६६ लेख प्रकाशित भए ।

यसबाट नै मध्यपूर्वमा सञ्चारमाध्यममा जलवायु विषयलाई कति थोरै महत्त्व दिइन्छ भन्ने पुष्टि हुन्छ । मध्यपूर्वमा जलवायु कभरेजको अभाव त्यहाँका मिडिया आउटलेटले धेरै संरचनात्मक समस्याको सामना गर्नुको कारण हो । जब सशस्त्र द्वन्द्व नियन्त्रणबाहिर जान्छन् वा सार्वजनिक बहसलाई बढी दबाबपूर्ण मानिने मुद्दाहरूले एकाधिकार बनाउँछन् तब जलवायु परिवर्तनका बारेमा कसरी कुरा गर्ने ? जोर्डनले यी चुनौती बुझ्न र त्यसलाई पार लगाउन हामीलाई महत्त्वपूर्ण उदाहरण पेस गरेको छ ।

जोर्डनले लामो समयदेखि मध्यपूर्वमा स्थिरीकरणको भूमिका खेल्दै आएको छ । यसले छिमेकी द्वन्द्वबाट ठुलो संख्यामा शरणार्थीलाई स्वीकार गरेको छ र मध्यपूर्वी प्रतिद्वन्द्वीबिच मध्यस्थकर्ता र शान्ति वार्ताकारका रूपमा काम गरेको छ । यद्यपि, जलवायु परिवर्तनले जोर्डनको स्थिरतालाई खतरामा पारिरहेको छ । जोर्डनका पानी तथा सिँचाइमन्त्री राएद अबु साउदले मे २०२५ मा भनेका थिए- 'जोर्डन विश्वको सबैभन्दा गम्भीर पानी संकटसँग जुधिरहेको छ, प्रतिव्यक्ति पानीको उपलब्धता प्रतिवर्ष केवल ६० घन मिटरमा झरेको छ ।



अन्य धेरै कारकले स्थितिलाई बिगारिरहेका छन् । जोर्डनमा आर्थिक पछौटेपनले निरन्तर बेरोजगारी र सार्वजनिक अशान्ति निम्त्याइरहेको छ, जबकि क्षेत्रीय द्वन्द्वले सामाजिक एकतालाई कमजोर बनाइरहेका छन् ।

जोर्डनले जलवायु परिवर्तनले सिर्जित जोखिमलाई कसरी प्रतिक्रिया दिन्छ र यसको स्थिरतालाई कसरी जोगाउँछ भन्ने कुरा मध्यपूर्व र बाहिरका लागि अत्यन्त महत्त्वपूर्ण छ । यस चुनौतीको सार्वजनिक बुझाइ प्रभावकारी प्रतिक्रियाको लागि निर्णायक हुनेछ । र,

> विगत दुई दशकयता मध्यपूर्वका देशमा जलवायु परिवर्तनका मुद्दामा मिडिया कभरेज विश्वमा सबैभन्दा न्यून छ

यहाँ मिडियाको भूमिका महत्त्वपूर्ण हुन्छ । जोर्डनमा जलवायु परिवर्तनसम्बन्धी हाम्रो अनुसन्धानमा देशका प्रमुख छापा माध्यममा प्रकाशित दुई हजार पाँच सयभन्दा बढी समाचार लेखहरूको विश्लेषण र स्थानीय मानिससँग व्यापक अन्तर्वार्ता समावेश छन् । हामीले पत्ता लगाएका छौं कि देशमा जलवायु परिवर्तन अझ महत्त्वपूर्ण विषय बन्दै गइरहेको भए पनि त्यहाँ प्रस्ट जलवायु परिवर्तन छलफललाई रोक्न अझै धेरै अवरोध छन् ।

द्वन्द्वबाट प्रभावित अन्य धेरै देशमा जस्तै जोर्डनमा पनि जलवायु परिवर्तनसँग सम्बन्धित कुराकानी अन्य संकटहरू देखा पर्दा पृष्ठभूमिमा धकेल्नु सामान्य कुरा हो । सन् २०२३ देखि गाजामा युद्ध सुरु भएदेखि जोर्डनका सञ्चार माध्यमहरू जलवायु परिवर्तनलाई कम महत्त्व दिँदै त्यहाँको मानवीय संकटलाई समेटेका छन् । यो तथ्यले पनि जोर्डनमा धेरै कम पत्रकारले मात्र जलवायुसम्बन्धी मुद्दालाई समेटेको पुष्टि गर्छ । जलवायु पत्रकारको अभाव मध्यपूर्वमा एक सामान्य समस्या हो । जब जोर्डनका मिडियाले जलवायु परिवर्तनलाई कभर गर्छन्, यसलाई प्रायः भूराजनीतिक खतराको रूपमा छलफल गरिन्छ । विदेशी शरणार्थीलाई स्वागत गर्ने देशको नीतिका कारण जोर्डनका मिडिया आउटलेटहरूले प्रायः आफ्नो देशलाई सिरियाको गृहयुद्ध र जटिल इजरायल-प्यालेस्टाइन द्वन्द्वको 'दोस्रो पीडित'को रूपमा चित्रण गरेका छन् । शरणार्थी समस्यालाई अर्को तनावको रूपमा चित्रण गरिन्छ ।

जोर्डनमा जलवायु परिवर्तनको बहस विदेशी सरकारहरू, परोपकारी संस्था र कोष निकायसहित अन्तर्राष्ट्रिय साझेदारहरूबाट धेरै प्रभावित हुने गर्छ । त्यसो त जोर्डनमा जलवायु परिवर्तनमा केन्द्रित असंख्य शैक्षिक र व्यावसायिक पाठ्यक्रम उपलब्ध छन् , जसलाई अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाले वित्तीय सहयोग प्रदान गरेका छन् । यस कार्यले जलवायु परिवर्तनसम्बन्धी छलफलको प्रगतिलाई सहज बनाए पनि यसले स्थानीय सन्दर्भ र ज्ञानका दृष्टिले जलवायु कभरेजको पहुँचलाई टाढा बनाएको छ । यदि बाह्य साझेदारहरूले जोर्डनवासीहरूलाई जोर्डनले सामना गर्ने विशिष्ट चुनौतीलाई पूर्ण रूपमा नबुझी उनीहरूले विश्वास गर्ने कुरा मात्र 'सिकाउँछन्' भने यसको दीर्घकालीन प्रभाव देखिनेछैन ।

यसले जोर्डनवासी र यी विदेशी साझेदारबिचको विश्वासलाई पनि कमजोर बनाउन सक्छ । हामीले अध्ययन गरेका केही घटनामा जोर्डनका सञ्चारमाध्यमले जलवायु परिवर्तनलाई विकासशील देशलाई नियन्त्रण गर्ने उद्देश्यले पश्चिमाले लादेको एजेन्डाको एक अंशको रूपमा देखिन्छ । जोर्डन मध्यपूर्व, युरोप र बाहिरका लागि अत्यन्त महत्त्वपूर्ण छ ।

द कन्भर्सेसनबाट

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय कैलाली

क्याटलग सपिङ विधिबाट Nasal Endoscopy System खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२८

यस कार्यालयलाई आवश्यक पर्ने तपसिल अनुसारको १ (एक) थान Nasal Endoscopy System सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ८ (१) (क) (ङ) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ख) बमोजिम क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसका आधिकारिक विक्रेताहरूबाट प्रतिस्पर्धात्मक रूपमा प्रस्ताव आह्वान गरिन्छ। इच्छुक उत्पादक कम्पनी वा आधिकारिक विक्रेताले फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization तथा आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम (२) अनुसार देहाय बमोजिमको Nasal Endoscopy Set को प्राविधिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी मिति २०८२/१०/०६ गते दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै, Nasal Endoscopy System को प्राविधिक स्पेसिफिकेशन प्रस्ताव सम्बन्धी थप जानकारीका लागि dpho71kailali@gmail.com इमेल मार्फत सम्पर्क गर्न सकिनेछ ।

आवश्यक Nasal Endoscopy System को विवरणः

उपकरणको नाम	आवश्यकताहरू (सामान्य विवरण)	संख्या
Nasal Endoscopy System set	Nasal Endoscopy Set with Trolley, Camera Processor with Light Source, Camera, Monitor, Nasal scope and accessories, ISO 13485, European CE or USFDA Approved/Cleared. (बिस्तृत स्पेसीफिकेसन यस कार्यालयबाट प्राप्त गर्न सकिने छ ।)	१ (एक)

Nepal Electricity Authority

Invitation for Electronic Bids

(Date of publication 12th January, 2025 (28/09/2082)

Name of Office	Tender No./Types of Bidding	Description of Works/Jobs
Lumbini Provincial Office, Butwal (Tel No : 071-438536)	NEA-LPO-2082/83-06	Supply and Delivery of machines and tools for Transformer Workshop
Tulsipur Distribution Centre, (Tel No :01-4153021)	TULDC-2082/83-SQ1	Construction of pre-Fab Room
Heldung Distribution Centre, (Contact No : 9858322178)	NEA-HDC-2082/083-HSHP-SQ-05	Painting Works for Penstock Pipe of Heldung Small Hydro Power Plant Simkot, Humla.
	NEA-HDC-2082/083-Civil-SQ-06	C.G.I. Works for Store Building at Office Compound of Heldung Dcs Simkot, Humla.
Gaushala Distribution Centre (Tel No. 044-556167)	NEA/GDC-2082/083-SQ-01	Supply and Delivery of Printing and Stationery Materials
	NEA/GDC-2082/083-SQ-02	Supply and Delivery of Electrical tools & Line Materials
Panchthar Distribution Centre (Tel No.:024-522315)	NEA-RDC-2082/083-SQ-01	Supply And Delivery of Tools And Other Materials Items.
	NEA-RDC-2082/083-SQ-02	Supply And Delivery of Stationary And Other Materials Items.

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार २८ पुस ०८२

स्थानीय तहको राजस्व वृद्धिदर सबैभन्दा न्यून



एक वर्षमा तीनै तहको एकीकृत राजस्व ११.३३ प्रतिशतले बढेर १२ खर्ब ७२ अर्ब पुग्यो, प्रदेशको राजस्व वृद्धिदर १४.६१ प्रतिशत हुँदा स्थानीय तहको भने १०.३९ प्रतिशत मात्रै

■ पछिल्ला दुई आवमा तीन तहको राजस्व संकलन

सरकार	आव ०८०/८१	आव ०८१/८२
संघ	९ खर्ब २९ अर्ब ४ करोड	१० खर्ब ३२ अर्ब ३९ करोड
प्रदेश	९३ अर्ब ६० करोड	१ खर्ब ७ अर्ब २८ करोड
स्थानीय	१ खर्ब २० अर्ब ५४ करोड	१ खर्ब ३३ अर्ब ६ करोड

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपालका तीन तहका सरकारमध्ये प्रदेशको आन्तरिक राजस्व वृद्धिदर सबैभन्दा बढी देखिएको छ। अर्थ मन्त्रालयले हालै सार्वजनिक गरेको 'संघ प्रदेश र स्थानीय सरकारको एकीकृत वित्तीय विवरण'अनुसार राजस्व वृद्धिदरमा प्रदेश अगाडि देखिएको छ।

महालेखा नियन्त्रक कार्यालयको एकीकृत प्रतिवेदनअनुसार आर्थिक वर्ष ०८१/८२ मा तीनै तहको कुल राजस्व प्राप्त १२ खर्ब ७२ अर्ब ७५ करोड रुपैयाँ भएको छ। जुन अघिल्लो आर्थिक वर्ष ०८०/८१ को तुलनामा ११.३३ प्रतिशलले बढी हो। प्रतिवेदनअनुसार कुल राजस्व वृद्धिदरको तुलनामा प्रदेशको बढी, संघ र स्थानीय तहको न्यून छ।

उक्त आवमा प्रदेशले एक खर्ब सात अर्ब २८ करोड ९८ लाख रुपैयाँ राजस्व संकलन गरेको छ। जुन आव ०८०/८१ को तुलनामा १४.६१ प्रतिशतले बढी हो। जबकि, स्थानीय तहको वृद्धिदर भने औसतभन्दा कम छ। आव ०८१/८२ मा स्थानीय तहहरूले एक खर्ब ३३ अर्ब ६ करोड ९५ लाख रुपैयाँ राजस्व संकलन गरेको छन्। जुन अघिल्लो आव ०८०/८१ को तुलनामा १०.३९ प्रतिशतले बढी हो। समीक्षा आवमा संघको राजस्व अघिल्लो आवको तुलनामा ११.१२ प्रतिशतले बढेर १० खर्ब ३२ अर्ब ३९ करोड रुपैयाँ पुगेको छ।

गाउँपालिका राष्ट्रिय महासंघ नेपालका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद प्याकुरेलले स्थानीय तहले अपेक्षाकृत ढंगले आन्तरिक राजस्व बढाउन नसकेको बताए। यसमा संघीय सरकारदेखि स्थानीय जनप्रतिनिधि र कर्मचारीसमेतको कमजोरी देखिने उनको भनाइ छ। 'एकातर्फ राजस्वको क्षेत्राधिकार अस्पष्ट छ, विवाद छ, तल्ला तहले उठाउने राजस्व संघीय सरकारको कर कार्यालयले उठाइरहेको छ,' उनले भने, 'अर्कातर्फ कतिपय पालिकाका जनप्रतिनिधिमा इच्छाशक्ति देखिँदैन, कर्मचारीमा क्षमता देखिँदैन।' राजस्व वृद्धिका लागि क्षेत्रकाधिकार स्पष्ट पार्दै जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्ने उनले बताए।

आन्तरिक आर्थिक गतिविधि अपेक्षाअनुसार बढ्न नसक्दा तीनै तहका सरकारको राजस्व वृद्धिदर उच्च हुन सकेको छैन। अर्थतन्त्रको बाह्य क्षेत्र सबल बने पनि संघदेखि स्थानीय तहले सम्म पुँजीगत खर्च उल्लेखनीय दरमा बढाउन सकेका छैनन्। यसले समग्र आर्थिक गतिविधि नै प्रभावित भएको र त्यसको असर राजस्वमा समेत परेको जानकारहरू बताउँछन्। तल्ला तहहरू संघको अनुदान र राजस्व बाँडफाँटमा निर्भर रहँदा उनीहरूले आन्तरिक राजस्व उल्लेखनीय दरमा बढाउन नसकेको उनीहरू बताउँछन्।

जनप्रतिनिधिमा इच्छाशक्ति र कर्मचारीको क्षमतामा सुधार आवश्यक

● **राजेन्द्रप्रसाद प्याकुरेल**, कार्यकारी निर्देशक, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल



स्थानीय सरकारले सम्भावना र अवसर हुँदाहुँदै पनि अपेक्षाकृत रूपमा आन्तरिक राजस्व बढाउन सकेका छैनन्। राजस्व वृद्धिका लागि खासगरी जनप्रतिनिधिमा इच्छाशक्ति र कर्मचारीमा क्षमता हुनुपर्छ। विगतमा कतिपय पालिकाले सस्तो लोकप्रियताका लागि कर फ्री गर्ने, राजस्व नउठाउने नीति लिए, जुन गलत थियो। जनतालै तिरेको करबाट विकास गर्ने हो र जनतालाई नै सेवा-सुविधा दिने हो भनेर विश्वास दिलाउन आवश्यक छ।

राजस्वको क्षत्राधिकार पनि गोलमटोल देखिन्छ। घरभाडा संघीय सरकारअन्तर्गतका कर कार्यालयले उठाइरहेका छन्। संविधानले तोकेको अनुसूचीमा व्याख्या आवश्यक छ। वित्तीय संघीयता कार्यान्वयनका लागि राजस्व जुन ढंगले वृद्धि हुनुपर्ने हो, त्यो हुन सकेको छैन। कतिपय पालिकामा माथिबाट अनुदान आइहाल्छ भन्ने प्रवृत्ति देखिएको छ। कतिपय ग्रामीण भेगका पालिकामा राजस्वको स्रोत र दायरामा पनि कम छ।

यस्ता छन् स्थानीय तहले कर उठाउने क्षेत्र

नेपालको संविधान २०७२ को अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची उल्लेख छ। अनुसूचीको चारमा स्थानीय करअन्तर्गत सम्पत्ति कर, घरबहाल कर, घरजग्गा राजिस्ट्रेसन शुल्क, सवारीसाधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत शुल्क रहेका छन्। यी शीर्षकमा स्थानीय तहले कर उठाउन सक्छन्। तर, यस्तै शीर्षकहरू प्रदेशको अनुसूची र साझा अनुसूचीमा समेत उल्लेख छन्। अधिकार क्षेत्र स्पष्ट नहुँदासमेत कर संकलनमा विवाद र समस्या भइरहेको जतप्रतिनिधि नै बताउँछन्।

जेन–जी आन्दोलनमा उत्पादनतर्फ थप १३ अर्ब ८७ करोड नोक्सानी

भौतिक क्षति ८४ अर्ब ४५ करोडसहित कुल क्षति खर्बनजिक

● आन्दोलनको क्षति मूल्यांकन तथा पुनर्निर्माण योजना समितिका सदस्य ढुण्डिराज लामिछाने भन्छन्-



आन्दोलनका क्रममा भौतिक सम्पत्तितर्फ ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ क्षति भएको छ। त्योबाहेक उत्पादनतर्फ थप १३ अर्ब ८७ करोड ५६ लाख रुपैयाँ क्षति भएको छ। यो दुई जोड गर्दा आन्दोलनको क्षति रकम ९८ अर्ब ३३ करोड ३३ लाख रुपैयाँ हुनेछ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा वस्तु तथा सेवाको उत्पादनतर्फ १३ अर्ब ८७ करोड ५६ लाख रुपैयाँ थप क्षति भएको देखिएको छ। आन्दोलनको क्षति मूल्यांकन तथा पुनर्निर्माण योजना बनाउन राष्ट्रिय योजना आयोगका सचिव रविलाल पन्थको संयोजकत्वमा गठित समितिको प्रतिवेदनअनुसार आन्दोलनका क्रममा ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँबराबरको भौतिक क्षति भएको छ।

राष्ट्रिय तथ्यांक कार्यालयका प्रवक्तासमेत रहेका समितिका सदस्य ढुण्डिराज लामिछानेले उत्पादनतर्फ थप १३ अर्ब ८७ करोड ५६ लाख रुपैयाँ क्षति भएको बताए। 'आन्दोलनका क्रममा भौतिक सम्पत्तितर्फ ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ क्षति भएको छ। त्योबाहेक उत्पादनतर्फ थप १३ अर्ब ८७ करोड ५६ लाख रुपैयाँ क्षति भएको छ,' उनले बताए। यो दुई जोड गर्दा आन्दोलनको क्षति रकम ९८ अर्ब ३३ करोड ३३ लाख रुपैयाँ हुनेछ।

प्रतिवेदनअनुसार ८० निजी प्रतिष्ठानमा १३ अर्ब ६९ करोड १४ लाख रुपैयाँबराबरको उत्पादनमा क्षति भएको छ। यसैगरी १७ घरपरिवारको १८ करोड ३७ लाख रुपैयाँ र २० सामुदायिक क्षेत्रमा पाँच लाख रुपैयाँबराबरको उत्पादनमा क्षति भएको छ।

आन्दोलनका क्रममा वस्तु तथा सेवा उत्पादन गर्ने पाँच सय १९ वटा संस्था प्रभावित भएका थिए। त्यसमध्ये एक सय १७ वटा संस्थाको उत्पादन तथा सेवा प्रभावित भएको देखिन्छ। त्यसमा ४९ वटा संस्थाको उत्पादन बन्द भएको छ। त्यसमा निजी क्षेत्रको ४२, घरपरिवारको तीन र सामुदायिक क्षेत्रको चार संस्थाको उत्पादन पूर्ण रूपमा बन्द भएको प्रतिवेदनमा उल्लेख छ।



व्यापार क्षेत्रको उत्पादनमा पाँच अर्ब १५ करोड नोक्सानी

प्रतिवेदनअनुसार व्यापार क्षेत्रको उत्पादनमा पाँच अर्ब १५ करोड ९३ लाख रुपैयाँ क्षति भएको छ। विभिन्न २९ संस्थामा सोबराबरको क्षति भएको प्रतिवेदनमा उल्लेख छ। भाटभाटेनी सुपरमार्केटलगायतमा भएको क्षतिको विवरण यसमा छ। यद्यपि, भाटभाटेनीमा भएको सबैखाले क्षति यसमा समावेश नभएको बताइएको छ।



होटेल तथा रेस्टुरेन्टको उत्पादनमा पाँच अर्ब आठ करोड ७४ लाख नोक्सानी

प्रतिवेदनअनुसार आन्दोलनका क्रममा होटेल तथा रेस्टुरेन्ट क्षेत्रमा पाँच अर्ब आठ करोड ७४ लाखबराबरको उत्पादनमा नोक्सानी पुगेको छ। विभिन्न १८ वटा होटेल तथा रेस्टुरेन्टको उत्पादनमा सोबराबरको नोक्सानी पुगेको हो। आन्दोलनका कारण ह्यात, हिल्टनलगायतका होटेल बन्द भएका छन्। प्रतिवेदनअनुसार आठवटा होटेल तथा रेस्टुरेन्ट बन्द भएका छन्।

■ उत्पादनमा धेरै नोक्सानी भएका प्रमुख क्षेत्र

- **व्यापार** : ५ अर्ब १५ करोड ९३ लाख रुपैयाँ
- **होटेल तथा रेस्टुरेन्ट** : ५ अर्ब ८ करोड ७४ लाख रुपैयाँ
- **अटो व्यापार** : १ अर्ब ६३ करोड ५० लाख रुपैयाँ
- **उद्योग प्रतिष्ठान** : १ अर्ब २४ करोड २ लाख रुपैयाँ
- **निजी** : २७ करोड ५५ लाख

अटो व्यापारको उत्पादनमा एक अर्ब ६३ करोड नोक्सानी

प्रतिवेदनअनुसार मोटर तथा मोटरसाइकल व्यापारको उत्पादनमा एक अर्ब ६३ करोड ५० लाख रुपैयाँ नोक्सानी भएको छ। विभिन्न तीनवटा संस्थामा सोबराबरको नोक्सानी भएको हो।

औद्योगिक उत्पादनमा एक अर्ब २४ करोड क्षति

विभिन्न औद्योगिक प्रतिष्ठानमा भने एक अर्ब २४ करोड दुई लाख रुपैयाँबराबरको नोक्सानी भएको छ। विभिन्न १३ उद्योगको उत्पादनमा सोबराबरको क्षति भएको प्रतिवेदनमा उल्लेख छ।

अन्य क्षेत्रका उत्पादनमा कति नोक्सानी ?

प्रतिवेदनअनुसार निजी आवासको १८ करोड ३७ लाख रुपैयाँ, सरकारी निकायको १४ करोड ४७ लाख रुपैयाँ, निजीको २७ करोड ५५ लाख रुपैयाँ, गैरसरकारीको पाँच लाख रुपैयाँ र अन्यको १४ करोड ९२ लाख रुपैयाँबराबरको उत्पादनमा नोक्सानी पुगेको छ।

४३ निजी प्रतिष्ठानबाट २९ सय ९९ ले गुमाए रोजगारी

प्रतिवेदनअनुसार आन्दोलनका कारण निजी क्षेत्रका दुई हजार नौ सय ९९ जनाले रोजगारी गुमाएका छन्। त्यसमा पूर्ण रूपमा रोजगारी गुमाउनेको संख्या भने २३ सय ५३ छ।

'आन्दोलनको कारण कुल ४३ निजी प्रतिष्ठानमा कार्यरत ४८ सय ५४ मध्ये २९ सय ९९ व्यक्तिहरूको रोजगारीमा प्रत्यक्ष असर परेको देखिन्छ। रोजगारी गुमाउने कुल व्यक्तिमध्ये १७ सय ९० जना पुरुष र १२ सय नौजना महिला रहेको देखिन्छ। पूर्ण रूपमा रोजगारी गुमाउनेको संख्या २३ सय ५३ रहेको छ भने आंशिक रूपमा रोजगारी गुमाउनेको संख्या ६ सय ४६ रहेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'पूर्ण रोजगारी गुमाउने पुरुष र महिलाको संख्या क्रमशः ६१.५ प्रतिशत र ३८.५ प्रतिशत रहेको छ भने आंशिक रूपमा रोजगारी गुमाउने पुरुष र महिलाको संख्या क्रमशः ५३.३ प्रतिशत र ४६.७ प्रतिशत रहेको छ।'

पूर्ण रूपमा रोजगारी गुमाउने १४ सय ४६ पुरुष र नौ सय सात महिला छन्। आंशिक रोजगारी गुमाउनेमा तीन सय ४४ पुरुष र तीन सय दुई महिला छन्।

फोक्सिङटारको बेलिब्रिज सञ्चालनमा

खोटाङमा केदार लाफा

सगरमाथा लोकमार्गअन्तर्गत दिक्तेल-गाईघाट सडकखण्डको सुनकोशी नदीस्थित फोक्सिङटारमा जडान गरिएको अस्थायी बेलिब्रिज सञ्चालनमा आएको छ। खोटेहाङ गाउँपालिका- ९, लिच्चीराम्चे र उदयपुरको रौतामाई गाउँपालिका- ५, आँपटार जोड्ने मोटरेबल पक्की पुल बाढीले बगाएपछि अस्थायी बेलिब्रिज जडान गरिएको हो।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट पूर्वी तराईका जिल्लामा यातायात सञ्चालन गर्ने गरी जडान गरिएको अस्थायी बेलिब्रिज आइतबारबाट सञ्चालनमा आएको गाईघाट-दिक्तेल सडक योजना कार्यालय उदयपुरले जनाएको छ। पछिल्लो ६ महिनादेखि अवरुद्ध पूर्वी तराई जोड्ने दिक्तेल-गाईघाट सडकमा सिधा यातायात सुरु भएसँगै घुर्मी-कटारी हुँदै घुमाउरो मार्ग प्रयोग गर्नुपर्ने बाध्यता हटेको खोटाङ यातायातका महासचिव रामकुमार हिङमाङले बताए। 'फोक्सिङटारको अस्थायी बेलिब्रिज सञ्चालनमा आएपछि करिब तीन घण्टाको दूरी छोटो भएको छ,' उनले भने, 'यो दीर्घकालीन समाधान होइन। यसतर्फ सम्बन्धित निकायले ध्यान दिन जरुरी छ।'

फोक्सिङटारमा अस्थायी बेलिब्रिज जडान गर्ने ठेक्का एमए-एस आर्यन कन्स्ट्रक्सन मल्टी पर्पोजले लिएको थियो। मूल्य अभिवृद्धि कर (भ्याट)सहित ९६ लाख ७७ हजार नौ सय ३७ रुपैयाँमा ठेक्का सम्झौता गरेर फोक्सिङटारमा अस्थायी बेलिब्रिज जडान गरिएको योजना कार्यालय उदयपुरका सूचना अधिकारी इन्जिनियर सुभाषकुमार तिवारीले जानकारी दिएका छन्। गत वर्ष असोज १२ गते राति आएको अविरल वर्षाले एक सय २० मिटर लामो मोटरेबल पक्की पुल बगाएको थियो। तर, फोक्सिङटारमा मोटरेबल पक्की पुल पुनः निर्माण नभएसम्म खोटाङवासीको समस्या यथावत् रहिरहने उद्योग वाणिज्य संघ खोटाङका अध्यक्ष राजनप्रसाद आचार्यले बताए। सुनकोशीकै बंशिलाघाटमा समेत अस्थायी बेलिब्रिज जडानको काम धमाधम भइरहेको छ।

जुम्लाको जडीबुटी भारत र चीनमा निर्यात

६ वर्षमा करिब १३ सय टन जडीबुटी निकासी, साढे तीन करोड राजस्व संकलन



जुम्लामा मानदत्त रावल

जुम्लाबाट ६ वर्षमा ७९ प्रकारका एक हजार दुई सय ७७ टन जडीबुटी निर्यात भएको छ। कर्णालीमा प्रशोधन उद्योग नहुँदा ठुलो मात्रामा बहुमूल्य जडीबुटी कौडीको भाउमा निर्यात हुने गरेको स्थानीयको गुनासो छ। चालू आर्थिक वर्ष ०८२/८३ मा सबैभन्दा बढी चार सय सात टन जडीबुटी निर्यात भएको डिभिजन वन कार्यालय जुम्लाका प्रमुख भरत बुढ्थापाले बताए। उनका अनुसार कर्णालीको जीवनबुटी मानिने यार्सागुम्बा भने २१ किलो निर्यात भएको छ।

त्यस्तै, अतिस ४५०, अमलबेद २५०, कालादाना २,०७०, कुटकी ३६४, चुत्रो २२ हजार, जटामासी २१ हजार, तितेपाती ४ हजार, ढटेलो दुई सय किलो निर्यात भएको छ। समीक्षा अवधिमा सबैभन्दा बढी धुतिपान दुई सय ६८ टन निर्यात भएको छ। सुनपाती ५७ हजार, वनलसुन ४५०, सिलाजित ११ सय, पदमचाल १,२१० किलोसहित विभिन्न २५ प्रकारका जडीबुटी निर्यात भएको प्रमुख बुढ्थापाले जानकारी दिए। उनका अनुसार यस आवमा चार सय सात टन जडीबुटी निर्यात गदा ३८ लाख ५५ हजार पाँच सय ६५ रुपैयाँ राजस्व संकलन भएको छ।

कर्णालीबाट छिमेकी मुलुक चीन र भारतलगायतका देशमा जडीबुटी निर्यात भइरहेको छ। संघीयतापछि तीन तहका सरकारले जडीबुटीको प्रशोधनमा त्यति चासो नदिएको स्थानीयले बताएका छन्। जुम्लाकै पातारासीमा स्थापना भएको जडीबुटी प्रशोधन उद्योगमा समेत वर्षौंदेखि ताला लागेको छ।

उचित मूल्य र सरकारको प्रोत्साहनविना कर्णाली प्रदेशको जुम्लाबाट उत्साहजनक रूपमा जडीबुटी संकलन तथा निर्यात हुँदै आएको छ। जुम्लाबाट बितेको ६ वर्षमा आव ०७६/७७ देखि आव ०८२/८३ को हालसम्म एक हजार दुई सय ७७ टन जडीबुटी निर्यात भएको छ। यसबिचमा आव ०८०/८१ मा भने जडीबुटी संकलनको अनुमति दिइएको थिएन। गत आव ०८१/८२ मा मात्रै ६७.७५ टन जडीबुटी संकलन तथा निर्यात भएको डिभिजन वन कार्यालय जुम्लाका प्रमुख बुढ्थापाले बताए।

त्यसैगरी, आव ०७६/७७ मा १८५ टन, ०७७/७८ मा २०२ टन, ०७८/७९ मा २०१ टन, आव ०७९/८० मा २०९ टन जडिबुटी निर्यात भएको कार्यालयले जनाएको छ। जडीबुटी निर्यात तथा काठ लिलामलगायत शीर्षकबाट पछिल्लो साढे ६ वर्षमा तीन करोड ३२ लाख राजस्व संकलन भएको तथ्यांक छ। चालू आव पाँच महिनामा ३८ लाख राजस्व संकलन भएको छ। गत आव ०८१/८२ मा एक करोड ५८ लाख राजस्व संकलन भएको थियो। त्यसैगरी, आव ०७६/७७ मा ३२ लाख, आव ०७७/७८ मा २९ लाख ७४ हजार, आव ०७८/७९ मा ३५ लाख ५८ हजार राजस्व संकलन भएको तथ्यांक छ।

Government of Nepal
Ministry of Energy, Water Resource and Irrigation
Department of Water Resource and Irrigation
Irrigation and Water Resource Management Project
Chandrapur, Rautahat

Invitation for Bids

Date of publication: **28th Poush, 2082 (12nd Jan., 2026)**

Irrigation and Water Resource Management Project, Chandrapur, Rautahat invites electronics bids from eligible bidders for the following contract under National Competitive Bidding Procedures and Sealed Quotation under financing Government of Nepal

Name of Works	Contract ID No.	Procurement Method	Estimated Amount (Including VAT), NRs.	Bid Security Amount NRs.	Cost of Bidding Document
Construction of Embankment with Launching & Revetment Works Baudhimai Na.Pa-2,Inarwa, Rautahat (R/B of Lalbakaiya)	IWRMPR/LBK/NCB-01/082-83	NCB		6,28,000.00	NRs. 5,000
Construction of Embankment with Launching & Revetment works at Maulapur Na. Pa-1, Maryadpur, Rautahat (R/B of Lalbakaiya)	IWRMPR/LBK/NCB-02/082-83	NCB	1,65,80,862.62	4,28,000.00	NRs. 3,000
Construction of Embankment, Revetment & Launching work at L/B of Banke river u/s of bridge near Haripurwa-7,8, Basantapur, Sarlahi	IWRMPR/BANKE/NCB-03/082-83	NCB	1,06,30,336.42	2.43,000.00	NRs. 3,000
Repair and maintenace of Spur no. 9 and Spur no. 15.at Matsari, Durga Bhagwati RMP - 3 & Bhalohiya, Durga Bhagwati RMP-2, Rautahat	IWRMPR/BAGMATI/NCB-4/082-83	NCB	1,17,05,650.42	2,93,000.00	NRs. 3,000
Construction of Embankment, Revetment & Launching work at R/B of Lakhandehi river d/s of truss bridge near Chakraghatta-2, Belahi, Sarlahi	IWRMPR/LAK/SQ-01/082-83	Sealed Quotation	15,10,859.12	35,000.00	NRs. 1,000

For more detail, please visit **www.bolpatra.gov.np/egp** or Irrigation and Water Resource Management Project, Chandrapur, Rautahat

- Bid Validity Period/ Bid Security Validity Period: 90/120 days for NCB's and 45/75 days for SQ from the last date of bid submission.
- Last Date & Time of Bid Submission for NCB's: 2026-02-11 till 12:00 Hrs and Bid opening date and time for NCB's: 2026-02-11 at 13:00 Hrs.
- Last Date & Time of Bid Submission for Sealed quotation: 2026-01-28 till 12:00 Hrs Bid opening date and time: 2026-01-28 at 13:00 Hrs.
- Date and Time for Prebid meeting is 2026-02-01 *at 13:00 HRS. for all NCB's.*
- Prebid meeting & Bid opening will held at Irrigation and Water Resource Management Project, Chandrapur, Rautahat.

Note: It is mandatory to complete all the work under this contract by 2083/03/15

(नोटः यस बोलपत्रअन्तर्गतको निर्माण कार्यहरू मिति २०८३/०३/१५ सम्म अनिवार्य सम्पन्न गरिसक्नु पर्नेछ।)

Project Chief

एनसेलले ल्यायो जेन–जीलक्षित 'युवा सिम'

काठमाडौं/ एनसेलले जेन-जी पुस्तालक्षित 'युवा सिम' प्याक सञ्चालनमा ल्याएको छ। विद्यार्थीलाई सुलभ शुल्कमा दूरसञ्चार सेवामा सहज पहुँच सुनिश्चित गर्ने कम्पनीको प्रतिबद्धताबमोजिम ल्याइएको यो प्याकले युवावर्गलाई मोबाइल कनेक्टिभिटीमार्फत सधैँ जोडिराख्ने उद्देश्य राखेको छ।

सन् १९९७ पछि जन्मिएका नेपाली नागरिकले तोकिएको प्रक्रिया पूरा गरी यो सिम अर्थात् प्याक लिएर यसको फाइदा लिन सक्नेछन्। २६ पुसबाट सञ्चालनमा आएको यो प्याकको मूल्य करसहित मात्र दुई सय ९९ रुपैयाँ मूल्य तोकिएको कम्पनीले जनाएको छ। यस प्याकमा अनलिमिटेड अन नेट (एनसेल-टु-एनसेल) कल सेवा, पाँच जिबी डेटा, डिजिटल वालेट इसेवा र खल्तीको प्रयोगमा डेटा शुल्क नलाग्ने सुविधा तथा अनलाइन शिक्षण प्लेटफर्म 'मेरो स्कुल'मा



निःशुल्क पहुँच उपलब्ध रहेका छन्। यी सबै सेवा-सुविधा २८ दिनका लागि मान्य रहनेछन्।

यसका साथै ग्राहकले अफ-नेट (एनसेलबाट अन्य स्थानीय नेटवर्क) कलमा विशेष छुट प्राप्त गर्छन्, जसअन्तर्गत प्रतिमिनेट मात्र एक रुपैयाँमै कल गर्न सकिन्छ।

त्यसैगरी, २८ दिनको अवधिभित्र तोकिएको पाँच जिबी डेटा प्रयोग भइसकेपछि पनि ग्राहकले पे-एज-यू-गो डेटा सेवाप्रति एमबी ५० पैसामा निरन्तर प्रयोग गर्न सक्ने कम्पनीले जनाएको छ।

'युवालाई लक्षित गरी तयार गरिएको 'युवा सिम' सार्वजनिक गर्न पाउँदा हामी अत्यन्तै खुसी छौं,' एनसेलका चिफ कन्सुमर बिजनेस अफिसर उपांग दत्तले भने, 'आकर्षक सेवा-सुविधा बन्डल रहेको यो प्याकले युवालाई सधैँ कनेक्टेड रहन सहयोग पुऱ्याउँदै विभिन्न अवसर र डिजिटल भविष्यसँग जोड्छ। यसले उनीहरूको डिजिटल जीवनशैलीलाई सहज बनाउने र शिक्षामा समेत सहयोग पुऱ्याउने विश्वास लिएका छौं।'

युवा सिम लिन प्रयोगकर्ताले नजिकको एनसेल सेन्टरमा गई आफ्नो नागरिकता वा ड्राइभिङ लाइसेन्सका साथै विद्यार्थी परिचयपत्र पेस गर्नुपर्नेछ वा अभिभावकको परिचय खुल्ने सरकारले जारी गरेको परिचयपत्र र आफ्नो विद्यार्थी परिचयपत्र बुझाएर यो सिम लिन सकिने बताइएको छ।

सिद्धार्थ बैंकले दियो हरिवन नगर अस्पताललाई प्रसूति उपकरण

काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडले सर्लाहीको हरिवन नगरपालिकास्थित हरिवन नगर अस्पताललाई विभिन्न प्रसूति उपकरण हस्तान्तरण गरेको छ। बैंकका मधेश प्रदेश प्रमुख ज्ञानेन्द्र कार्कीले ती उपकरण अस्पताललाई हस्तान्तरण गरेका हुन्। हस्तान्तरण कार्यक्रममा मधेश प्रदेशका स्वास्थ तथा जनसंख्यामन्त्री जंगीलाल राय, हरिवन नगरपालिकाका नगरप्रमुख रमेश बुढाथोकीलगायतको उपस्थिति थियो। बैंकले हाइड्रोलिक शल्यक्रिया टेबल, चार सेटयुक्त एलइडी



शल्यक्रिया कक्ष डोम बत्ती, बिरामी निगरानी यन्त्र सहयोग गरेको छ। साथै, पूर्ण सुविधायुक्त इलेक्ट्रिक आइसियू बेड, फाइबर बेडसाइड लकर तथा इलेक्ट्रिक डबल जार हाई भ्याकुम सक्सन मेसिन गरी सबै उपकरण एक-एक थान हस्तान्तरण गरेको जनाइएको छ। बैंकका अनुसार शल्यक्रियासहित बर्थिङ सेवा सञ्चालन गरी गुणस्तरीय प्रसूति सेवामा पहुँच अभिवृद्धि गर्न सहयोग गरिएको हो। आमा र नवजात शिशुका लागि सहज प्रसूति वातावरण सुनिश्चित गर्ने उद्देश्यमा यो सहयोगले सघाउने बैंकको विश्वास छ।

Government of Nepal
Ministry of Industry, Commerce and Supplies
Department of Standards and Metrology
Standard and Metrology Office, Birgunj

Invitation for Bids (IFB)

Notice No: 01/082/83, First Date of Publication: B.S. 2082/09/28 (12th January, 2026)

1. Standard and Metrology Office, Birgunj invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding (NCB). Bidding is open to all eligible Nepalese Bidders.

Contract No	Description of Works	Estimated Amount (Excluding VAT & Contingencies)	Bid Security Amount (Nrs)	Bid document Price (Nrs)	Remarks
SMO/ PARSA/ NCB/WORKS/ 01/082/083	Construction of Additional Floor (Non- Residential) for Operation of Calibration Tower of the Standards and Metrology Office, Hetauda."	34,54,177.21	90,000	3,000	

2. Complete Set of Bidding Documents with detailed information may be downloaded from the PPMO's E-Portal - www.bolpatra.gov.np/egp (e GP II). Information to deposit the cost of bidding document in Bank: **a.** Name of Bank: Rastriya Banijjya Bank, Birgunj, Parsa **b.** Name of Office: SMO, Birgunj **c.** Office Code: 307032201 **d.** Office Revenue Account No: 1000100200010000 **e.** Revenue Head No: 14229. Electronic Bid must be submitted on or before 12:00 hours on 2082/10/28 (11th Feb 2026). The Bids will be electronically opened at 14:00 hours on 2082/10/28 (11th Feb 2026).

Office Chief

सिजीले गऱ्यो विश्वकपलक्षित योजनाको विजेता घोषणा

काठमाडौं/ इलेक्ट्रोनिक्स सिजी ब्रान्डले विश्वकपलक्षित उपहार योजनाअन्तर्गत पहिलो चरणको विजेता सार्वजनिक गरेको छ। कम्पनीले 'सिजीको साथमा, वर्ल्डकप टिकट हातमा : लेभलअप विथ सिजी' योजना सञ्चालन गरेको थियो। यस योजनामा पोखराकी मोनिका महर्जन पहिलो चरणको विजेता बनेकी छिन्।



आसन्न आइसिसी ट्वान्टी-२० पुरुष विश्वकपलक्षित गरी ल्याइएको यस योजनामा सहभागी ग्राहकमध्ये साना घरायसी उपकरणतर्फबाट पहिलो चरणका निम्ति एक विजेता छनोट गरिएको कम्पनीले जनाएको छ। विजेता महर्जनले पोखरास्थित न्यु साउन्ड एन्ड भिजनबाट सिजी ब्रान्डको ओभन खरिद गरी योजनामा सहभागिता जनाएकी थिइन्।

कम्पनीका अनुसार विजेता महर्जनले पाँचदिने मुम्बई भ्रमणको पूर्ण प्याकेज प्राप्त गरेकी छिन्। उक्त प्याकेजमा काठमाडौं-मुम्बई दुईतर्फी हवाई यात्रा, तारे होटेलमा बसाइ, खानपिन तथा मुम्बई सहर अवलोकन समावेश छ। साथै, मुम्बईस्थित वानखेडे स्टेडियममा आयोजना हुने आइसिसी टी-२० पुरुष विश्वकपअन्तर्गत नेपाली टोलीको एक खेल प्रत्यक्ष हेर्ने अवसरसमेत उपलब्ध हुनेछ।

यो पहिलाले चरण मात्र भएको र योजना अझै पनि जारी रहेको बताइएको छ। योजनामा सहभागी हुन इच्छुक ग्राहकले देशभर रहेका सिजी डिजिटलका सोरुम, आधिकारिक बिक्री केन्द्र तथा कम्पनीको आधिकारिक वेबसाइटमार्फत सिजी ब्रान्डका साना घरायसी उपकरण खरिद गरी तोकिएको प्रक्रियाअनुसार सन्देश पठाएर सहभागिता जनाउन सक्नेछन्।

कामना सेवा विकासका सामाजिक उत्तरदायित्व कार्यक्रम

काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले आफ्नो बुटवल क्षेत्रअन्तर्गत विभिन्न सामाजिक उत्तरदायित्व कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ। बैंकले आफ्नो शाखा कार्यालय भैरहवा र मणिग्राममार्फत समुदायलक्षित सामाजिक कार्यक्रम सञ्चालन गरेको हो।



यसअन्तर्गत भैरहवा शाखामार्फत लुम्बिनी अपांग दृष्टिविहीन अनाथ आश्रमलाई तीन थान बेड सहयोग गरिएको छ। त्यस्तै, मणिग्राम शाखामार्फत शान्ति नमुना माध्यमिक विद्यालयलाई जाडोयामलक्षित न्यानो कपडा बुटवल क्षेत्र प्रमुख हेमन्तबाबु आचार्यले हस्तान्तरण गरेका हुन्।

कार्यक्रमका अवसरमा प्रमुख आचार्यले अनाथ आश्रममा रहेका दृष्टिविहीन व्यक्तिका लागि बेड तथा आर्थिक रूपमा कमजोर र दृष्टिविहीन बालबालिका अध्ययनरत विद्यालयमा न्यानो कपडा वितरणमा बैंक सहभागी हुन पाएकामा खुसी व्यक्त गरे। सहयोग वितरण कार्यक्रममा सम्बन्धित संस्थाका प्रतिनिधि, बैंकका कर्मचारी तथा अन्य सरोकारवालाको उपस्थिति रहेको थियो। बैंकले आगामी दिनमा यस्ता प्रकृतिका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

Invitation for Sealed Bid for the Managed Disaster Recovery Service

Jyoti Bikash Bank Limited (JBBL) invites sealed bids from eligible Nepalese firm/ company for the Managed Disaster Recovery Service as mentioned below.

S.N.	Particular
1	Managed Disaster Recovery Service under Private Cloud Model

For more details, please scan the QR Code

Sealed Bid must be submitted to the General Service Department, Jyoti Bikash Bank Limited, Head Office, Kamalpokhari, Kathmandu within office hours on or before 26th January 2026.

The Bank retains the discretion to fully or partially accept or reject any or all bid without providing any reasons.

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306-12
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

वाटर इनर्जीले आइपिओ जारी गर्ने



काठमाडौं/ वाटर इनर्जी सोलुसनले सर्वसाधारणका लागि सेयर (आइपिओ) जारी गर्ने भएको छ। कम्पनीले सेयर निष्कासन प्रक्रियाका लागि हिमालयन क्यापिटल लिमिटेडलाई निष्कासक तथा बिक्री प्रबन्धक नियुक्ति गरेको छ। दुवै पक्षबिच बिहीबार सम्झौता भएको छ। वाटर इनर्जीले इलाम जिल्लामा ८.३ मेगावाट क्षमताको अपर देउमाई खोला जलविद्युत् आयोजना निर्माण गरिरहेको छ।

२९ पुसदेखि हुने १४औँ पोखरा महोत्सवको तयारी पूरा



कास्की/ १४औँ संस्करणको पोखरा महोत्सवको तयारी पूरा भएको छ। 'शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धन' भन्ने नारासहित युनाइटेड क्लब पोखराको आयोजनामा २९ पुसदेखि हुने महोत्सवको तयारी पूरा भएको आयोजकले आइतबार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो।

पोखराको अमरसिंह चोकस्थित खेलमैदानमा ११ माघसम्म हुने महोत्सवको उत्पादन रवि एन्ड सन्नी इन्डस्ट्रिज प्रालि तथा प्रायोजन बेटरले गरेको छ।

महोत्सवको सहप्रायोजकमा सिटिजन फर्निचर, प्रायोजकहरूमा बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेड, डियर वाक पोखरा स्कुल, ओमोडा जेको, हिमश्री फुड्सको उत्पादन रारा तैयारी चाउचाउ, भिजन लिंक एजुकेसन कन्सल्टेन्सी, सिद्धि अटोपार्टस् एन्ड मोटरसाइकल वर्कसप, डिभ्योल मोबिल र पोखरा सेकुवाघर रहेका छन्।

आयोजक क्लबका अध्यक्ष लोकबहादुर थापाले महोत्सवबाट बचत भएको रकम हरेक वर्ष शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनको क्षेत्रमा खर्च गर्दै आएको बताए। १४औँ संस्करणबाट बचत रकम पोखरा २७ अर्चलेमा गरिब तथा जेहेनदार विद्यार्थीलाई आवासीय सुविधासहित निःशुल्क शिक्षा प्रदान गर्ने उद्देश्यसहित क्लबले निर्माण गर्दै गरेको युनाइटेड आवासीय छात्रावासमा खर्च गर्ने जानकारी दिए।

२० कोठासहितको भवन निर्माण गर्ने योजनाअनुसार हाल तीन कोठाको भवन तयार भइसकेको र आउँदो शैक्षिक सत्रदेखि छात्रावास सञ्चालनमा ल्याउने बताए। साथै, प्रवेश टिकटबाट प्रतिटिकट एक रुपैयाँ सेती नदी संरक्षणका लागि छुट्याउने उनले बताए। प्रचारप्रसार संयोजक दिनेश सुनारका अनुसार महोत्सवमा दुई सय ५० स्टल रहनेछन् भने दुई लाख ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान छ।

भलाकुसाः बहुउद्देश्यीय अभियान सहकारी संस्था लि.
चन्द्रागिरि न.पा., वडा नं.-१०, सतुंगल, काठमाडौंको

धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धि १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२/०९/२८, सोमबार)

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले आफ्नो तथा आफ्ना एका परिवारका सदस्यको नामको अचल सम्पत्ति (घर जग्गा) यस संस्थाको नाममा धितो राखी कर्जा लिई कर्जा लिंदा गरेको सहमती अनुसार यस संस्थामा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम हालसम्म नबुझाएको र बुझाउनको लागि बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बसेको हुँदा यस अघि मिति २०८२/०५/३१ गते तथा मिति २०८२/०७/१४, 'नयाँ पत्रिका' राष्ट्रिय दैनिकमा ३५ दिने सूचना २ पटक प्रकाशित गर्दा समेत यस सहकारीमा आई आफुले तिर्नु पर्ने साँवा ब्याजको केही रकम बुझाई महिना दिनको समय माग गरेकाले लिलामी स्थगित गरि थप समय प्रदान गरिएको र सो समय सकिएको महिनौं बित्दा समेत बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बसेको हुँदा तपसिलमा उल्लेख गरेका ऋणी सदस्यको नाममा पुनः यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरीएको छ।

कथंकदाचितः ऋणीले उल्लेखित म्याद भित्र पनि साँवा, ब्याज, हर्जाना तथा किस्ताको रकम दाखिला नगरेमा यो सूचना प्रकाशित भएको मितिले १६औं दिन देखि यस संस्थाले ऋणीहरुसंग बाँकी लेना रकम असुल उपर गर्न संस्था सँग भएको शर्त कबुलियत, तमसुक बमोजिम कर्जा लिंदा धितो स्वरुप यस संस्थाको नाममा राखेको तपशिलका अचल सम्पत्ति (घर जग्गा), घर जग्गा सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ। साथै यस सहकारीमा धितोमा रहेका उल्लेखित अचल सम्पत्ति (घर जग्गा) तपसिलमा उल्लेखित मिति र समयमा लिलाम बढाबढ हुने हुँदा उक्त लिलाम बढाबढमा भाग लिई लिलाम सकार गरी लिन ईच्छुक सर्वसाधारणहरु तथा संस्थाहरुलाई समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

तपशिल

धितोको रुपमा रहेका अचल सम्पत्ति, ऋणी तथा ऋणको बिवरण :

सि.नं.	ऋणीको विवरण नाम,थर र ठेगाना	फोटो	धितोमा रहेको सम्पत्तिको विवरण	धन जमानी दिने व्यक्तिको विवरण	तिर्न बाँकी साँवा, ब्याज, हर्जानाको विवरण
१.	नामः सूर्य बहादुर महर्जन बाबु : नन्द बहादुर महर्जन बाजेः रत्न बहादुर महर्जन ठेगानाः का.जि.चन्द्रागिरि नगरपालिका वडा नं. १०(साविक सतुंगल, वडा नः ०८) ना.प्र.नं.१८०४७		श्री सूर्य बहादुर महर्जन को नाममा दर्ता रहेको जग्गा का.जि.सतुंगल गा.वि.स. वडा नं.४ख कि.नं. ११६ क्षे.फ. ०-११-२-० जग्गा साथै का.जि. सतुंगल गा.वि.स. वडा नं.८ कि.नं ५१ क्षे.फ.१६.२० वर्ग मि. जग्गा र सो जग्गामा रहेको चर्चेको सम्पूर्ण लिगलिगापात समेत मात्र।	ऋणी सूर्य बहादुर महर्जनको एकाघरको श्रीमती सक्कली महर्जन तथा मित्र राजकुमार योञ्जन	साँवा,ब्याज,हर्जाना समेत गरी जम्मा बाँकी रहेको रु : २,६८,४०,८३०/-
२.	नामः देवकृष्ण महर्जन बाबुः देवलाल महर्जन बाजेः बाबु लाल महर्जन ठेगानाः साविक काठमाडौ.जिल्ला चन्द्रागिरि न.पा.वडा नं. १० ना.प्र.नं.२३२७७		ऋणी देवकृष्ण महर्जन नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गा का.जि.सतुंगल गा.वि.स.वडा नं. ६ कि.नं. १९ क्षेत्रफल १९०.७७ वर्ग.मि.जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत मात्रै।	ऋणी देवकृष्ण महर्जनको एकाघरको श्रीमति तारादेवी महर्जन	साँवा,ब्याज,हर्जाना समेत गरी जम्मा बाँकी रहेको रु : ३०,६६,६६५।-

लिलाम बिक्रीका शर्तहरु :

१ धितो बढाबढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबोल गरेको अंकको १०% ले हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ।
२. लिलाम बढाबढमा भाग लिने व्यक्ति/सँस्थाले लिलाम सकार गरेको मितिले ७ दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ र बाँकी रुपैया बुझाए पछि मात्र अचल सम्पत्ति नामसारीको प्रकृया अगाडी बढाईने छ।
३. तोकिएको दिनमा सार्वजनिक बिदा परे त्यसको लगत्तै सरकारी कार्यालय खोल्ने दिनमा लिलाम बढाबढ गरिने छ।
४. लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अङ्क बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।
५. लिलाम बिक्री हुने अचल सम्पत्ति सम्बन्धी कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस सँस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुने छ।
६. सहकारी ऐन, सहकारी नियमावली तथा संस्थाको बिनियम अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा कबोल गरेको रकम संस्थालाई चित्त बझ्दो नभएमा संस्थाले प्रचलित ऐन कानून बमोजिम उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ।
७. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयमले ब्यहोर्नु पर्नेछ। धितो नामसारी गर्दा लागेको सम्पूर्ण खर्चहरु लिलाम सकार गर्नेले ब्यहोर्नु पर्नेछ।
८. ऋणीको नाममा रहेको अन्य चल अचल सम्पत्ति समेतबाट बाँकी कर्जा रकम असुल उपर गरिने छ।
९. लिलाम बढाबढ यस संस्थाको कार्यालयमा मिति २०८२/१०/१३ गते दिनको ११ बजे बाट दिनको ४:०० सम्म हुनेछ।

नबिल बैंक लिमिटेड, काँडाघारी शाखा काठमाण्डौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/०९/२८)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/११/२० को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा काँडाघारी शाखा काठमाण्डौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ बमोजिम प्रदेश सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय मा मिति २०७९/०४/१५ प्रा.फ.र.नं.३-३३-३७४-१८/२०७८/७९ अन्तर्गत दर्ता भएको **युरिका वाइन शप**।
ठेगानाः भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा वडा नं. ०९: बोडे।

ऋणी फर्मका प्रोप्राइटरः
तेजमान विश्वकर्माको नाती, रोजमान विश्वकर्माको छोरा, रामेछाप जिल्ला उमाकुण्ड गा.वि.स.वडा नं.०२ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा वडा नं. ०७ बस्ने, ना.प्र.न. ८०२८० (जारी मितिः २०६३/०७/२७ स्थान रामेछाप), भएका **गणेश घताने**।

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरणः

१. तेजमान विश्वकर्माको नाती, रोजमान विश्वकर्माको छोरा, रामेछाप जिल्ला, बाम्ती गा.वि.स.वडा नं.०५ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा वडा नं. ०४ बस्ने, ना.प्र.न. ३९६०१ (जारी मितिः २०५५/०३/१७ स्थान रामेछाप), भएका **डम्बर बहादुर विश्वकर्मा**।
२. लक्ष्मण कामीकी छोरी, रोजमान विश्वकर्माकी बुहारी, गणेश घतानेकी श्रीमती, रामेछाप जिल्ला उमाकुण्ड गा.वि.स.वडा नं.०२ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा वडा नं. ०७ बस्ने, ना.प्र.नं. २१-०२-७४-००४७४ (जारी मितिः २०७४-०७-१६ स्थान रामेछाप) भएकी **उमा गहतराज घताने**।
३. नारायण बहादुर विश्वकर्माकी छोरी, रोजमान विश्वकर्माकी बुहारी, डम्बर बहादुर विश्वकर्माकी श्रीमती, रामेछाप जिल्ला, बाम्ती भण्डार गा.वि.स.वडा नं.०५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा.वडा नं. ०४ बस्ने, ना.प्र.नं. ५०२९३, (जारी मितिः २०६३-०७-२८,स्थान रामेछाप) भएकी **सरु विश्वकर्मा**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
रामेछाप जिल्ला, बाम्ती भण्डार गा.वि.स.वडा नं.०५ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा वडा नं. ०४ बस्ने, **सरु विश्वकर्मा** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका काठमाडौं जिल्ला डाँछी गा.वि.स.वडा नं.०३, नक्सा सिट नं.३ग मा अवस्थित कि.नं. ५८५ को क्षेत्रफल ०-४-२-०, रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा काँडाघारी शाखा काठमाण्डौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१०/१२ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा काँडाघारी शाखा काठमाण्डौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१०/१३ गते ३:०० बजे बैंकका **काँडाघारी शाखा काठमाण्डौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार वा काँडाघारी शाखा काठमाण्डौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

Government of Nepal
Department of Roads
Road Division Charikot

Invitation for Bids

(Notice No: 06-082/83)
Date of Publication: 2082-09-27 (2026-01-11)

1. **Road Division Charikot** invites Open Competitive Bidding (E-Bids only) from eligible bidders for the Road Maintenance Works under National Competitive Bidding as follows.

IFB No.	Contract no.	Description and location of works	Bid Security Amount, NRs.	Bid Document Fee (NRs)
06-082/83(1)	SRCTIP-DOR-WPM-RDCHT-NCB-49	Periodic Maintenance of Dhadkhola-Melamchi Road, F03002,Sindhupalchok (10.66 km to 22.5 km)11.84 km	26,00,000.00	10000.00

For detail, eligible bidders may visit **www.bolpatra.gov.np/egp**

Division Chief

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
सोमबार २८ पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ राष्ट्रिय लिग- २०८२

खेलाडी भित्र्याउने होडबाजीमा क्लबहरू

३० पुसदेखि सुरु हुने राष्ट्रिय लिग फुटबल प्रतियोगिताका लागि क्लबहरू धमाधम खेलाडी भित्र्याउँदै, यसअघिको 'ए' डिभिजन लिगमा संकटा क्लबबाट खेलेका राष्ट्रिय टोलीका मिडफिल्डर मनीष डाँगी योपटक एनआरटीमा आबद्ध

नयाँ पत्रिका

राष्ट्रिय लिग फुटबल प्रतियोगिता आगामी ३० पुसदेखि सुरु हुँदै छ। सहभागी १७ क्लबहरूले लिगका लागि खेलाडी अनुबन्ध गर्ने क्रमलाई तीव्रता दिएका छन्। न्युरोड टिम (एनआरटी)ले आइतबार राष्ट्रिय टोलीका मिडफिल्डर मनीष डाँगीलाई सम्झौता गरेको छ। राष्ट्रिय लिगअघि भएको मैत्रीपूर्ण खेलमा मनीषले एनआरटीको जर्सीमा प्रतिस्पर्धा गरेका छन्।

विभागीय टोली एपिएफ क्लबविरुद्ध १-१ को बराबरी हुँदा मनीषले एनआरटीका लागि गोल गरेका थिए। खेलको ३५औँ मिनेटमा मनीषले एनआरटीलाई १-० को अग्रता दिलाए। एपिएफका प्रदीप लामाले ४६औँ मिनेटमा १-१ बराबरी गोल फर्काए। घरेलु व्यावसायिक फुटबलमा मनीषले संकटा क्लबबाट ०७९/८० को सहिद स्मारक 'ए' डिभिजन लिग खेलेका थिए। उनले सहिद स्मारक 'ए' डिभिजन लिग च्याम्पियन मच्छिन्द्र क्लबबाट पनि खेलिसकेका छन्। उनले पछिल्लो समय नेपाल सुपर लिग (एनएसएल)मा बुटवल लुम्बिनीबाट खेलेका थिए। खालीबारी युवा क्लबबाट सहिद स्मारक 'सी' डिभिजन लिग खेलेर मनीषले सिधै राष्ट्रिय टोलीमा स्थान बनाएका हुन्। राष्ट्रिय टोलीमा आबद्ध युवामध्ये मनीष प्रतिभावान् खेलाडी हुन्। सन् २०२१ मा राष्ट्रिय टोलीबाट इराकविरुद्ध डेब्युको अवसर पाए।

मनीष सन् २०२१ को साफ च्याम्पियनसिपमा राष्ट्रिय टोलीका प्रमुख खेलाडी थिए। माल्दिभ्सविरुद्धको प्रतिस्पर्धामा उनले पहिलो अन्तर्राष्ट्रिय गोल गरेका थिए। सन् २०२२ मा नेपालले एएफसी यू-२३ एसियन कप छनोटमा सहभागिता जनाउँदा मनीषले आफ्नो स्थान पक्का पारे। यू-२३ टोलीमा उनले इन्डोनेसियाविरुद्ध डेब्यु गरेका थिए। यसैगरी, सन् २०२६ को फिफा विश्वकप छनोटमा लाओसविरुद्ध एक गोल गरेका थिए। उनले अहिलेसम्म राष्ट्रिय टोलीबाट ३९ खेलमा पाँच अन्तर्राष्ट्रिय गोल गरेका छन्।



● मनीष डाँगी

अञ्जनलाई भित्र्याउने तयारी

एनआरटी राष्ट्रिय लिगमा उपस्थिति दरिलो बनाउने योजनासहित अगाडि बढिरहेको छ। यसैक्रममा एनआरटीले घरेलु फुटबलकै अर्का चर्चित खेलाडी अञ्जन विष्टलाई अनुबन्धन गर्न तयारी थालेको छ। अञ्जन अहिले बंगलादेशको लिग खेलिरहेका छन्। राष्ट्रिय लिग सुरु हुनुअघि नै बंगलादेशको लिग सम्पन्न हुँदा उनी नेपाल फर्किनेछन्। एनआरटीले प्रशिक्षकमा जीवन सिन्केमान र व्यवस्थापकमा सुरेन्द्र श्रेष्ठलाई जिम्मेवारी दिएको छ।



यद्यपि, नेपालको राष्ट्रिय टोली, जापानलगायत एसियाली मुलुकका खेलाडी अनुबन्धको तयारीमा एनआरटी छ। राष्ट्रिय लिगमा सहिद स्मारक 'ए' डिभिजन लिगका १३ सहित एन्फा प्रेसिडेन्ट कपमा छनोट भएका चार टोलीले पनि प्रतिस्पर्धा गर्नेछन्।

रूपेश फ्रेन्ड्समा

घरेलु फुटबलका अनुभवी सेन्टर मिडफिल्डर रूपेश केसी फ्रेन्ड्स क्लबमा आबद्ध भएका छन्। अघिल्लो सहिद स्मारक 'ए' डिभिजन लिगमा उनले फ्रेन्ड्सबाटै प्रतिस्पर्धा गरेका थिए। त्यसयता उनी मोफसलमा आयोजना भएका विभिन्न गोल्डकप फुटबलमा भने श्री स्टारको जर्सीमा देखिएका थिए। उमेर समूह हुँदै राष्ट्रिय टोलीसम्म सहजै स्थान बनाएका रूपेश एन्फा एकेडेमीका उत्पादन हुन्।



करिअरमा उनले श्री स्टार र मनाङ मर्स्याङ्दीजस्ता क्लबबाट शीर्ष डिभिजन खेलिसकेका छन्। रूपेशसँगै गोलरक्षकमा मौसम, दीपेश घले, मिडफिल्डरमा प्रशान्त लक्सम, स्ट्राइकरमा आशिष चापागाईं र राजेश परियारलाई फ्रेन्ड्सले अनुबन्ध गरेको छ।

मिडफिल्डर प्रशान्तले उमेर समूहमा नेपालको प्रतिनिधित्व गर्दै आइरहेका छन्। पछिल्लोपटक उनले चाइनिज ताइपेईमा भएको एएफसी यू-२० एसियन कप छनोटमा नेपालको प्रतिनिधित्व गरेका थिए। सन् २०२३ मा काठमाडौंमा भएको साफ यू-१९ च्याम्पियनसिप, सन् २०२२ मा श्रीलंकामा भएको साफ यू-१७ च्याम्पियनसिप र भियतनाममा सम्पन्न एएफसी यू-१७ एसियन कप छनोटमा प्रशान्त नेपाली टोलीका प्रमुख खेलाडी थिए। यसैगरी, फ्रेन्ड्सले गोलरक्षको जिम्मेवारी मौसमलाई सुम्पिएको छ। मौसमले गत वर्षको जेठमा भएको सहिद स्मारक 'सी' डिभिजन लिगमा उत्कृष्ट प्रदर्शन गरेका थिए। 'सी' डिभिजनमा मौसमकै योगदानमा सुर्खेतको आरसी ३२ दोस्रो स्थानमा रहँदै 'बी' डिभिजनमा उक्लिएको थियो।

एपिएफमा सन्तोष

श्री स्टारसँगको विवाद सुल्झिएपछि 'ए' डिभिजन क्लबको हैसियत रक्षा गरेको विभागीय टोली नेपाल एपिएफले राष्ट्रिय लिगका लागि उदीयमान मिडफिल्डर सन्तोष खत्रीलाई भित्र्याएको छ। सन्तोषले गत वैशाखमा भएको तेस्रो नेपाल सुपर लिग (एनएसएल)मा च्याम्पियन ललितपुर सिटी एफसीको प्रतिनिधित्व गरेका थिए। ललितपुरले उपाधि रक्षा गर्दा सन्तोष प्रतियोगिताकै उदीयमान खेलाडी घोषित भएका थिए। दोस्रो नेपाल सुपर लिगमा उनले स्पोर्टिङ मेची दी इलामबाट खेलेका थिए। सन् २०२५ को सेप्टेम्बरमा ताजकिस्तानमा भएको एएफसी यू-२३ एसियन कप छनोटमा उनी नवीन न्यौपानेको नेतृत्वमा रहेको टोलीका प्रमुख खेलाडी थिए। तीन वर्षअघि सम्पन्न सहिद स्मारक 'ए' डिभिजन लिगमा उनले फ्रेन्ड्स क्लबबाट खेलेका थिए।



कुलदीपको नयाँ गन्तव्य सातदोबाटो

घरेलु फुटबलकै अनुभवी खेलाडी कुलदीप कार्कीले सातदोबाटो युवा क्लबबाट राष्ट्रिय लिगमा प्रतिस्पर्धा गर्नेछन्। गत वैशाखमा भएको तेस्रो नेपाल सुपर लिग (एनएसएल)मा उनले काठमाडौं रेजर्सको कप्तानी गरेका थिए। उनले पहिलो संस्करणमा चितवन एफसीबाट खेलेका थिए।



मंसिरमा भएको एन्फा प्रेसिडेन्ट लिगमा कुलदीपले चित्लाङ एफसीको प्रतिनिधित्व गरेका थिए। उनकै कप्तानीमा चित्लाङ टोली राष्ट्रिय लिगका लागि छनोट भयो। तीन वर्षअघिको 'ए' डिभिजन लिगमा उनले संकटाको कप्तानी गरेका थिए। सातदोबाटोले लिगका लागि सुरजजिउ ठकुरी, पासाङ लामा र स्ट्राइकर समीर तामाङलाई क्लबमा अनुबन्ध गरिसकेको छ। प्रशान्तले तीन वर्षअघि 'ए' डिभिजन लिगमा चर्च ब्वाइज युनाइटेडलाई विजेता बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। उनले दोस्रो नेपाल सुपर लिगमा झापा एफसी र तेस्रो संस्करणमा धनगढी एफसीबाट प्रतिस्पर्धा गरेका थिए।

अमेरिकाविरुद्धको अभ्यास खेलमा नेपाल चार विकेटले विजयी

आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटको पूर्वसन्ध्यामा आइतबार भएको अभ्यास खेलमा नेपालले अमेरिकालाई हरायो



नयाँ पत्रिका

राष्ट्रिय महिला टोलीले आइसिसी टी-२० विश्वकप ग्लोबल छनोटको पूर्वसन्ध्यामा आइतबार अमेरिकालाई अन्तिम अभ्यास खेलमा चार विकेटले पराजित गरेको छ। माथिल्लो मूलपानी मैदानमा पहिलो ब्याटिङ गरेको अमेरिकाले २० ओभरमा सात विकेट गुमाएर १५७ रन बनायो। प्रत्युत्तरमा नेपालले १९ ओभरमा ६ विकेट गुमाएर पूरा गऱ्यो। ग्लोबल छनोटअघि नेपालले अन्तिम अभ्यास खेलका रूपमा अमेरिकाविरुद्ध प्रतिस्पर्धा गरेको हो।

नेपालको जितमा सम्झना खड्काले अविजित ४९ रनको महत्त्वपूर्ण योगदान दिइन्। उपकप्तान पूजा महतोले ४३ रनको नटआउट इनिङ्स खेलिन्। यसैगरी, राष्ट्रिय टोलीमा पुनरागमन गरेकी काजल श्रेष्ठले २८ तथा कविता जोशीले १२ रन जोडेका थिए। अमेरिकाको बलिङमा तारा नोरिस र लेखा सेट्ठीले समान दुई विकेट लिए। अमेरिकाको ब्याटिङमा एला क्लारिजले ३९ तथा पूजा गनेसले २२ रनको योगदान दिए।

नेपालको बलिङमा मनीषा उपाध्यायले सर्वाधिक दुई विकेट लिइन्। कविता कुँवर, कविता जोशी, रिया शर्मा र रचना चौधरीले समान एक विकेट हात पारे। यसअघिका अभ्यास खेलमा नेपालले स्कटल्यान्ड र अमेरिकासँग हारको सामना गरेको थियो। सम्झनाले ३२ बलमा ६ चौका र दुई छक्का प्रहार गरेकी थिइन्। यसैगरी, पूजाले अविजित रहँदै २८ बलमा ६ चौका र एक छक्का हिर्काइन्। दोस्रो अभ्यास खेलमा नेपाल २७ रनले पराजित भएको थियो। अमेरिकासँग नेपालले दुई खेलमा समान जित र हार नतिजा निकाल्यो।

नेपाल समूह 'बी'मा

नेपाल क्रिकेट संघ (क्यान)ले पहिलोपटक ग्लोबल छनोट प्रतियोगिता आयोजना गर्न लागेको हो। क्यानले कीर्तिपुरको त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट तथा मूलपानीको माथिल्लो मैदानमा प्रतियोगिता गर्दै छ। नेपालका सबै खेल त्रिवि क्रिकेट मैदानमा राखिएको छ। क्यानले यसअघि नै इन्दु बर्माको कप्तानीमा नेपाली टोली घोषणा गरेको छ। नेपालको पहिलो खेल थाइल्यान्डविरुद्ध ४ माघमा रहेको छ। आयोजक नेपाल समूह 'बी'मा रहेको छ। नेपालले समूह चरणमा स्कटल्यान्ड, थाइल्यान्ड, जिम्बावे र नेदरल्यान्ड्ससँग प्रतिस्पर्धा गर्नेछ। छनोटमा १० राष्ट्र सहभागी छन्। सुपर सिक्सका शीर्ष चार टोलीले आगामी जुनमा इंग्ल्यान्डमा हुने आइसिसी महिला टी-२० विश्वकप खेल्नेछन्।

समूह 'ए'

बंगलादेश, आयरल्यान्ड, पपुवा न्युगिनी, नामिबिया, अमेरिका

समूह 'बी'

स्कटल्यान्ड, थाइल्यान्ड, जिम्बावे, नेदरल्यान्ड्स, नेपाल

नेपालको खेल

४ माघ	थाइल्यान्ड	त्रिवि मैदान
८ माघ	नेदरल्यान्ड्स	त्रिवि मैदान
१० माघ	जिम्बावे	त्रिवि मैदान
१२ माघ	स्कटल्यान्ड	त्रिवि मैदान

कबड्डी लिगको ड्राफ्टमा १८० खेलाडी

नयाँ पत्रिका

दोस्रो संस्करणको नेपाल कबड्डी लिग (एनकेएल)का लागि खेलाडीको ट्रायल्स भएको छ। ट्रायल्समा उत्कृष्ट प्रदर्शन गरेका १८० खेलाडी ड्राफ्टमा छनोट भएका छन्। नेपाली कबड्डीमा व्यावसायिक प्रतियोगिता सुरु गरेको एनकेएल आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टले दोस्रो सिजनका लागि दर्ता भएका ५१२ मध्ये प्राविधिक टोलीको छनोटका आधारमा १८० खेलाडी प्लेयर ट्रायल्समा सहभागी भएको जनाएको छ।

दुई दिनसम्म चलेको ट्रायल्सको पहिलो दिन आइतबार ९० खेलाडीले प्रतिस्पर्धा गरे। व्यक्तिगत रूपमा दर्ता भए पनि उनीहरूलाई टिममा विभाजन गर्दै कोर्टमा उतारिएको थियो। बाँकी ९० खेलाडीले दोस्रो दिन सोमबार आफ्नो कौशल प्रदर्शन गर्नेछन्।

खेलाडी ट्रायल्समा काठमाडौं माभरिक्सका मार्की तथा राष्ट्रिय पुरुष टोलीका कप्तान घनश्याम मगर, महिला टोलीकी कप्तान मानमति विष्ट, एनकेएल पहिलो सिजनको च्याम्पियन जनकपुर नाइट्सका प्रशिक्षक पार्वती राई र मार्की रामु टमाटासँगै विराटनगर ब्यान्डिसटका कप्तान कल्याण भुजेलको सक्रिय सभागिता रहेको छ।

ड्राफ्टमा स्थान बनाउनुपूर्व झापादेखि पश्चिम दाचुर्लासम्मका खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन्। प्राविधिक टोलीले खेलाडी ट्रायल्समा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई एनकेएल ड्राफ्टमा छनोट गर्ने एस्ट्रोनिक्स म्यानेजमेन्टका प्रमुख अमितकुमार बेगानीले बताए। फ्रेन्चाइजका आधारमा बनाइएका ६ सहरका ६ टोलीले ड्राफ्टमार्फत एनकेएल दोस्रो सिजनमा प्रतिस्पर्धा गर्ने टिम तयार पार्नेछन्। दोस्रो सिजनको तयारीलाई तीव्रता दिइएको छ। दोस्रो एनकेएलको तयारीमा एस्ट्रोनिक्स म्यानेजमेन्टले कबड्डीलाई ग्रासरुटबाटै विकास गर्ने प्रयासमा एनकेएल नेक्स्टजेन इन्टरस्कुल कबड्डी च्याम्पियनसिप पनि आयोजना गर्दै छ।

■ सेकाहा र दमक सेमिफाइनलमा



संखुवासभामा/ खाँदबारी रंगशालामा चलिरहेको तेस्रो तीनपोखरी कप आमन्त्रित पुरुष फुटबल प्रतियोगितामा सेकाहा क्लब र चुलाचुली क्लब दमक सेमिफाइनलमा प्रवेश गरेको छ। प्रतियोगिताको पहिलो खेलमा खाँदबारी युथमाथि आइतबार १-० को जित निकाली चुलाचुली अन्तिम चारमा पुगेको हो। दोस्रो खेलमा सेकाहाले युथ क्लब उदयपुरलाई ३-० ले पाखा लगायो। सोमबार मकालु फ्रेन्ड्स र चुलाचुली स्पोर्टिङ क्लब दमकबिच खेल हुने आयोजकले जनाएको छ। प्रतियोगिताको विजेताले दुई लाख ५१ हजार र उपविजेताले एक लाख २१ हजार रुपैयाँ पाउनेछन्। विधागत उत्कृष्ट खेलाडीलाई सम्मान गरिनेछ।

खेल संक्षेप

करौंतेकी सानुमाया सम्मानित

काठमाडौं/ कमला कार्की स्मृति प्रतिष्ठानले करौंते खेलाडी सानुमाया थिङलाई नगदसहित सम्मान गरेको छ। चन्द्रागिरि नगरपालिकासँगै राष्ट्रको गौरव बढाउन महत्वपूर्ण योगदान गरेको जनाउँदै कमला स्मृतिले आइतबार सानुमायालाई सम्मान गरेको हो। विश्व करौंते च्याम्पियनसिपमा छनोट हुँदै प्रतिस्पर्धा गरेकी काता खेलाडी सानुमायाले दक्षिण एसियाली करौंते च्याम्पियनसिप, एसिया प्यासिफिक करौंते च्याम्पियनसिपलगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेकी छिन्। प्रतिष्ठानले विगतमा भलिबलका सलिना श्रेष्ठ, प्रतिभा माली र रेश्मा भण्डारी, बक्सिङकी ललिता महर्जन, करौंतेकी अञ्जली महर्जनलगायतलाई सम्मान गरेको थियो। सम्मानित खेलाडीलाई प्रतिष्ठानका अध्यक्ष मोहनकुमार कार्कीलगायतले १५ हजार रुपैयाँ प्रदान गरेका हुन्। यसैबिच, संस्था सम्मानतर्फ सिर्जनशील अपांग पुनर्स्थापना तथा विशेष शिक्षा विद्यालयलाई एक लाख रुपैयाँ प्रदान गरिएको थियो।



तेक्वान्दोमा ढल्को टिम च्याम्पियन

काठमाडौं/ काठमाडौंको ढल्को तेक्वान्दो डोजाङ बागमती प्रदेशस्तरीय खुला तेक्वान्दो लिगमा आइतबार टिम च्याम्पियन बनेको छ। ढल्कोले सर्वाधिक सात स्वर्ण र एक रजत जित्यो। कागेश्वरी मनोहरा नगरपालिकाको आयोजनामा भएको प्रतियोगितामा दुई स्वर्ण, तीन रजत र दुई कांस्यसाथ नुवाकोटको पोखरी तेक्वान्दो डोजाङ दोस्रो भएको छ। तेस्रो भएको काठमाडौंको लैनचौर तेक्वान्दो डोजाङले दुई स्वर्ण, एक रजत र दुई कांस्य हात पारेको छ। पुरुषमा ढल्कोका अर्पण लामा र महिलामा काठमाडौंका वेस्ट डिभिजनकी स्मारिका शाही ठकुरी उत्कृष्ट खेलाडी घोषित भए। दुई दिनसम्म चलेको लिगमा २२७ खेलाडीले विभिन्न २० स्पर्धामा प्रतिस्पर्धा गरेका थिए। लिगमा हरेक तौल समूहमा पहिलो हुनेलाई १०, दोस्रोलाई ७ र तेस्रोलाई ३ अंक प्रदान गरिएको थियो।

न्यु एरा र न्युटनलाई उपाधि

काठमाडौं/ न्यु एरा एकेडेमी र न्युटनले आठौं ओप्स खेलकुद महोत्सवमा उपाधि जितेका छन्। खेलकुद महोत्सवको अन्तिम दिन आइतबार न्यु एरा सिनियर पुरुष फुटसल र न्युटन पुरुष भलिबलमा च्याम्पियन बनेका हुन्। पुरुष फुटसल फाइनलमा न्यु एराले न्युटनलाई ३-१ ले पराजित गऱ्यो। न्यु एराका पेम्बा तामाङले दुई गोल गरेका थिए। १६ टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए। १२ टोली सहभागी महिला फुटबलको उपाधि हिमरश्मिले जितेको थियो। खेलकुद महोत्वसअन्तर्गत पुरुष भलिबलको फाइनलमा न्युटनले हिमरश्मिलाई ३-२ को सेटमा पाखा लगायो। सेक्रेड हार्टले सेबलाई ३-० ले हराउँदै तेस्रो स्थान रक्षा गऱ्यो। एथलेटिक्समा कौशल तथा ब्याडमिन्टनमा हिमरश्मि च्याम्पियन बनेका थिए।

केएमसीको सहज जित

काठमाडौं/ आयोजक केएमसी स्कुलले पाँचौं केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलामा घरेलु कोर्टमा आइतबार केएमसीले गोल्डेन फूलावरलाई ३२-१८ ले पराजित गऱ्यो। केएमसीकी आकृशा घिमिरेले २० स्कोरको योगदान गरिन्। सिनियर महिलामा चेल्सीले बाल दीक्षा सदनलाई ४३-२० ले हरायो। सिनियर पुरुषमा बाल दीक्षा सदनले आयोजक केएमसी 'ए'लाई ३६-१९ ले पाखा लगायो। माइलस्टोनले नेपाल सेन्ट्रलमाथि २७-२० को जित निकाल्यो। जुनियर पुरुषमा इडेन ब्रिज एकेडेमी (इबिए)ले हिमालीलाई २७-१६ ले हराएको छ। ग्रिनफिल्डले मानांकलाई २०-१२ र ग्रिन लन्सले ह्वाइटफिल्डलाई ३१-१६ ले हराए। यसैगरी, सनसाइनले नेपाल सेन्ट्रललाई २२-१० ले पाखा लगायो। ३ माघसम्म चल्ने प्रतियोगिताको सिनियर पुरुष र जुनियरमा समान १२ टोलीले भाग लिइरहेका छन्। सिनियर महिलामा आठ टोली छन्।



सचिन तेन्दुलकरपछि विराट कोहली समग्रमा अन्तर्राष्ट्रिय क्रिकेटमा धेरै रन बनाउने सूचीको दोस्रो स्थानमा उक्लिए। उनले श्रीलंकाका पूर्वकप्तान कुमार सांगाकारालाई पछि पारे।

सर्वाधिक रन बनाउने सूचीको दोस्रो स्थानमा कोहली

एजेन्सी

भारतका पूर्वकप्तान विराट कोहली आइतबार न्युजिल्यान्डविरुद्ध ३७ रन बनाएपछि समग्रमा धेरै अन्तर्राष्ट्रिय रन बनाउने दोस्रो ब्याट्समयान बनेका छन्। यसअघि सो स्थानमा श्रीलंकाका बायाँहाते खेलाडी कुमार सांगाकार थिए। उनले २८ हजार १६ रन बनाएका थिए। कोहलीले न्युजिल्यान्डविरुद्ध आवश्यक रन जोड्दै सांगाकारालाई पछि पारे। शीर्ष स्थानमा भारतका सचिन तेन्दुलकर छन्। उनले ३४ हजार ३५७ रन जोडेका छन्। टेस्ट, एकदिवसीय र टी-२० आई खेलमा बनेका समग्र रन जोडिएको हो। कोहली लगातार १७ वर्ष अन्तर्राष्ट्रिय क्रिकेटमा सक्रिय छन्। उनले अहिलेसम्म तीनवटै फर्म्याटमा गरी ५५६ खेल खेलेका छन्। ६२३ मध्ये उनले ९१ इनिङ्स नटआउट खेले। कोहलीले करिअरमा ८४ शतक तथा १४६ अर्धशतकीय इनिङ्स खेलेका छन्। यसक्रममा उनी ४० पटक शून्य रनमा आउट भए। कोहलीले आफ्नो करिअरमा दुई हजार ७५२ चौका र ३१८ छक्का प्रहार गरेका छन्। शीर्ष स्थानमा रहेका सचिनले २२ वर्षे अन्तर्राष्ट्रिय क्रिकेटमा ६६४ खेल खेले। ७८२ इनिङ्स खेल्दा उनी ७४ पटक शून्यमा आउट भए। सचिनले सर्वाधिक ३४ हजार ३५७ रन जोडेका छन्। उनले कीर्तिमानी रूपमा सय अन्तर्राष्ट्रिय शतक बनाएका छन्। यसैगरी १६४ अर्धशतक बनाएका सचिनले चार हजार ७४ चौका तथा २६४ छक्का प्रहार गरे। सचिनले सन् २०१३ मा अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका थिए।

सर्वाधिक अन्तर्राष्ट्रिय रन

खेलाडी	खेल	रन	शतक	अर्धशतक
सचिन तेन्दुलकर (भारत)	६६४	३४३५७	१००	१६४
विराट कोहली (भारत)	५५७	२८०६८	८४	१४६
कुमार सांगाकारा (श्रीलंका)	५९४	२८०१६	६३	१५३
रिकी पोन्टिङ (अस्ट्रेलिया)	५६०	२७४८३	७१	१४६
महेला जयवर्द्धने (श्रीलंका)	६५२	२५९५७	५४	१३६
ज्याक कालिस (द.अफ्रिका)	५१९	२५५३४	६२	१४९
राहुल द्रविड (भारत)	५०९	२४२०४	४८	१४६
ब्रायन लारा (वेस्ट इन्डिज)	४३०	२२३५८	५३	१११
जोए रुट (इंग्ल्यान्ड)	३८१	२२१६६	६०	११४
सनथ जयसूर्या (श्रीलंका)	५८६	२१०३२	४२	१०३
शिवनारायण (वेस्ट इन्डिज)	५८६	२१०३२	४१	१२५

अस्ट्रेलियाका पोन्टिङ चौथो स्थानमा

श्रीलंकाका पूर्वकप्तान सांगाकाराले सन् २०१५ मा क्रिकेटबाट सन्न्यासको घोषणा गरेका थिए। उनले १५ वर्षको अन्तर्राष्ट्रिय करिअरमा ५९४ खेल खेल्दै २८ हजार १६ रन जोडेका थिए। यसक्रममा उनले ६३ शतक तथा १५३ अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले आफ्नो करिअरमा तीन हजार १५ चौका र १५९ छक्का प्रहार गरेका थिए।

अन्तर्राष्ट्रिय क्रिकेटमा धेरै रन बनाउने सूचीको चौथो स्थानमा अस्ट्रेलियाका पूर्वकप्तान रिकी पोन्टिङ छन्। उनले १७ वर्ष अस्ट्रेलियन टोलीबाट खेल्दा ५६० खेलमा २७ हजार ४८३ रन जोडेका थिए। पोन्टिङले ६६८ इनिङ्समा ७१ शतक तथा १४६ अर्धशतक जोडेका थिए। यसैगरी श्रीलंकाकै पूर्वकप्तान महेला जयवर्द्धनले १८ वर्षको अन्तर्राष्ट्रिय करिअरमा २५ हजार ९५७ रन जोडेका थिए। उनले ६५२ खेलमा ५४ शतक तथा १३६ अर्धशतकीय इनिङ्स खेलेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com